# राष्ट्रिय सामाजिक पार्टी

## विधान- २०८३

बिधानको नाम : राष्ट्रिय सामाजिक पाटी - २०८३

प्रकाशक : राष्ट्रिय सामाजिक पाटी, केन्द्रीय कार्यालय

संस्करण : पहिलो

मुद्रित प्रति :

प्रकाशन मिति :

मूल्य :

# विषय-सूची


| | |
|---|---|
| प्रस्तावना | ५ |
| भाग एक प्रारम्भ | ९ |
| भाग दुई सदस्यता | ११ |
| भाग तीन संगठनात्मक संरचना | १६ |
| भाग चार पार्टीको प्रदेस स्तरीय संगठनात्मक संरचना | ३३ |
| भाग पाँच पार्टीको जिल्ला स्तरीय संगठनात्मक संरचना | ४२ |
| भाग छ पार्टीका पालीका स्तरीय संगठनात्मक संरचना | ५२ |
| भाग सात निर्वाचन, योग्यता, पदरिक्तता, पदपुर्ती र मनोनयन | ७४ |
| भाग आठ संसदिय दल/पालिकासभा दल | ८१ |
| भाग नौं लोकतान्त्रिक, समाजतान्त्रिक बिधि र अनुसासनको पालना | ८३ |
| भाग दस पार्टीको सम्पत्ती/कोष | ८७ |
| भाग एघार अन्य विविध | ९० |
| अनुसूची- १ पार्टीको झण्डा | ९८ |
| अनुसूची- २ पार्टीको प्रतिक/छाप | ९९ |
| अनुसूची-३ पार्टीको चुनाव चिन्ह | १०० |
| अनुसूची-४ सदस्यले लिने शपथग्रहणको ब्यहोरा | १०१ |
| अनुसूची-५ पदाशिन हुदा लिने शपथग्रणको ब्यहोरा | १०२ |

## प्रस्तावना

नेपाल केवल ढुङ्गा र माटोले कोरिएको कुनै निर्जीव नक्सा होइन यो त हाम्रा पुर्खाहरूको रगत, पसिना, सभ्यता, सङ्घर्ष र बलिदानले सिञ्चिएको एउटा जीवित आत्मा हो। हजारौँ वर्षको इतिहास, विविध संस्कृति, भाषा, धर्म, भूगोल र सभ्यताको अनुपम समिश्रणले नेपाली राष्ट्रको विशिष्ट पहिचान निर्माण गरेको छ। हिमाल, पहाड र तराईको अद्वितीय भौगोलिक विविधता, बहुजातीय तथा बहुसांस्कृतिक सामाजिक संरचना, सहिष्णु धार्मिक परम्परा र अनेकताभित्रको एकताले हाम्रो राष्ट्रिय अस्तित्वलाई जीवन्त राखेको छ। यही मौलिकता नेपालको शक्ति, सम्पत्ति र भविष्यको आधार हो।

तर आज हाम्रो राष्ट्र गम्भीर चुनौतीहरूको सामना गरिरहेको छ। हिमालको गौरव लुटिँदै छ, पहाडको स्वाभिमान बेचिँदै छ, तराईको उर्वर छाती चिरिँदै छ, अनि हाम्रो राष्ट्रियताको आत्मा, अनेकताभित्रको एकता, बिस्तारै  कमजोर बन्दै गएको अनुभूति भइरहेको छ। यही संकटग्रस्त मौलिकता, स्वाभिमान र राष्ट्रिय गौरवको पुनर्स्थापना आजको सबैभन्दा ठूलो आवश्यकता बनेको छ।

आज त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दैनिक रूपमा विदेशिने युवाहरूका आँसु, रातो बाकसभित्र फर्कने नेपाली छोराछोरीका शव, र बस्ती रित्तिँदै उजाड बन्दै गएका गाउँहरूले राष्ट्रको यथार्थलाई गम्भीर प्रश्न गरिरहेका छन्। केवल खोक्रो आर्थिक वृद्धि, वैदेशिक ऋणका तथ्याङ्क वा कागजी विकासले राष्ट्र महान् बन्न सक्दैन। राष्ट्रको समृद्धि केवल आर्थिक वृद्धिबाट मात्र सम्भव हुँदैन; वास्तवमा आर्थिक विकास र समृद्धिको आधार सामाजिक न्याय, मानव मर्यादा, राष्ट्रिय एकता, वैज्ञानिक चेतना, समाजतान्त्रिक मूल्य, लोकतान्त्रिक संस्कार, जिम्मेवारीपूर्ण नागरिक, पूर्ण रोजगारीको सुनिश्चितता, मर्यादित तथा उत्तरदायी स्वतन्त्रता र सुशासनको सुदृढ समन्वयमा निहित हुन्छ।

जबसम्म सीमान्तकृत नागरिकका झुपडीमा सामाजिक न्यायको घाम पुग्दैन, जबसम्म श्रमिकको पसिनाले उचित मूल्य पाउँदैन, जबसम्म प्रत्येक नागरिकले शिक्षा, स्वास्थ्य, रोजगारी र सम्मानजनक जीवनको अवसर प्राप्त गर्दैन, तबसम्म विकास केवल भ्रम मात्र रहन्छ। विकास त्यतिबेला मात्र दिगो, न्यायपूर्ण र जनमुखी बन्न सक्छ, जब त्यो राष्ट्रको आफ्नै इतिहास, भूगोल, संस्कृति, सामाजिक संरचना, आर्थिक यथार्थ र जनताको जीवनशैलीसँग मेल खान्छ। नेपाली माटो, नेपाली समाज, नेपाली संस्कृति र नेपाली आवश्यकताबाट निर्देशित विकास नै नेपालको समृद्धिको सही मार्ग हो भन्ने हाम्रो विश्वास छ।

यसै यथार्थको धरातलमा उभिएर राष्ट्रिय सामाजिक पार्टी (एकता) ले मानवकेन्द्रित सामाजिक राष्ट्रवादलाई आफ्नो मूल दार्शनिक आधारका रूपमा अंगीकार गरेको छ। हाम्रो विचारमा राष्ट्र केवल राजनीतिक सीमारेखा वा राज्यसत्ताको संरचना मात्र होइन; राष्ट्र भनेको साझा इतिहास, साझा संस्कृति, साझा जिम्मेवारी र साझा भविष्यको जीवन्त अभिव्यक्ति हो। नागरिकको सम्मान, सुरक्षा, समृद्धि र अवसर सुनिश्चित नगरी राष्ट्र बलियो हुन सक्दैन, र बलियो राष्ट्रबिना नागरिकको भविष्य पनि सुरक्षित हुन सक्दैन।

राष्ट्रिय सामाजिक पार्टी (एकता) समाजतन्त्रलाई वर्गसंघर्षको माध्यमका रूपमा होइन, वर्ग समन्वय, सामाजिक न्याय, समान अवसर, श्रमको सम्मान, सामाजिक सुरक्षा र मानव मर्यादाको आधारका रूपमा स्वीकार गर्दछ। किसान, मजदुर, कर्मचारी, उद्यमी, व्यवसायी, सहकारी क्षेत्र तथा बुद्धिजीवी वर्ग राष्ट्र निर्माणका परस्पर पूरक शक्ति हुन् भन्ने हाम्रो विश्वास छ। समाजको प्रगति द्वन्द्वबाट होइन, सहकार्य, समन्वय र साझा उत्तरदायित्वबाट सम्भव हुन्छ।

पार्टीले वर्ग समन्वयको सिद्धान्त अनुरूप नियन्त्रित अर्थतन्त्रको अवधारणालाई अवलम्बन गर्दछ, जहाँ राज्यले राष्ट्रिय हित, सामाजिक न्याय र आर्थिक सन्तुलनको संरक्षकको भूमिका निर्वाह गर्दछ। निजी क्षेत्रलाई उत्पादन, लगानी र नवप्रवर्तनको अवसर प्रदान गरिनेछ, सहकारी क्षेत्रलाई सामूहिक समृद्धिको माध्यमका रूपमा विकास गरिनेछ, र श्रमिक तथा उत्पादक वर्गको अधिकार सुनिश्चित गरिनेछ। अर्थतन्त्रको उद्देश्य सीमित व्यक्तिको सम्पत्ति वृद्धि नभई सम्पूर्ण नागरिकको समृद्धि, पूर्ण रोजगारी, उत्पादन वृद्धि र राष्ट्रको आत्मनिर्भरता हुनेछ।

राष्ट्रको सम्पत्ति, अवसर र विकासका प्रतिफलहरू सीमित समूहमा केन्द्रित नभई सम्पूर्ण नागरिकसम्म न्यायपूर्ण रूपमा पुग्नुपर्छ भन्ने मान्यता पार्टीको मूल आधार हो। प्रत्येक नागरिकले शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा र सम्मानजनक जीवनको अवसर प्राप्त गर्नुपर्छ। उत्पादनमा प्रोत्साहन, वितरणमा न्याय, श्रमको सम्मान र राष्ट्रिय हितमा नियमन हाम्रो आर्थिक दर्शनको मूल आधार हुनेछ।

हामी स्वतन्त्रतालाई समजतन्त्र, लोकतन्त्रको आधार मान्छौँ, तर स्वतन्त्रता असीमित वा अराजक हुन सक्दैन भन्ने विश्वास राख्छौँ। मर्यादित, जिम्मेवारी पूर्ण स्वतन्त्रता सामाजिक राष्ट्रवादको महत्वपूर्ण आधार हो, जहाँ व्यक्तिको अधिकारको सम्मान गरिन्छ तर त्यसको प्रयोग समाज, राष्ट्र र अरू नागरिकको अधिकारप्रति उत्तरदायी ढङ्गले हुनुपर्छ। अधिकार र कर्तव्य, स्वतन्त्रता र जिम्मेवारी तथा व्यक्ति र राष्ट्रबीचको सन्तुलन नै सभ्य समाजको आधार हो।

राष्ट्रिय सामाजिक पार्टी (एकता) नेपालको भौगोलिक विविधता, प्राकृतिक स्रोतसाधन, कृषि सम्भावना, जलस्रोत, पर्यटन, उद्योग, विज्ञान तथा प्रविधिलाई राष्ट्र निर्माणका प्रमुख आधारका रूपमा उपयोग गर्दै पूर्ण रोजगारीमुखी, उत्पादनमुखी र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न प्रतिबद्ध छ। पार्टीका अनुसार प्रत्येक नागरिकलाई सम्मानजनक रोजगारीको अवसर उपलब्ध गराउनु राज्यको प्रमुख दायित्व हो। बेरोजगारी केवल आर्थिक समस्या मात्र नभई सामाजिक असमानता, गरिबी र राष्ट्रिय कमजोरीको कारण पनि हो।

हामी विकासलाई केवल भौतिक पूर्वाधारको विस्तारमा सीमित नराखी मानव विकास, सांस्कृतिक संरक्षण, सामाजिक सद्भाव, वातावरणीय सन्तुलन, नैतिक नेतृत्व र सुशासनसँग जोडेर हेर्छौं। सामाजिक न्याय र राष्ट्रिय स्वाभिमानलाई हामी परस्पर विरोधी होइन, एकअर्काका पूरक शक्तिका रूपमा स्वीकार गर्दछौँ।

राष्ट्रिय सामाजिक पार्टी (एकता) तथ्यपूर्ण प्रेस स्वतन्त्रतालाई समजतन्त्र,लोकतन्त्र, सामाजिक न्याय र राष्ट्रिय उत्तरदायित्वको आधारभूत स्तम्भका रूपमा स्वीकार गर्दछ। हाम्रो विश्वास छ कि प्रेस स्वतन्त्रता समजतन्त्र, लोकतन्त्रको आत्मा हो, तर त्यो स्वतन्त्रता सत्य, तथ्य, व्यावसायिक नैतिकता, सामाजिक उत्तरदायित्व र राष्ट्रिय हितप्रति प्रतिबद्ध हुनुपर्छ।

सामाजिक राष्ट्रवादको दृष्टिकोण अनुसार सञ्चारमाध्यम केवल सूचना प्रवाहको साधन मात्र होइन, राष्ट्र निर्माण, सामाजिक चेतना, नागरिक सशक्तीकरण र राष्ट्रिय एकताको महत्वपूर्ण माध्यम हो। त्यसैले सञ्चारमाध्यमले सत्य र तथ्यमा आधारित सूचना सम्प्रेषण गर्दै समाजमा सकारात्मक बहस, जनजागरण र उत्तरदायी नागरिक संस्कृतिको विकास गर्नुपर्छ।

समाजतान्त्रिक आधारमा सञ्चार क्षेत्र सीमित आर्थिक, राजनीतिक वा बाह्य स्वार्थ समूहहरूको नियन्त्रणमा केन्द्रित हुनु हुँदैन। सञ्चारमाध्यमले सम्पूर्ण नागरिक, श्रमिक, किसान, युवा, महिला, उद्यमी तथा समाजका सबै वर्गको आवाजलाई समान अवसर प्रदान गर्नुपर्छ। सूचना र सञ्चारको पहुँच सबै नागरिकका लागि समान रूपमा सुनिश्चित गरिनुपर्छ।

हामी तथ्यपूर्ण प्रेस स्वतन्त्रताको पूर्ण संरक्षण गर्दै पत्रकारको पेशागत स्वतन्त्रता, नागरिकको सूचनाको अधिकार र सञ्चारमाध्यमको स्वतन्त्र अस्तित्व सुनिश्चित गर्न प्रतिबद्ध छौं। स्वतन्त्र, निष्पक्ष र तथ्यमा आधारित सञ्चारमाध्यम समजतन्त्र, लोकतन्त्र, सुशासन, सामाजिक न्याय र जनउत्तरदायित्वका महत्वपूर्ण आधार हुन् भन्ने हाम्रो विश्वास छ।

राष्ट्रिय सामाजिक पार्टी (एकता) शिक्षा, स्वास्थ्य र खेलकुदलाई मानव विकास तथा राष्ट्र निर्माणका आधारभूत स्तम्भका रूपमा स्वीकार गर्दछ। हाम्रो विश्वास छ कि शिक्षित, स्वस्थ, अनुशासित, सीपयुक्त र राष्ट्रप्रति समर्पित नागरिक नै समृद्ध राष्ट्रको वास्तविक शक्ति हुन्। त्यसैले शिक्षा, स्वास्थ्य र खेलकुदलाई व्यापार वा विशेषाधिकारको विषय नभई प्रत्येक नागरिकको मौलिक अधिकार तथा राज्यको प्रमुख दायित्वका रूपमा स्थापित गरिनुपर्छ।

पार्टीको लक्ष्य गुणस्तरीय, वैज्ञानिक, रोजगारमुखी तथा राष्ट्रप्रेममा आधारित शिक्षाको विकास, सर्वसुलभ र प्रभावकारी स्वास्थ्य सेवाको सुनिश्चितता तथा खेलकुदमार्फत स्वस्थ, अनुशासित र प्रतिस्पर्धी समाजको निर्माण गर्नु हो। आर्थिक अवस्था, भौगोलिक अवस्था वा सामाजिक पृष्ठभूमिका कारण कुनै पनि नागरिक शिक्षा, स्वास्थ्य र खेलकुदको अवसरबाट वञ्चित हुनुहुँदैन भन्ने हाम्रो मान्यता छ।

राष्ट्रिय सामाजिक पार्टी (एकता) दीर्घकालीन रूपमा आधारभूतदेखि उच्च शिक्षासम्म निःशुल्क तथा गुणस्तरीय शिक्षा, आधारभूतदेखि विशिष्टीकृत स्वास्थ्य सेवासम्म निःशुल्क र सर्वसुलभ पहुँच तथा प्रत्येक स्थानीय तहमा खेलकुद पूर्वाधार, प्रतिभा विकास र खेल संस्कृतिको विस्तारलाई राज्यको दायित्वका रूपमा स्थापित गर्न प्रतिबद्ध छ। मानव पूँजीमा गरिएको लगानीलाई राष्ट्रको सबैभन्दा ठूलो लगानी मान्दै पार्टीले शिक्षा, स्वास्थ्य, खेलकुद, अनुसन्धान र नवप्रवर्तनलाई राष्ट्रिय विकासको केन्द्रमा राख्नेछ।

नेपालको संविधानले परिकल्पना गरेको लोकतान्त्रिक मूल्य, सामाजिक न्याय, सुशासन, समृद्धि र राष्ट्रिय एकताको लक्ष्य प्राप्तिका लागि नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने दृढ संकल्पका साथ राष्ट्रिय सामाजिक पार्टी (एकता) स्थापना गरिएको हो। नेपाली माटो, नेपाली समाज, नेपाली संस्कृति र नेपाली आवश्यकतामा आधारित आधुनिक विकास मोडेल निर्माण गर्दै वर्ग समन्वयमा आधारित सामाजिक न्याय, मर्यादित,जिम्मेवारी पूर्ण स्वतन्त्रता, पूर्ण रोजगारी, निःशुल्क तथा गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा, खेलकुदको विकास, श्रमको सम्मान, आत्मनिर्भर तथा नियन्त्रित अर्थतन्त्र, वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनमार्फत समृद्ध, न्यायपूर्ण, आत्मनिर्भर र एकताबद्ध नेपाल निर्माण गर्नु यस पार्टीको मूल उद्देश्य हुनेछ।

राष्ट्रको स्वाभिमान, सामाजिक न्याय, नागरिकको सम्मान, श्रमको प्रतिष्ठा र साझा समृद्धिलाई मार्गदर्शक आदर्शका रूपमा आत्मसात गर्दै राष्ट्रिय सामाजिक पार्टी (एकता) संविधान, समजतन्त्र, लोकतन्त्र, मानव मर्यादा, सामाजिक उत्तरदायित्व र राष्ट्रिय हितप्रति प्रतिबद्ध रही नेपाली जनता र राष्ट्रको सर्वाङ्गीण विकासका लागि निरन्तर क्रियाशील रहनेछ।

यसै उद्देश्य र आदर्शलाई संस्थागत गर्दै नेपाली जनताको राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक तथा नैतिक उत्थानका लागि यो विधान जारी गरिएको छ।

भाग एक

## प्रारम्भ

**धारा- १. विधानकोसंक्षिप्त नाम प्रारम्भ :**

१. यस विधानको पुरा नाम राष्ट्रि समाजिक पार्टी एकता को विधान- २०७४ रहेको छ। यो विधान यससङ्गठनको निर्माण र सञ्चालनको मूल आधार हुनेछ।

२. यो विधान तुरुन्त प्रारम्भ हुनेछ।

**धारा- २.पार्टीको नाम :**

१. यस पार्टीको नाम राष्ट्रि समाजिक पार्टी रहनेछ। अङ्ग्रेजीमा National Societal Party भनिनेछ , नेपाली संक्षिप्तमा (रा.स.पा) र अङ्ग्रेजी संक्षिप्तमा RSP भनिनेछ।

२. यो विधान तुरुन्त प्रारम्भ हुनेछ।

**धारा- ३. परिभासा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा:

१. पार्टी भन्नाले राष्ट्रिय सामाजिक पार्टी भन्ने बुझिने छ।

२. विधान भन्नाले राष्ट्रिय सामाजिक पाटी को विधान प्रारम्भ देखी अहिले सम्मको लाई बुझाउनेछ ।

३. नियमावली भन्नाले राष्ट्रिय सामाजिक पाटी को प्रारम्भिक नियमावली लाई बुझिनेछ।

४. सदस्य भन्नाले यस विधानको धारा ८ बमोजिमका राष्ट्रिय सामाजिक पाटी सदस्यलाइ बुझाउनेछ।

५. संगठन भन्नाले राष्ट्रिय सामाजिक पार्टी संगठन भन्ने बुझिनेछ।

६. महाधिवेसन भन्नाले यस विधानबमोजिम आयोजना गरिने राष्ट्रिय महाधिवेसन बिधान महाधिवेसन र विशेष महाधिवेसन बुझिनेछ।

७. समिति भन्नाले राष्ट्रिय सामाजिक पार्टीका तहगत समितिहरुलाइ बुझिनेछ।

८. कार्यालय भन्नाले राष्ट्रिय सामाजिक पार्टीका तहगत कार्यालयलाई बुझाउनेछ ।

९. पदाधिकारी भन्नाले राष्ट्रिय सामाजिक पार्टीका तहगत समितिका अध्यक्ष, बरिष्ट उपाध्यक्ष, उपाध्यक्ष लगायत अन्य पदमा रहेका सदस्य बुझाउनेछ ।

१०. निकाय भन्नाले राष्ट्रिय सामाजिक पार्टीका तहगत समिति वा पार्टी संग सम्बन्धित संरचनाहरुलाई बुझाउनेछ ।

११. संसदिय दल भन्नाले विधानबमोजिम गठन हुने राष्ट्रिय सामाजिक पार्टीको संसदिय दललाइ बुझाउनेछ ।

**धारा- ४. पार्टीको झण्डा :**

यस पार्टीको झण्डा अनुसूची-१ बमोजिम हुनेछ ।

**धारा- ५. पार्टीको छाप :**

पार्टीको काम कार्बाहीका लागी छाप अनुसूची- २ मा उल्लेख भएबमोजिम हुनेछ ।

**धारा- ६. पार्टीको प्रतीक/चुनाव चिन्ह :**

यस पार्टीको आफ्नो छुट्टै प्रतीक चिह्न अनुसूची- ३ मा उल्लेख भएबमोजिम हुनेछ ।

## भाग दुइ

# सदस्यता

**धारा- ७. सदस्य :**

(क) राष्ट्रिय स्वतन्त्रता, अखण्डता, समाजिक एकता, सार्वभौमता, भौगोलिक अखण्डता, संवैधानिक सर्वोच्चता, सुशासन, न्यायिक सर्वोच्चता, भ्रष्टाचारप्रति असहनशीलता, समृद्धि, खर्च विहीन निवाचन प्रणाली, समाजिक(समाजले प्राप्तगरेका)मुल्य मान्यताप्रति प्रतिबद्ध भई पार्टीको सिद्धान्त र पार्टीको विधानलाई निःशर्तस्वीकार गरी पार्टीले तोके बमोजीमका प्रक्रिया पूरा गरेका र देहायबमोजिम योग्यता भयका नेपाली नागरिक पार्टी सदस्य हुन सक्नेछन् .

१. १८ वर्ष उमेर पूरा भएको र नेपाली नागरिकताको प्रमाण पत्र लियिको हुनुपर्ने छ ।

२. शैछिक योग्यता SLC/SEE अथवा सो सरह उत्त्रीण गरेको हुनूपर्ने । ( यो नियम कृयाशील सदस्यको हितमा मात्रै लागु हुनेछ )

३. नैतिकवान, स्वच्छ चरित्र र असल आचरण भएको ।

४. मानसिक सन्तुलन नगुमेको ।

५. भ्रष्टाचार, मानव बेचविखन तथा ओसार प्रसार, सम्पत्ति शुद्धिकरण, अपहरण, हत्या, जबरजस्ती करणी जस्ता अपराध र नैतिक पतन देखिने कुनै अभियोगमा सजाय पाएकोमा बाहेक अन्य फौजदारी आरोपमा सजाय नभोगिरहेको ।

६. प्रचलित कानुन अनुसार राजनीतिक दलको सदस्य हुन अयोग्य नठानियको ।

७. नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको स्वशासित संस्थाको बहालवाला प्रध्यापक, शिक्षक वा कर्मचारीको पदमा बहाल नरहेको ।

८. पाटीको सिद्धान्त, कार्यक्रमर नीतिप्रति प्रतिवद्धतथा विधानलाई निःशर्तस्वीकार गरी कार्यान्वयन गर्न तत्पर रहेको ।

९. उत्पादनमूलक, भ्रष्टाचार न्यूनीकरण, स्वरोजगार कार्यक्रममा संलग्न हुन र सामाजिक-आर्थिक परिवर्तनका क्रियाकलाप प्रती क्रियाशील हुन तत्पर ।

१०. राष्ट्रिय स्वतन्त्रता र अखण्डता, सार्वभौमसत्ता एवं भौगोलिक अखण्डताको रक्षाका लागि प्रतिबद्ध रहेका ।

**धारा- ८. सदस्यता प्राप्त गर्ने प्रक्रिया देहायबमोजिम हुनेछ :**

१. धारा- ७ (क) को योग्यता पुगेको व्यक्तिले आफू रहेको स्थानिय तहमा पार्टी कार्यालयमा वा अनलाइनको माध्यम बाट आवेदन दिन ।

३. जिल्लासमितिले वा सम्बन्धित निकायले व्यक्तिगत विवरणसहितकोधारा ७ (क) को योग्यता पुगे नपुगेको छानविन गरी तोकिएको शुल्क लिएर सुरुमा परीक्षणकालीन सदस्यता प्रदान गर्ने अभिलेख राख्ने र सङ्ख्यात्मक विवरण प्रदेश समिति वा केन्द्रीय विभागमा पठाउने ।

४. सदस्यताका सम्बन्धमा विवाद उत्पन्न भएमा सम्बन्धित स्थानको सदस्यता प्रदान गर्ने अधिकार प्राप्तसमितिले निर्णय गर्नेछ ।

५. सदस्यता नम्बर प्राप्त गरी अनुसूची- ४ को ढाँचामा शपथग्रहण गरेपछि पार्टी सदस्यता प्राप्त गरेको मानिनेछ ।

**धारा- ९. सदस्यता शुल्क र नवीकरण :**

सदस्यता तथा नवीकरण शुल्क पार्टीको नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

**धारा- १०. पार्टी सदस्यको परीक्षणकालीन अवधि र दायित्व :**

१. सदस्यको परीक्षणकाल देहायबमोजिम हुनेछ :

क. प्रतेक नया सदस्यका लागी परीक्षणकालीन अबधि ६ महिना हुनेछ ।

२. परीक्षणकालीन दायित्वदेहायबमोजिम हुनेछ :

क. परीक्षणकालीन सदस्यता प्राप्त गर्नो ब्यत्ति पार्टीको सम्बन्धित समितिले निर्धारीत

गरेको सँगठनमा आबद्ध भई कामगर्ने ।

ख. पार्टीको बिकास निती, स्वरोजगार कार्यक्रम, सिद्धान्त, निती र कर्यक्रमको अध्ययन गर्ने ।

ग. पार्टीले सञ्चालन गरेका प्रशिक्षणात्मक कार्यक्रममा सहभागी हुने र पार्टीको बिकास

योजना, सिद्धान्त, स्वरोजगार कार्यक्रम, निती र कार्यक्रम हरुलाई समाजमा प्रसारीत गर्ने ।

घ. आफुले गरेको कामको प्रतिबेदन सहित सदस्यताको निम्ती सम्बन्धीत स्थानिय समितिमा आवेदन गर्ने ।

**धारा- ११. पार्टी सदस्यका अधिकार र कर्तव्य देहाय बमोजीम हुनेछन् :**

१. पार्टी समिती, निकाय, विभाग, परिषद, पार्टीका घोषित जनसङ्गठन, मञ्च वा तोकियको स्थानमा सङ्गठित भई काम गर्ने ।

२. तोकिय बमोजिम बैठक, भेला, सम्मेलन, अधिवेसन, महाधिवेसनमा मतदान गर्ने, निर्वाचित हुने र सम्बन्धित समिमि, निकाय, विभाग वा तोकियको सम्यन्त्रमा आफ्नो मत राख्ने ।

३. पार्टीको निर्णयप्रति आफ्नो सहमति असहमतिको मत दिने/राख्न पाउने

४. संगठनका साधारण सदस्यलाई पार्टीको प्रारम्भिक निर्वाचनमा आफू सम्बन्धित निर्वाचन क्षेत्रमा मतदान गरी पार्टीको तर्फबाट सम्बन्धित चुनावको उम्मेदवार छान्न पाउने अधिकार हुनेछ ।

५. राष्ट्र र संगठर्नप्रति इमान्दर रही पार्टीको विधान, नीति र कार्यक्रमप्रति प्रतिबद्ध रही भ्रष्टाचारमुक्त, समृद्ध राष्ट्र निर्माणमा योगदान गर्ने ।

६. पार्टीका विचार, विधान वा राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका विचार वा एजेण्डा हरुमा आफ्नो धारणा राख्ने।

७. पार्टी प्रदान गरेको आन्तरिक समाजिक अधिकारलाई प्रयोग गर्दै संगठर्नले गरेका कुनै पनि प्रकारको सजायको प्रतिवाद, सुनवाई र पुनः आवेदनको अधिकारको उपयोग गर्ने ।

८. पार्टीको निर्णय, निर्देशन र कार्यक्रमको अध्ययन गरेर प्रचार, प्रसार, कार्यान्वयन तथा सम्बन्धित समिति वा संयन्त्रमा सल्लाह, सुझाव राख्ने ।

९. पार्टी सदस्यताको नियमित रुपमा नवीकरण गर्ने र पार्टीको कार्यक्रमहरुमा सक्रिय भई जिज्ञासा, अवलोकन, सल्लाह, सुझाव दिने ।

**धारा- १२. पार्टी सदस्यताको समाप्ति :**

१. स्वेच्छाले लिखित सुचना दिइ सदस्यता परित्याग गरेमा ।

२. कृयासिल सदस्यले अनुमति बिना लगातार १ वर्षभन्दा बढी समयसम्म पार्टी काममा संड्लग्न नरहेमा ।

३. पार्टीले अनुसासनहिनता को कार्बाहिस्वरुप सदस्यबाट निस्कासित गरेमा ।

४. धार ७ बमोजिम पार्टी सदस्यताका लागि आवस्यक योग्ता नरहेको खण्डमा ।

५. नेपालि नागरिकता परित्याग गरेमा ।

६. तोकेको समयमा सदस्यता नविकरण नगरायको खण्डमा ।

७. अन्य पार्टीको सदस्यता लियको खण्डमा ।

८. सदस्यता प्राप्त गरेको ब्यक्तिको निधन भयमा ।

**धारा- १३. पार्टी सदस्यताको पुनः प्रप्ति :**

१. धारा १२ (१, २ र ४) वमोजिम सदस्यता गुमायका ब्यक्तिले पुनः सदस्यता प्राप्त गर्न चाहेमा तोकिय बमोजिम कम्तिमा ३ महिनासम्म पार्टी समितिले तोकेको काम पुरागरि धारा ७ बमोजिम प्रकृया पुरा गरी पुनः सदस्यता प्राप्त गन सक्नेछन् ।

२. पार्टीले गरेको अनुशासन कारवाहीमा पार्टीको सदस्यता समाप्त भयको ब्यक्तिले जनमत को कदर गर्दै केन्द्रीय समितिको निर्णय बमोजिम पुनः पार्टी सदस्यता प्राप्त गर्न सकिनेछ ।

**धारा- १४. पार्टी सदस्यता कायम रहने :**

१. राष्ट्रय समाजिक पार्टीको कुनै पनि समुहमा सदस्यता प्राप्त गरी सदस्यता कायम रहेको प्रमाणित भयको ब्यक्तिले आफ्नो समुह त्याग गरी पार्टी प्रवेश गरेमा तोकिए बमोजिमको मापदण्ड र प्रक्रियाका आधारमा निजको सदस्यता कायम हुन सक्नेछ ।

२. त्यसरी पार्टी प्रवेश गरेका व्यक्तिको सदस्यता कायम गर्नुअघि स्थानीय पार्टी समितिले छानबिन गरी निर्णय गर्नुपर्ने छ ।

३. पार्टीले विशेष काममा खटाएका सदस्यहरू कुनै समिति वा निकायमा सङ्गठित नरहे पनि निजको सदस्यता कायम रहनेछ ।

**धारा- १५. शपथ ग्रहण :**

देहायका व्यक्तिहरूले शपथ ग्रहण गर्नु पर्नेछ :

१. पार्टी सदस्यता प्राप्त गर्ने व्यक्ति

२. पार्टी समिति, परिषद र आयोगमा सङ्गठित हुनेव्यक्ति ।

**धारा- १६. सदस्यताको अभिलेख / नविकरण :**

१. सदस्यहरुको पुर्ण अभिलेख पार्टीको केन्द्रीय कार्यालयमा राखिनेछ ।

२. स्थानीय समितिहरूलेआ-आफ्नोकार्यक्षेत्रभित्रका पार्टी सदस्यहरूको अभिलेख राख्नेछन् ।

३. पार्टी सदस्यताको नवीकरण गर्ने प्रक्रिया केन्द्रीय समितिले तोकिए बमोजिम हुनेछ ।

## भाग तिन

## संगठनात्मक संरचना

---

**धारा- १७. पार्टीका केन्द्रीय निकायहरु देहाय बमोजिम रहनेछन् :**

१. राष्ट्रिय महाधिवेशन ।

२. केन्द्रीय समिति ।

३. केन्द्रीय अनुशासन समिति ।

४. केन्द्रीय लेखा परीक्षण बिभाग ।

५. केन्द्रीय निर्वाचन आयोग ।

६. केन्द्रीय सल्लाह तथा परामर्स समिति ।

७. केन्द्रीय अनुसन्धान तथा गुप्तचर आयोग ।

८. राष्ट्रिय कार्यान्वयन समिति ।

९. राष्ट्रिय प्रतिनिधि भेला ।

१०. जनमत संकलन आयोग ।

**धारा- १८. राष्ट्रिय महाधिवेशन :**

१. राष्ट्रिय महाधिवेशन संगठनको सर्वोच्च संस्था हुनेछ र यसको आयोजना केन्द्रीय समितिद्वारा हरेक पाच वर्षमा गरिनेछ ।

**धारा- १९. राष्ट्रिय महाधिवेशनका काम कर्तव्य र अधिकार :**

१. राष्ट्रिय महाधिवेशन सञ्चालन गर्न ९ सदसिय अध्यक्ष मण्डल र आवश्यकता अनुसार संरचना गठन/निर्माण गर्ने ।

२. केन्द्रीय समितिको तर्फबाट प्रस्तुत प्रस्ताव र केन्द्रीय अनुशासन समिति, केन्द्रीय लेखा परीक्षण बिभाग, राष्ट्रिय निर्वाचन आयोग, राष्ट्रिय सल्लाह तथा परामर्स समिति, जनमत संकलन आयोग र केन्द्रीय अनुसन्धान तथा गुप्तचर आयोगका प्रतिवेदनहरू माथि छलफल गरी पारित गर्ने ।

३. केन्द्रीय समितिका पदाधिकारी, राष्ट्रिय निर्वाचन आयोग र सदस्यहरूको निर्वाचन गने ।

४. केन्द्रीय समिति, केन्द्रीय लेखा परीक्षण बिभाग, राष्ट्रिय निर्वाचन आयोग, केन्द्रीय अनुशासन समितिका पदाधिकारी, केन्द्रीय अनुसन्धान तथा गुप्तचर आयोग, जनमत संकलन आयोग एवम् सदस्यहरूको निर्वाचन गर्ने ।

५. केन्द्रीय समितिद्धारा प्रस्तुत प्रतिवेदन, आर्थिक प्रतिवेदन, संगठनात्मक प्रस्ताव र विधान संशोधन प्रस्ताव माथि छलफल गरी पारित गर्ने ।

६. पार्टी विधानमा आवश्यक संशोधन गर्ने ।

**धारा- २०. केन्द्रीय समिति :**

१. केन्द्रीय समिति पार्टीको महाधिवेशन र राष्ट्रिय प्रतिनिधि भेलापछिको पार्टीको सर्वोच्च कार्यकारी संस्था हुनेछ । यो राष्ट्रिय महाधिवेशनप्रति उत्तरदायी हुनेछ ।

२. राष्ट्रिय महाधिवेशनले अध्यक्ष- १, उपाध्यक्ष- १, महासचिव- १, उपमहासचिव- ३, सचिव- ७ समेत ३५५ सदस्यीय केन्द्रीय समितिको निर्वाचन गर्नेछ । प्रदेश समितिका अध्यक्षहरू केन्द्रीय समितिका पदेन सदस्य हुनेछन् ।

३. केन्द्रीय समितिको निर्वाचनमा कम्तीमा एकतिहाई महिलासहित नेपालामा हुने महिलाप्रतिको भेदभाव हटाउने गरी सामेल गरिनेछ ।

४. केन्द्रीय समितिको कुल सदस्य संख्याबाट कम्तीमा ५० प्रतिसत (३२ -४०) उमेरका युवा समावेस गरिनेछ ।

५. राष्ट्रिय महाधिवेशनबाट नयाँ केन्द्रीय समिति गठनभई शपथग्रहण गरेपछि पुरानो केन्द्रीय समिति स्वतः विघटन हुनेछ ।

६. पार्टीका निवर्तमान अध्यक्ष बरिष्ठ नेता हुनेछन् । महाधिवेशनले अन्यथा निर्धारण गरेकोमा बाहेक निजको मर्यादाक्रम अध्यक्षपछि रहनेछ ।

७. केन्द्रीय समिति सदस्यहरू मध्येबाट पदाधिकारीसहित बढीमा २५ सदस्यीय कार्यदल, १५ सदस्यीय स्थायी समितिको निर्वाचन गर्ने ।

८. अध्यक्षको नेतृत्वमा पदाधिकारीहरू सदस्य रहेको केन्द्रीय कार्यान्वयन समित गठन गर्ने, महासचिवको नेतृत्वमा उपमहासचिव र सचिवहरू सदस्य रहेको केन्द्रीय सचिवालय गठन गर्ने, तोकिएबमोजिमका केन्द्रीय विभाग, संयन्त्र र कार्यदल गठन गर्ने र तिनको अधिकार तथा कर्तव्य तोक्ने, विधानबमोजिम मनोनयन/इच्छुक उम्मेदवारहरुमध्येबाट गोलाप्रथाबाट मनोनीत गरी गठन गरिनेछ ।

**धारा- २१. केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार :**

केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिका सम्बन्धमा पार्टीको दृष्टिकोण, पार्टीको सम्बन्ध विस्तार र सञ्चालन गर्न नीति तय गर्ने ।

२. राजनीतिक तथा संगठनात्मक विषयमा आवश्यकता अनुसार निर्णय गर्ने ।

३. पार्टीको नेतृत्व गर्ने, नेपालको प्रचलित कानूनबमोजिम केन्द्रीय समिति र अन्य समितिको अधिकार भित्र तोकिएका गर्ने भनी उल्लेख भएका कार्य गर्ने/गराउने ।

४. नेपालको संविधान वमोजिम संचालन हुने विभिन्न तहको निर्वाचनमा पार्टीको घोषणापत्र, नीति, कार्यक्रम तयार गर्ने र निर्वाचनका लागि पार्टीका सम्पूर्ण निकायलाई परिचालन गर्ने ।

५. राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन र प्रतिनिधि भेलाको बैठक आयोजना गर्ने र तिनका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने, विधानअनुरुप आफ्नो संगठनको नियमित बैठक आयोजना गर्ने, अनुगमन गर्ने र नियमित बैठक तथा अधिवेशन गर्न लगाउने ।

६. केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरूको कार्यविभाजन र आवश्यकता अनुसार स्थानान्तरण गर्ने । केन्द्रीय समिति, कायान्वयन समिति, केन्द्रीय सचिवालय, कार्यदल तथा अन्य संयन्त्रका निर्णयअनुरूप आवश्यक संशोधन र सुझाव सहित अनुमोदन गरि आन्तरिक पार्टी निर्देशन जारी गर्ने, आवश्यकता अनुसार प्रचार सामाग्री पुस्तक प्रकाशन गर्ने र प्रशिक्षण कार्यक्रम संचालन गर्ने ।

७. पार्टीको आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति स्रोत पहिचान गर्ने, समितिलाई शुल्क तोक्ने, नियमावलीमा उल्लेख भएबमोजिम स्रोत परिचालन गर्ने/व्यवस्थापन गर्ने र परिचालनका लागि आवश्यक काम गर्ने ।

८. विधान बमोजिम अनुशासन पालना गर्ने, समितिलाई विधानबमोजिम विघटन गर्ने र सदस्यताको खारेजी निलम्बन वा अन्य कारबाही गर्ने । पार्टीको अनुशासन पालना नगर्ने समिति, विभाग, आयोग वा कुनै पनि संयन्त्रलाई विघटन गर्ने ।

९. विधान बमोजिम समिति, विभाग, आयोग, कार्यदल तथा अन्य आवश्यक संयन्त्र गठन गर्ने र तिनको काम, कर्तव्य र अधिकार निर्धारण गर्ने । पार्टीका समिति, विभाग, आयोग, कार्यदल र अन्य संयन्त्रबीच आवश्यक छलफल, संमन्वय र संयोजन गर्ने ।

१०. राष्ट्रको भौतिक तथा आर्थिक विकासमा सुध्रिड गर्न उत्पादनमा वृद्धि, स्वरोजगार, रोजगारिता जनजीविकोपार्जनमा सहजता, जनचेतना अभिवृद्धि र सामाजिक न्यायका लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने । राष्ट्रियता, समाजिक एकता, राष्ट्रिय अखण्डता, संवैधानिक सर्वोच्चता, न्यायिक सर्बोच्चता, जनजीविका र जन हितको रक्षाका लागि जनपरिचालन गर्ने र आवश्यकता अनुसार आन्दोलन लगायत अन्य कार्य सञ्चालन गर्ने । पार्टीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार अभियान घोषणा गर्ने र कार्यान्वयन गर्ने, गराउने ।

## धारा- २२. कार्यदलको काम कर्तव्य र अधिकार :

कार्यदलको अधिकार कर्तव्य देहायबमोजिम हुनेछन् :

१. केन्द्रीय समितिको बैठक नबसेको अवस्थामा केन्द्रीय समितिका निम्ति तोकिएका अधिकार र कर्तव्यको प्रयोग र पालना गर्ने ।

२. आफूले गरेका निर्णय तथा कार्य अनुमोदनका निम्ति केन्द्रीय समितिको बैठकमा प्रस्तुत गर्ने ।

३. केन्द्रीय समितिले तोकेका अन्य कार्य गर्ने र केन्द्रीय समितिप्रती उत्तरदायी रहन ।

## धारा- २३. केन्द्रीय कार्यान्वयन समिति :

केन्द्रीय कार्यान्वयन समितिको अधिकार कर्तव्य देहायबमोजिम हुनेछन् :

१. केन्द्रीय समिति वा कार्यदलको बैठक नबसेको अवस्थामा केन्द्रीय समिति र राजनीतिक तथा संगठनात्मक विषयमा निर्णय गर्ने र समसामयिक विषयमा तोकिएका अधिकार र कर्तव्यको प्रयोग र पालना गर्ने ।

२. आफूले गरेका निर्णय तथा कार्य अनुमोदनका निम्ति केन्द्रीय समितिको बैठकमा प्रस्तुत गर्ने ।

३. केन्द्रीय समितिबाट गरिनुपर्ने संगठनात्मक तथा नीतिगत कार्यक्रमको प्रस्ताव तयार गर्ने ।

४. पार्टीको केन्द्रीय कार्यालयका लागि आवश्यक कर्मचारी नियुक्त तथा हेरफेर गर्ने ।

५. पार्टीका संयन्त्र बीच समन्वय गर्ने र तिनको कामको समीक्षा गर्ने ।

६. केन्द्रीय समितिप्रती उत्तरदायी रहने ।

७. केन्द्रीय समितिले तोकेका अन्य कार्य गर्ने ।

## धारा- २४. पदाधिकारी तथा सदस्यको काम, कर्तव्य र अधिकार

पदाधिकारी तथा सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

### १. पार्टी अध्यक्षको काम, कर्तव्य र अधिकार

क) प्रमुख नेता, प्रमुख प्रवक्ता तथा प्रमुख पदाधिकारीको हैसियतमा समग्र पार्टीको नेतृत्व गर्ने, वैचारिक तथा राजनीतिक विषयमा पार्टीको आधिकारिक दृष्टिकोण सार्वजनिक गर्ने ।

ख) राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन, प्रतिनिधि परिषद्, केन्द्रीय समिति, कार्यान्वयन समिति र कार्यदलको निर्णयहरूको कार्यान्वयनमा अध्यक्षता गर्ने ।

ग) विधान महाधिवेशन, राष्ट्रिय महाधिवेशन, केन्द्रीय समिति, कार्यान्वयन समिति, कार्यदल र आवस्यकता अनुरुप अन्य बैठकको अध्यक्षता गर्ने ।

घ) केन्द्रीय समिति, कार्यान्वयन समिति, कार्यदल तथा अन्य बैठक बोलाउन निर्देशन दिने, आवश्यकता अनुसार केन्द्रीय समिति, कार्यान्वयन समिति र कार्यदलको बैठकमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने ।

ङ) केन्द्रीय समितिको तर्फबाट राष्ट्रिय महाधिवेशन र विधान महाधिवेशनमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने ।

च) केन्द्रीय कार्यान्वयन समितिका पदाधिकारीको कार्यविभाजन हेरफेर गर्ने र आवश्यकता अनुरुप केन्द्रीय कार्यान्वयन समितिका पदाधिकारी पनि फेरवदल गर्ने ।

छ) पार्टीको सिद्धान्त, नैतिक मर्यादालाइ उच्च राख्ने तथा पार्टीलाई सक्षम संगठनको रुपमा सञ्चालन गर्न नेतृत्व प्रदान गर्ने ।

ज) तत्काल पार्टीका अगाडि परिआएका कार्यहरु गर्ने र त्यसको जानकारी केन्द्रीय समितिलाई दिने ।

झ) पार्टीको तर्फबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा आवश्यक प्रतिनिधित्व गर्ने, गराउने ।

ञ) केन्द्रीय समिति, कार्यदल, कार्यान्वयन समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

## २. उपाध्यक्षको काम, अधिकार र कर्तब्य

क) पार्टी अध्यक्षको काममा आवश्यक सहयोग गर्ने ।

ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने कार्य गर्ने ।

ग) अध्यक्षले प्रत्यायोजन गरेका कार्यहरू गर्ने ।

घ) केन्द्रीय समिति, कार्यान्वयन समिति र कार्यदलले तोकेका अन्य कार्यहरू गर्ने ।

ङ) दुई उपाध्यक्ष रहनुपर्ने अवस्थामा उमेरमा जेष्ठ अथवा योग्य उपाध्यक्षले वा अध्यक्षले तोकेको उपाध्यक्ष अनुपस्थितिमा अध्यक्षको कार्य गर्ने ।

## ३. महासचिवको काम, कर्तब्य र अधिकार

क) राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन प्रतिनिधि परिषद्बाट पारित नीति निर्णय कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र केन्द्रीय समिति,कार्यान्वयन समिति समक्ष प्रस्तुत गर्ने ।

ख) अध्यक्षको परामर्शमा केन्द्रीय समिति,कार्यान्वयन समिति, कार्यदल, र राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठकको कार्यसूची तयार गर्ने र बैठक बोलाउने ।

ग) आवश्यकता अनुसार केन्द्रीय समिति, कार्यान्वयन समिति र कार्यदलको बैठकमा सङ्गठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने, केन्द्रीय समितिको तर्फबाट राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन प्रतिनिधि परिषद्को बैठकमा सङ्गठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने ।

घ) राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्, केन्द्रीय समिति, कायान्वयन समिति र कार्यदलको बैठक सञ्चालन गर्ने र तिनका निर्णय कार्यान्वयन गर्ने/गराउने ।

ङ) केन्द्रीय कार्यालयको बैठक बोलाउने र कार्यालय सञ्चालन गर्ने ।

च) पार्टी अध्यक्षको निर्देशन बमोजिम अन्य आवश्यक काम गर्ने ।

छ) पार्टीको दैनिक कार्य सञ्चालनमा अध्यक्षलाइ सहयोग गर्न र आवश्यकता अनुसार अध्यक्षलाइ सुझाव र सल्लाह दिने ।

ज) पार्टी संगठनलाई क्रियाशील र प्रभावकारी बनाउने र आवश्यकता अनुसार पार्टीका समिति, विभाग, आयोग तथा अन्य निकाय र पार्टी सदस्यहरुलाई पार्टी सम्बन्धी गतिविधि र अन्य आवश्यकता अनुसारका सूचना प्रदान गर्ने, निर्णयको जानकारी गराउने, निर्देशन जारी गर्ने ।

झ) पार्टीका सबै प्रकारका आधिकारिक अभिलेखको संरक्षण गर्ने र गर्न लगाउने ।

ञ) केन्द्रीय समिति, कार्यान्वयन समिति, कार्यदलले तोकेको अन्य कार्य गर्ने ।

४. उपमहासचिवको काम,कर्तव्य र अधिकार

(क) महासचिवको काममा महासचिवले तोकेबमोजिमको आवश्यक सहयोग, काम गर्ने ।

(ख) महासचिवको अनुपस्थितिमा महासचिवले गर्ने तोकियको कार्यहरू गर्ने ।

(ग) महासचिवले प्रत्यायोजन गरेका कार्य गर्ने ।

(घ) केन्द्रीय समिति, कार्यान्वयन समिति, कार्यदले तोकेका कार्यहरू गर्ने ।

५. सचिवको काम,कर्तव्य र अधिकार

(क) महासचिवको काममा महासचिवले तोकेबमोजिमको आवश्यक सहयोग, महासचिवको काममा आवश्यक सहयोग गर्ने ।

(ख) महासचिवले प्रत्यायोजन गरेका कार्यहरू गर्ने ।

(ग) केन्द्रीय समिति, कार्यान्वयन समिति र कार्यदलले तोकेका अन्य कार्यहरू गर्ने ।

७. कोसाध्यक्षको काम, कर्तब्य र अधिकार

क) पार्टीका निम्ति आवश्यक आर्थिक श्रोतसाधनको व्यवस्था गर्ने, त्यसको संरक्षण गर्ने तथा सम्पूर्ण आय व्ययको अद्यावधिक अभिलेख राख्ने ।

ख) केन्द्रीय समितिको निर्णय अनुसार बैंकमा खाता खोल्ने र केन्द्रीय समितिको निर्णय अनुसार सञ्चालन गर्ने ।

ग) पार्टीका निम्ति प्राप्त हुने सदस्यता शुल्क, तोकिए बमोजिमका शुल्क र अन्य सहयोग रकम संकलन गर्ने तथा अभिलेख राख्ने ।

घ) पार्टीको कोषमा सङ्कलित रकम पार्टीका विभिन्न काम र निकायका खर्चका लागि केन्द्रीय समितिको निर्णय अनुसार भुक्तानी गर्ने र त्यसको हिसाब राख्ने ।

ङ) पार्टीको वार्षिक आर्थिक प्रतिवेदन केन्द्रीय समिति र केन्द्रीय समिति मार्फत् राष्ट्रिय भेला र राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गर्ने ।

च) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

८. सह कोसाध्यक्षको काम, कर्तब्य र अधिकार

क) कोषाध्यक्षको काममा कोषाध्यक्षले तोके बमोजिम आवश्यक सहयोग गर्ने ।

ख) कोषाध्यक्षले प्रत्यायोजन गरेका कार्य गर्ने ।

ग) केन्द्रीय समिति र केन्द्रीय कार्यान्वयन समितिले तोकेका कार्य गर्ने ।

९. सदस्यको काम, कर्तब्य र अधिकार

क) केन्द्रीय समिति, कार्यान्वयन समिति र कार्यदलले तोकेका कार्य गर्ने ।

ख) आफ्नो कार्यक्षेत्रमा केन्द्रीय समिति प्रतिनिधिको हैसियतले कार्य गर्ने ।

ग) पार्टीको नीति-निर्णयअनुरुप आफ्नो कार्यक्षेत्रमा पार्टीलाई विस्तार गर्ने, सुदृढ र एकताबद्ध बनाउने ।

**धारा- २५. केन्द्रिय कार्यालयको काम, कर्तव्य र अधिकार :**

केन्द्रीय कार्यालयको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :

१. पार्टीको दैनिक कार्यसञ्चालन तथा अन्य अभिलेखिकरण लगायत सम्पूर्ण समन्वयात्मक कार्यहरु गर्ने र पार्टीको केन्द्रीय कार्यालय सञ्चालन गर्ने ।

२. केन्द्रीय तहमा आयोजना हुन केन्द्रिय समिति, कार्यान्वयन समिति, कार्यदल र अन्य बैठक तथा कार्यक्रमहरुको व्यवस्थापन गर्ने ।

३. केन्द्रीय समिति, मातहत समिति, संगठन, नेपालको संविधानले तोके बमोजिमका सरकार, जनप्रतिनिधि संस्था, राज्यका विभिन्न निकाय र सामुदायिक एवं जनसरोकारका संस्थासँग सम्पर्क तथा समन्वय गर्ने ।

४. मातहत समिति र जनसंगठनको कामको प्रतिवेदन प्राप्त गर्ने, विश्लेषण गर्ने र अध्यक्षसमक्ष प्रस्तुत गर्ने ।

५. केन्द्रीय तहमा आयोजना हुने बैठक तथा कार्यक्रमहरूको व्यवस्थापन गर्ने ।

६. केन्द्रीय समिति, कार्यदल र कार्यान्वयन समिति तोकेका अन्य कार्यहरू गर्ने ।

**धारा- २६. रास्ट्रिय महाधिवेसन प्रतिनिधि भेला :**

१. राष्ट्रिय महाधिवेशनका प्रतिनिधिहरू अर्को राष्ट्रिय महाधिवेशनका लागि प्रतिनिधि निर्वाचित नभएसम्म राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् सदस्य रहनेछन्, निर्वाचन सम्पन्न भएको १ वर्षभित्र पार्टीले राष्ट्रिय महाधिवेशन गर्नेछ ।

२. धारा- १९ बमोजिमको विधान महाधिवेशनको हैसियतमा बाहेक राष्ट्रिय महाधिवेशन प्रतिनिधि भेलाको बैठक दुई राष्ट्रिय महाधिवेशनको बीचमा आवश्यकता अनुसार आयोजना गरिनेछ ।

**धारा- २७. रास्ट्रिय महाधिवेसन प्रतिनिधि भेला काम कर्तब्य र अधिकार :**

राष्ट्रिय महाधिवेशन प्रतिनिधि भोलाको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ

१. केन्द्रीय समिति र केन्द्रीय निकायका तर्फबाट प्रस्तुत प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

२. केन्द्रीय समिति र केन्द्रीय निकायका समग्र कामको समीक्षा गर्ने र आवश्यक निर्देशन दिने ।

३. यस विधानमा उल्लेख भएबमोजिम विधान महाधिवेशनको हैसियतमा काम गर्ने ।

**धारा- २८. केन्द्रिय अनुसासन समिति :**

१. राष्ट्रिय महाधिवेशनबाट अध्यक्ष- १, उपाध्यक्ष- १ र सचिव- १ समेत १५ सदस्यीय केन्द्रीय अनुशासन समिति इच्छुक उम्मेदवारहरुमध्येबाट गोलाप्रथाबाट मनोनीत गरी गठन गरिनेछ ।

२. समितिका अध्यक्ष, उपाध्यक्ष र सचिवको मर्यादा कार्यान्वयन समिति सदस्यसरह र अन्य पदाधिकारी तथा सदस्यहरूको मर्यादा केन्द्रीय समिति सदस्यसरह हुनेछ । अध्यक्षले केन्द्रीय समिति र कायान्वयन समितिको बैठकमा भाग लिनेछन् तर निजलाई मताधिकार हुनेछैन ।

३. समिति महाधिवेशन र प्रतिनिधि प्रति उत्तरदायी रहनेछ ।

४. समितिका पदाधिकारी र सदस्यहरू पार्टीका अन्य कुनै समिति, निकाय वा जनसङ्गठनमा सङ्गठित हुने छैनन् ।

**धारा- २९. केन्द्रिय अनुसासन समिति काम कर्तब्य र अधिकार :**

केन्द्रिय अनुसासन समितिका काम कर्तब्य र अधिकार देहायबमोजिम हुनेछ

१. पार्टीका केन्द्रीय निकायका पदाधिकारी र सदस्यलगायत सबै तहका पार्टी समिति र सदस्यले पार्टी निर्णय, निर्देशन र अनुशासनको पालना गरे/नगरेको अनुगमन गर्ने र अनुशासनको पालना गर्न/गराउन सम्बन्धित समितिलाइ निर्देशन दिने ।

२. कुनै पनि तहका सदस्यको पार्टी निर्णय विपरीतका क्रियाकलाप, आर्थिक अनियमितता र नैतिक चरित्रसँग सम्बन्धित विषयमा प्रश्न उठी उजुरी परेमा वा जानकारी भएमा छानबिन गर्ने र केन्द्रीय समितिमा प्रस्तुत गर्ने ।

३. केन्द्रीय समितिबाट भएको अनुशासनको कारबाहीका सम्बन्धमा चित्त नबुझी लिखित उजुरी वा पुनरावेदन दिने सदस्य वा समितिको उजुरी वा पुनरावेदनउपर आवश्यक छानवीन तथा निर्णय गर्ने र कार्यान्वनयका लागि केन्द्रीय समितिमा लेखीत पठाउने ।

४. अनुशासनको कारबाही र पुन आवेदनसँग सम्बन्धित निर्णयको लिखित जानकारी सरोकारवाला व्यक्ति तथा सम्बन्धित समिति, सदस्यलाइ र सबै किसिमका निर्णयहरूको जानकारी केन्द्रीय समितिलाइ गराउने ।

५. पार्टीका तोकिएबमोजिमका समिति सदस्य र जनप्रतिनिधिमूलक संस्था, पार्टीको तर्फबाट निर्वाचित जनप्रतितिधिहरु, एवं लाभको पदमा रहेर काम गर्ने पार्टी सदस्यको नियुक्ति हुँदा, बहाल रहँदा र अवकाश पाउँदाको अवस्थामा सम्पत्ति विवरण लिने, अभिलेख राख्ने र वार्षिक रुपमा अद्यावधिक गर्ने र आवश्यकताअनुसार छानविन गर्ने ।

६. आफ्ना कामको प्रतिवेदन केन्द्रीय समिति, राष्ट्रिय महाधिवेशन प्रतिनिधि भेला र विधान महाधिवेशनमा प्रस्तुत गर्ने ।

७. आयोग, समिति, विभागका अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्यहरूमाथि अनुशासनको कारबाही गर्ने र निजहरूको राजीनामा स्वीकृत गर्ने ।

८. केन्द्रय अनुसासन समितिका अन्य सदस्यले समितिको अध्यक्षलाइ र अध्यक्षले केन्द्रीय समितिलाई राजीनामा दिने ।

९. समितिका पदाधिकारी तथा सदस्यको पद रिक्त भएमा केन्द्रय अनुसासन समितिले पार्टी सदस्यहरुमा खुल्ला आहवान गरी केन्द्रिय समितिले तोकेबमोजिमको योग्यता पुगेका इच्छुक उमेदवारहरुमध्यबाट पद पुर्तिका लागी गोलाप्रथाबाट मनोनयन गर्ने ।

१०. केन्द्रीय समितिको दुईतिहाइ बहुमतले केन्द्रय अनुसासन समितिका सदस्यहरुलाई महाअभियोग लगाई समितिबाट निष्कासन गर्न सक्नेछ ।

११. आयोगले आफ्नो कार्यान्वयन नियमावली आफै बनाउने ।

**धारा- ३०. केन्द्रिय लेखा परक्षिण बिभाग :**

१. राष्ट्रिय महाधिवेशनबाट अध्यक्ष- १, उपाध्यक्ष- १ र सचिव- १ समेत १५ सदस्यीय केन्द्रीय लेखा परिक्षण बिभागको निर्वाचन हुनेछ र निर्वाचित गर्दा ३ सदस्य अनिवार्यरुपमा लेखा परीक्षणको क्षेत्रमा अध्ययन वा अनुभव हासिल गरेको हुनुपर्नेछ ।

२. आयोगको अध्यक्षको मर्यादा कार्यान्वयन समितिका सदस्यसरह र अन्य पदाधिकारी तथा सदस्यहरूको मर्यादा केन्द्रीय समितिका सदस्यसरह हुनेछ । अध्यक्षले केन्द्रीय समिति, कार्यदल र कायान्वयन समितिको बैठकमा भाग लिनपाउने तर निजलाई मताधिकार हुनेछैन ।

३. केन्द्रिय लेखा परक्षिण बिभाग महाधिवेशन र प्रतिनिधि भेलाप्रति उत्तरदायी रहनेछ ।

४. केन्द्रिय लेखा परक्षिण बिभागका पदाधिकारी र सदस्यहरू पार्टीका अन्य कुनै समिति, निकाय विभाग, संयन्त्र वा जनसङ्गठनमा सङ्गठित हुने छैनन् ।

५. केन्द्रिय लेखा परक्षिण बिभागका अन्य सदस्यले समितिको अध्यक्ष समक्ष र अध्यक्ष केन्द्रीय समितिलाई राजीनामा दिने ।

६. केन्द्रीय समितिको दुईतिहाइ बहुमतले केन्द्रिय लेखा परक्षिण बिभागका सदस्यहरुलाई अभियोग लगाई समितिबाट निष्कासन गर्न सक्नेछ ।

७. केन्द्रिय लेखा परक्षिण बिभागका पदाधिकारी वा सदस्यको पद रिक्त भएमा प्रतिनिधि भेलाबाट निर्वाचन गरी पदपूर्ति गरिनेछ ।

**धारा- ३१. केन्द्रिय लेखा परक्षिण बिभागको काम कर्तव्य र अधिकार :**

केन्द्रिय लेखा परक्षिण बिभागका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन

१. केन्द्रीय समितिको आय-व्ययको नियमित अनुगमन र मासिक, त्रैमासिक, वार्षिक रुपमा लेखापरीक्षण गर्ने ।

२. कोषाध्यक्षले राखेको आय-व्ययको मासिक, त्रैमासिक र वार्षिक विवरणको लेखापरीक्षण, अनुगमन गर्ने ।

३. आवश्यकताअनुसार लेखापरीक्षक तथा विज्ञहरू नियुक्त गरी सुझावसहितको लेखापरीक्षण प्रतिवेदन तयार पार्ने र कार्यान्वयनका लागि केन्द्रीय समितिमा प्रस्तुत गर्ने ।

४. आवश्यकता अनुसार पार्टीका समिति, बिभाग र अन्य स्थानीय समितिहरुको आय-व्ययको निरीक्षण गरी सुझावसहितको प्रतिवेदन केन्द्रीय समितिमा प्रस्तुत गर्ने ।

५. लेखा, कोष तथा आर्थिक व्यवस्थापनसम्बन्धी नियमावली बनाइ कार्यान्वयनका लागि केन्द्रीय समितिमा पेश गर्ने ।

६. केन्द्रीय कार्यालयसँग संयोजन गरी लेखा तथा आर्थिक व्यवस्थापनसम्बन्धी अभियान, प्रशिक्षण सञ्चालन गर्ने ।

७. आवश्यकता अनुसार लेखासम्बन्धी कामको सन्दर्भमा विभिन्न समिति बैठक र कार्यक्रमहरूमा उपस्थित हुने ।

८. आफ्ना कामको प्रतिवेदन केन्द्रीय समिति, राष्ट्रिय महाधिवेशन, प्रतिनिधि भेला र विधान महाधिवेशनमा प्रस्तुत गर्ने ।

९. आयोगका पदाधिकारी तथा सदस्यको पद रिक्त भएमा सो पदमा धारा ३० को ७ बमोजिम नियुक्ती गर्ने ।

१०. केन्द्रिय लेखा परक्षिण बिभागले आफ्नो कार्यान्वयन नियमावली आफै बनाउने ।

११. लेखा सम्बन्धी केन्द्रिय समितिले तोकिएको अन्य काम गर्ने ।

**धारा- ३२. केन्द्रिय निर्वाचन आयोग :**

१. प्रतिनिधि भेलाबाट अध्यक्ष-१, उपाध्यक्ष- १ र सचिव- १ गरी ९ सदस्यीय केन्द्रीय निर्वाचन आयोगको निर्वाचन गरी गठन हुनेछ ।

२. केन्द्रिय निवाचन आयोगको अध्यक्ष, उपाध्यक्षको मर्यादा कार्यान्वयन समिति सदस्यसरह र अन्य पदाधिकारी तथा सदस्यहरूको मर्यादा केन्द्रीय समिति सदस्यसरह हुनेछ ।

३. अध्यक्ष, उपाध्यक्षले केन्द्रीय समिति, कार्यान्वयन समिति र स्थायी कार्यदलको बैठकमा भाग लिनेछन् तर निजलाई मताधिकार हुनेछैन ।

४. आयोग महाधिवेशन र प्रतिनिधि भेलाप्रती उत्तरदायी रहनेछ ।

५. आयोगका पदाधिकारी र सदस्यहरू पार्टीका अन्य कुनै समिति, निकाय, आयोग वा जनसङ्गठनमा सङ्गठित हुने छैनन् ।

## धारा- ३३. केन्द्रिय निर्वाचन आयोगको काम कर्तब्य र अधिकार :

आयोगको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

१. यस विधानले तोके बमोजिम केन्द्रीय समिति र केन्द्रीय आयोगहरू (केन्द्रीय निर्वाचन आयोगबाहेक) को निर्वाचन गर्ने/गराउने ।

२. यस विधानले तोके बमोजिम प्रदेश समिति, जिल्ला र पालिका समितिका पदाधिकारी एवं सदस्यहरूको निर्वाचन गर्ने/गराउने ।

३. पालिका मातहतका समितिका पदाधिकारी एवं सदस्यहरूको यस विधानले तोके बमोजिमे निर्वाचन गर्ने/गराउने ।

४. जिल्ला मातहतका समितिका पदाधिकारी एवं सदस्यहरूको निर्वाचनसम्बन्धी यस विधानले तोके बमोजिम निर्वाचन गर्ने, कार्यको मार्गदर्शन र अनुगमन गर्ने ।

५. पार्टीका जनतासंग जोडियका समिति, संगठनहरुको निर्वाचनमा सहजीकरण गर्ने निर्वाचन गर्ने/गराउर्ने ।

६. आफ्ना कामको प्रतिवेदन केन्द्रीय समिति, राष्ट्रिय महाधिवेशन प्रतिनिधि भेला र विधान महाधिवेशनमा प्रस्तुत गर्ने ।

७. आयोगका अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्यमाथि अनुशासनको कारबाही गर्ने र निजहरूको राजीनामा स्वीकृत गर्ने ।

८. आयोगका पदाधिकारी तथा सदस्यको पद रिक्त भएमा सो पदमा मनोनयर्ने/चयन गर्ने ।

९. पार्टीको निर्वाचनसम्बन्धी नियमावली निर्माण गरी कार्यान्वयन गर्ने/गराउने, आफ्नो कार्य सञ्चालनका लागि आवश्यक नियम आफैं बनाउने ।

१०. पार्टीको सबै तहको प्रारम्भिक निर्वाचन गर्ने ।

११. विधानमा तोकिए बमोजिम कार्यहरु गर्ने ।

## धारा- ३४. केन्द्रिय निर्वाचन आयोगका समिति वा पदाधिकारिहरुको योग्यता :

पार्टीको कुनै पनि तहको सदस्य वा पदाधिकारी बन्न पार्टीको सदस्य भएको मितिबाट कम्तीमा १ वर्ष पूरा गरेको हुनुपर्नेछ र साधारण सदस्यले मात्र सदस्य वा पदाधिकारी बन्न पाउने छन् ।

**धारा- ३५. केन्द्रीय सल्लाह तथा परामर्स समिति :**

१. केन्द्रीय समितिले आवश्यकता अनुसार सल्लाह-सुझाव लिन आफ्नो केन्द्रिय समितिको कूल सदस्यभन्दा बढी नहुने गरी केन्द्रीय सल्लाह तथा परामर्स समिति गठन गर्नेछ । केन्द्रीय सल्लाह तथा परामर्स समिति केन्द्रीय समितिप्रति उत्तरदायी रहनेछ ।

२. केन्द्रीय सल्लाहकार तथा परामर्स समितिका अध्यक्ष-१, उपाध्यक्ष-१, सचिव-१ सहितको सदस्यहरूको मनोनयन केन्द्रीय समितिले गर्नेछ ।

३. केन्द्रीय सल्लाह तथा परामर्स समितिका अध्यक्षको मर्यादा कार्यान्वयन समितिका सदस्यसरह र उपाध्यक्ष, सचिव र सदस्यहरूको मर्यादा केन्द्रीय समितिका सदस्यसरह हुनेछ ।

४. केन्द्रीय सल्लाह तथा परामर्स समितिका अध्यक्षले केन्द्रीय समिति, कार्यान्वयन समितिको बैठकमा भाग लिनेछन् तर निजलाई मताधिकार हुनेछैन ।

**धारा- ३६. केन्द्रीय सल्लाह तथा परामर्स समितिको काम कर्तब्य र अधिकार :**

१. केन्द्रीय सल्लाह तथा परामर्स समितिको अध्यक्षले पार्टी अध्यक्षसँग परामर्श गरी बैठक बोलाउन सचिवलाई निर्देशन दिने र बैठकको अध्यक्षता गर्ने ।

२. केन्द्रीय सल्लाह तथा परामर्स समितिको बैठक आवश्यकता अनुसार पार्टी अध्यक्षले बोलाउने छन् र आवश्यकता अनुसार केन्द्रीय सदस्यहरुलाई बैठकमा उपस्थिति र छलफलका लागि बोलाउन सक्नेछन् ।

३. केन्द्रीय सल्लाह तथा परामर्स समितिले आवश्यकता अनुसार पार्टी पंतिलाइ सधै जनता र राष्ट्रिय हितको पक्षमा प्रतिबद्ध भइ अगाडी बढ्न केन्द्रीय समितिलाइ विभिन्न विषयमा सल्लाह र सुझाव दिने ।

४. केन्द्रीय सल्लाह तथा परामर्स समितिका सदस्यहरुमध्ये केन्द्रीय समितिले आवश्यकता अनुसार सल्लाहकार समिति बनाई विभिन्न विषयमा सल्लाह दिन सक्नेछ ।

५. केन्द्रीय समितिले तोकेका अन्य कार्य गर्ने ।

## धारा- ३७. राष्ट्रिय प्रतिनिधि भेला :

१. राष्ट्रिय प्रतिनिधि भेलाका प्रतिनिधिहरू अर्को राष्ट्रिय महाधिवेशनका लागि प्रतिनिधि निर्वाचित नभएसम्म राष्ट्रिय महाधिवेशन प्रतिनिधि भेलाका सदस्य हुनेछन् र यो राष्ट्रिय महाधिवेशनप्रति उत्तरदायी हुनेछ , राष्ट्रिय महाधिवेशन र राष्ट्रिय भेला बीचको अवधि न्यूनतम ६ महिना र अधिकतम १८ महिना हुनेछ ।

२. केन्द्रीय समितिले दुई महाधिवेशनको बीचमा आवश्यकता अनुसार राष्ट्रिय प्रतिनिधि भेला आयोजना गरिनेछ ।

३. राष्ट्रिय प्रतिनिधि भेलाका प्रतिनिधिहरु देहाय बमोजिम हुनेछन् :

(क) गाँउपालिकाबाट २ जना : पालिका समितिले आफूहरुमध्येबाट मनोनीत गरेको पालिका अध्यक्ष लगायत २ जना , अध्यक्ष उपस्थित हुन नसक्ने अवस्थामा अध्यक्षले चयन/सिफारिस गरेको ब्यत्ती समावेस गर्न सकिने ।

(ख) नगरपालिकाबाट २ जना : नगरपालिका समितिले आफूहरुमध्येबाट मनोनीत गरेको नगरपालिका अध्यक्ष लगायत २ जना , अध्यक्ष उपस्थित हुन नसक्ने अवस्थामा अध्यक्षले चयन/सिफारिस गरेको ब्यत्ती समावेस गर्न सकिने ।

(ग) उपमहानगरपालिकाबाट ३ जना : उपमहानगरपालिका समितिले आफूहरुमध्येबाट मनोनीत गरेका उपमहानगरपालिका अध्यक्ष, सचिव लगायत ३ जना , अध्यक्ष उपस्थित हुन नसक्ने अवस्थामा अध्यक्षले चयन/सिफारिस गरेको ब्यत्ती समावेस गर्न सकिने ।

(घ) महानगरपालिकाबाट ५ जना : महानगरपालिका समितिले आफूहरुमध्येबाट मनोनीत गरेका महानगरपालिका अध्यक्ष, उपाध्यक्ष सचिव लगायत ५ जना , अध्यक्ष उपस्थित हुन नसक्ने अवस्थामा अध्यक्षले चयन/सिफारिस गरेको ब्यत्ती समावेस गर्न सकिन ।

(ङ) जिल्ला समितिबाट अध्यक्ष, उपाध्यक्ष र सचिव, अध्यक्ष उपस्थित हुन नसक्ने अवस्थामा अध्यक्षले चयन/सिफारिस गरेको ब्यत्ती समावेस गर्न सकिन ।

(च) प्रदेश समितिबाट अध्यक्ष, उपाध्यक्ष, सचिव लगायत अन्य सबै पदाधिकारी, अध्यक्ष उपस्थित हुन नसक्ने अवस्थामा अध्यक्षले चयन/सिफारिस गरेको ब्यत्ती समावेस गर्न सकिन ।

(छ) पार्टीका तर्फबाट निर्वाचित पालिका अध्यक्ष र उपाध्यक्ष वा प्रमुख र उपप्रमुख, प्रदेश सभा सदस्य, प्रतिनिधि सभा सदस्य वा राष्ट्रिय सभा सदस्यका रुपमा निर्वाचित जनप्रतिनिधिहरु ।

**धारा- ३८. राष्ट्रिय प्रतिनिधि भेला काम कर्तब्य र अधिकार :**

१. केन्द्रीय समिति र केन्द्रीय निकायका तर्फबाट प्रस्तुत राजनीतिक र संगठनात्मक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

२. केन्द्रीय समिति र केन्द्रीय निकायका समग्र कामको समीक्षा गर्ने र पार्टी पंतिलाइ सधै जनता र राष्ट्रिय हितको पक्षमा प्रतिबद्ध भइ अगाडी बढ्न आवश्यक निर्देशन दिने ।

३. केन्द्रीय अनुशासन समिति, केन्द्रीय लेखा परीक्षण बिभाग र केन्द्रीय निर्वाचन आयोगका प्रतिवेदनहरुमाथि छलफल गरी पारित गर्ने र आवश्यक निर्देशन दिन ।

४. केन्द्रीय निर्वाचन आयोगका सदस्यहरुका रिक्त पदको निर्वाचन गरी केन्द्रीय निर्वाचन आयोगलाई पूर्णता दिने ।

५. निर्वाचित केन्द्रीय समितिका सदस्यहरुमध्येबाट पार्टीको विधान बमोजिम कुनै केन्द्रीय समितिको सदस्यको पद वा केन्द्रीय अनुशासन समिति वा केन्द्रीय लेखा परीक्षण बिभागका पदाधिकारी र सदस्यहरुका रिक्त पदको निर्वाचन गरी केन्द्रीय समिति, केन्द्रीय अनुशासन समिति वा केन्द्रीय लेखा परीक्षण बिभागलाई पूर्णता दिने ।

६. राष्ट्रिय प्रतिनिधि भेला सञ्चालन गर्न आवश्यक संरचना गठन गर्ने ।

**धारा- ३९. केन्द्रीय अनुसन्धान तथा गुप्तचर आयोग :**

१. केन्द्रीय समितिले पार्टी अध्यक्ष मातहत अध्यक्ष-१, उपाध्यक्ष- १ गरी ११ सदस्यीय केन्द्रीय अनुसन्धान तथा गुप्तचर आयोग गठन हुनेछ ।

२. केन्द्रीय अनुसन्धान तथा गुप्तचर आयोगका अध्यक्षको मर्यादा कार्यान्वयन समितिका सदस्यसरह र उपाध्यक्ष, सचिव र अन्य सदस्यहरूको मर्यादा केन्द्रीय समितिका सदस्यसरह हुनेछ ।

३. केन्द्रीय अनुसन्धान तथा गुप्तचर आयोगका अध्यक्षले केन्द्रीय समिति, कार्यान्वयन समितिको बैठकमा भाग लिनेछन् तर निजलाई मताधिकार हुनेछैन ।

४. पार्टी संचालनका निम्ति आवश्यकता अनुसार रणनिती तयार गर्ने र पार्टी अध्यक्ष र अध्यक्षको निर्देसनमा अवस्यकता अनुसार केन्द्रिय समिति र अन्य पार्टीका निकाय संग छलफल गर्ने ।

५. रणनिती, योजना र अनुसन्धान प्रति गोपनियता कायम राख्ने

६. केन्द्रीय अनुसन्धान तथा गुप्तचर आयोगले केन्द्रिय समितिका अध्यक्षको निर्देशनमा आवश्यक संरचना गठन गर्ने ।

७. केन्द्रीय समितिले तोकेका अन्य कार्य गर्ने ।

**धारा- ४०. जनमत संकलन आयोग :**

१. केन्द्रीय समितिले अध्यक्ष-१, उपाध्यक्ष- १ गरी १५ सदस्यीय जनमत संकलन आयोगको गठन हुनेछ ।

२. जनमत संकलन आयोगका अध्यक्षको मर्यादा कार्यान्वयन समितिका सदस्यसरह र उपाध्यक्ष, सचिव र अन्य सदस्यहरूको मर्यादा केन्द्रीय समितिका सदस्यसरह हुनेछ ।

३. पार्टीले मुलुकको हित र आर्थिक उन्नतिका लागि उठायका मुद्दाहरुमा जनताको सल्लाह सुझाव, जनमत संकलन गर्ने र केन्द्रिय समितिको बैठकमा पेस गर्ने ।

४. पार्टीले उठायका मुद्दाहरुलाइ सामाजिक सञ्जाल वा अन्य माध्यमबाट जनता समक्ष पुऱ्याइ जनताका प्रतिक्रिया लिने र प्रतिवेदन केन्द्रिय समितिमा पेसगर्ने ।

५. केन्द्रीय समितिले तोकेका अन्य कार्य गर्ने ।

भाग चार

## पार्टीका प्रदेस स्तरीय संगठनात्मक संरचना

**धारा- ४१. पार्टीका प्रदेस तह :**

देशको राजनीतिक तथा प्रशासनिक विभाजन र नामाकरणअनुरूप पार्टीका प्रादेशीक तहका समिति हरुको नामाकरण गरिनेछ। पार्टीका प्रदेशका सङ्गठनात्मक ढाँचा र नामाकरण देहायबमोजिम हुनेछ :

१. प्रदेश समिति ।

२. प्रदेश अधिवेशन ।

३. प्रदेश प्रतिनिधि भेला ।

४. प्रदेस अनुशासन समिति ।

५. प्रदेस जनमत संकलन आयोग ।

६. जिल्ला अनुसन्धान तथा गुप्तचर आयोग ।

**धारा- ४२. प्रदेस अधिवेसन :**

१. प्रदेश समितिले हरेक चार वर्षमा प्रदेश अधिवेशन आयोजना गर्नेछ र प्रदेश अधिवेशन पार्टीको प्रदेशभित्रको सर्वोच्च निकाय हुनेछ ।

२. प्रदेश निर्वाचन सम्पन्न भएको १ वर्षभित्र पार्टीले प्रदेश अधिवेशन गर्नेछ ।

३. यदि प्रदेश सभाले आफ्नो ५ वर्षीय कार्यकाल पूरा नगरी प्रदेशमा मध्यावधि चुनाव भएमा प्रदेश अधिवेशन सो चुनावको १ वर्षभित्र गरिसक्नु पर्नेछ ।

४. प्रदेश अधिवेशन गठन देहाय बमोजिम हुनेछन :

(क) गाँउपालिकाबाट ३ जना : पालिका समितिले आफूहरुमध्येबाट मनोनीत गरेको पालिका अध्यक्ष १ जना, पालिकाका सदस्यहरुमध्येबाट प्रदेश अधिवेशनका प्रतिनिधिको रुपमा मनोनीत अन्य २ जना ।

(ख) नगरपालिकाबाट ४ जना : नगरपालिका समितिले आफूहरुमध्येबाट मनोनीत गरेको नगरपालिका अध्यक्ष १ जना, नगरपालिकाका सदस्यहरुमध्येबाट प्रदेश अधिवेशनका प्रतिनिधिको रुपमा मनोनीत अन्य ३ जना ।

(ग) उपमहानगरपालिकाबाट ६ जना : उपमहानगरपालिका समितिले आफूहरुमध्येबाट मनोनीत गरेका उपमहानगरपालिका अध्यक्ष १ जना, उपमहानगरपालिकाका सदस्यहरुमध्येबाट प्रदेश अधिवेशनका प्रतिनिधिको रुपमा मनोनीत अन्य ५ जना ।

(घ) महानगरपालिकाबाट ७ जना : महानगरपालिका समितिले आफूहरुमध्येबाट मनोनीत गरेका महानगरपालिका अध्यक्ष १ जना, महानगरपालिकाका सदस्यहरुमध्येबाट प्रदेश अधिवेशनका प्रतिनिधिको रुपमा मनोनीत अन्य ६ जना ।

(ङ) जिल्लाबाट ९ जना : जिल्ला समितिबाट अध्यक्ष, उपाध्यक्ष, सचिव ३ जना जिल्ला सदस्यहरुमध्येबाट प्रदेश अधिवेशनका प्रतिनिधिको रुपमा मनोनीत अन्य ६ जना ।

(च) प्रदेश समितिबाट अध्यक्ष, उपाध्यक्ष, सचिव लगायत अन्य सबै पदाधिकारी ।

(छ) पार्टीका तर्फबाट निर्वाचित प्रदेशभित्रका पालिका अध्यक्ष र उपाध्यक्ष वा प्रमुख र उपप्रमुख, प्रदेश सभा सदस्य, प्रतिनिधि सभा सदस्य वा राष्ट्रय सभा सदस्यका रुपमा निर्वाचित जनप्रतिनिधिहरु ।

४. प्रदेश अधिवेशनको प्रक्रिया :

(क) विधान बमोजिम प्रदेश अधिवेशनको अवधि सकिनु ६ महिनाअघि केन्द्रीय निर्वाचन आयोगले प्रदेश समितिलाई प्रदेश अधिवेशन आयोजना गर्ने मिति र स्थान सिफारिस गर्नेछ ।

(ख) केन्द्रीय निर्वाचन आयोगको सिफारिसमा प्रदेश समितिले प्रदेश अधिवेशन आयोजना गर्ने उपयुक्त मिति र स्थान तोक्नेछ ।

(ग) केन्द्रीय निर्वाचन आयोगले प्रदेश अधिवेशन सम्बन्धी सम्पूर्ण निर्वाचन प्रक्रिया पूरा गर्नेछ ।

(घ) प्रदेश अध्यक्षले प्रदेश अधिवेशनको अध्यक्षता गर्नेछन् ।

(ङ) प्रदेश समितिले प्रदेश अधिवेशन आयोजना गर्नेछ ।

**धारा- ४३. प्रदेस अधिवेसनका काम कर्तव्य र अधिकर :**

प्रदेश अधिवेशनका काम कर्तव्य र अधिकार देहायबमोजिम् हुनेछन् :

१. प्रदेस अधिवेशन सञ्चालन गर्न अध्यक्ष-१, उपाध्यक्ष- १ गरी १३ सदस्यीय अधिवेसन समिति र आवश्यक संरचना गठन गर्ने ।

२. प्रदेश समितिको तर्फबाट आवश्यक ठानी प्रस्तुत गरेका राजनीतिक प्रतिवेदन, संगठनात्मक प्रस्ताव र आर्थिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

३. प्रदेश समितिले लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

४. प्रदेश समितिका अध्यक्ष, उपाध्यक्ष लगायतका पदाधिकारी तथा सदस्यहरूको निर्वाचन गर्ने ।

**धारा- ४४. प्रदेस प्रतिनिधि भेला :**

१. प्रदेश प्रतिनिधि भेलाका प्रतिनिधिहरू अर्को प्रदेश महाधिवेशनका लागि प्रतिनिधि निर्वाचित नभएसम्म प्रदेश अधिवेशनका सदस्य हुनेछन् र यो प्रदेश अधिवेशनप्रति उत्तरदायी हुनेछ , प्रदेश अधिवेशन र प्रदेश भेला बीचको अवधि न्यूनतम ६ महिना र अधिकतम १८ महिना हुनेछ ।

२. प्रदेश समितिले दुई अधिवेशनको बीचमा आवश्यकता अनुसार राष्ट्रिय प्रतिनिधि भेला आयोजना गर्नेछ ।

३. पार्टीको प्रदेशभित्रको सर्वोच्च कार्यकारी निकाय हुनेछ ।

४. प्रदेश भेलाका प्रतिनिधिहरु देहाय बमोजिम हुनेछन् :

(क) गाँउपालिकाबाट ३ जना : गाँउपालिका समितिले आफूहरुमध्येबाट मनोनीत गरेको पालिका अध्यक्ष लगायत ३ जना , अध्यक्ष उपस्थित हुन नसक्ने अवस्थामा अध्यक्षले चयन/सिफारिस गरेको व्यक्ती समावेस गर्न सकिने ।

(ख) नगरपालिकाबाट ५ जना : नगरपालिका समितिले आफूहरुमध्येबाट मनोनीत गरेको नगरपालिका अध्यक्ष लगायत ५ जना , अध्यक्ष उपस्थित हुन नसक्ने अवस्थामा अध्यक्षले चयन/सिफारिस गरेको व्यक्ती समावेस गर्न सकिने ।

(ग) उपमहानगरपालिकाबाट ७ जना : उपमहानगरपालिका समितिले आफूहरुमध्येबाट मनोनीत गरेका उपमहानगरपालिका अध्यक्ष, सचिव लगायत ७ जना , अध्यक्ष उपस्थित हुन नसक्ने अवस्थामा अध्यक्षले चयन/सिफारिस गरेको व्यक्ती समावेस गर्न सकिने ।

(घ) महानगरपालिकाबाट ९ जना : महानगरपालिका समितिले आफूहरुमध्येबाट मनोनीत गरेका महानगरपालिका अध्यक्ष, उपाध्यक्ष सचिव लगायत ९ जना , अध्यक्ष उपस्थित हुन नसक्ने अवस्थामा अध्यक्षले चयन/सिफारिस गरेको ब्यत्ती समावेस गर्न सकिन ।

(ङ) जिल्ला समितिबाट अध्यक्ष, उपाध्यक्ष र सचिव, लगायत ११ जना अध्यक्ष उपस्थित हुन नसक्ने अवस्थामा अध्यक्षले चयन/सिफारिस गरेको ब्यत्ती समावेस गर्न सकिन ।

(च) प्रदेश समितिबाट अध्यक्ष, उपाध्यक्ष, सचिव लगायत अन्य सबै पदाधिकारी ।

(छ) पार्टीका तर्फबाट निर्वाचित प्रदेस भित्रका पालिका अध्यक्ष र उपाध्यक्ष वा प्रमुख र उपप्रमुख, प्रदेश सभासदस्यरुपमा निर्वाचित जनप्रतिनिधिहरु ।

**धारा- ४५. प्रदेस प्रतिनिधि भेलाका काम कर्तव्य र अधिकार :**

१. प्रदेश समिति र प्रदेश भित्रका अन्य पार्टी निकायका तर्फबाट प्रस्तुत राजनीतिक र संगठनात्मक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

२. प्रदेश समिति र प्रदेश भित्रका अन्य पाटी निकायका समग्र कामको समीक्षा गर्ने र पार्टी पंतिलाइ सधै जनता र राष्ट्रिय हितको पक्षमा प्रतिबद्ध भइ अगाडी बढ्न आवश्यक निर्देशन दिने ।

३. प्रदेश अनुशासन समिति, प्रदेस समिति र प्रदेश भित्रका अन्य पार्टी निकायका प्रतिवेदनहरुमाथि छलफल गरी पारित गर्ने र आवश्यक निर्देशन दिन ।

४. निर्वाचित प्रदेस समितिका सदस्यहरुमध्येबाट पार्टीको विधान बमोजिम कुनै प्रदेस समिति वा प्रदेश भित्रका अन्य पार्टी निकायका पदाधिकारी र सदस्यहरुको रित्त पदको निर्वाचन गरी पूर्णता दिने ।

५. प्रदेश प्रतिनिधि भेला सञ्चालन गर्न आवश्यक संरचना गठन गर्ने ।

**धारा- ४६. प्रदेश समिति :**

१. प्रदेश समिति पार्टीको अधिवेशन र प्रदेस प्रतिनिधि भेलापछिको प्रदेशभित्र पार्टीको सर्वोच्च कार्यकारी संस्था हुनेछ । प्रदेश समिति प्रदेश अधिवेशन र केन्दिय समितिप्रति उत्तरदायी रहनेछ ।

२. प्रदेस अधिवेशनले अध्यक्ष- १, उपाध्यक्ष- १, सचिव- १, उपसचिव- ३ समेत उपधारा ३ बमोमिका सदस्यहरुको प्रदेस समितिको निर्वाचन गर्नेछ। प्रदेश समितिका उमेदवारका लागी सम्बनधित कार्यकालमा वडा पालिका र जिल्ला समितिमा आवद्ध नभयको हुनुपर्ने छ। जिल्ला समितिका अध्यक्षहरू प्रदेस समितिका पदेन सदस्य हुनेछन्।

३. प्रदेश समितिको अधिकतम संख्या ५५ हुनेछ। यो संख्यामा प्रदेशअन्तर्गतका निर्वाचन क्षेत्रबाट ३ जनाका दरले कायम हुने छ। संख्या थप गर्नुपर्ने अवस्थामा ६१ जना भित्र रहने गरी संख्या थप गर्न सकिनेछ। प्रदेश समितिमा प्रदेशको विविधता प्रतिबिम्बित हुने गरी समावेशीकरण गरिनेछ।

४. प्रदेश समितिको निर्वाचनमा कम्तीमा एकतिहाई महिलासहित नेपालामा हुने महिलाप्रतिको भेदभाव हटाउने गरी सामेल गरिनेछ।

५. प्रदेश समितिको कुल सदस्य संख्याबाट कम्तीमा ५० प्रतिसत (३२ -४०) उमेरका युवा समावेस गरिनेछ।

६. अधिवेशनबाट नयाँ प्रदेश समिति गठनभई शपथग्रहण गरेपछि पुरानो प्रदेस समिति स्वतः विघटन हुनेछ।

७. उपधारा २ र ३ बमोजिम हुने निर्वाचनमा सम्बन्धित प्रदेशका साधारण सदस्यहरु वा अधिवेशन प्रतिनिधिहरु मात्रै उम्मेदवार हुन पाउने छन्।

८. निर्वाचित प्रदेश समितिको सदस्यको विधान बमोजिम पार्टीको सदस्यता समाप्त हुन गएमा निजको प्रदेश समितिको सदस्यको पद स्वतः खारेज हुनेछ र उक्त पद प्रदेश प्रतिनिधि भेलाबाट पूर्ति गरिनेछ। मनोनीत प्रदेश समितिको सदस्यको पद आवश्यकता बमोजिम प्रदेश अध्यक्षले खारेज गर्न सक्नेछन् र उक्त रिक्त पद सम्बन्धित प्रदेशका पार्टी सदस्यमध्येबाट प्रदेश अध्यक्षको मनोनयनद्वारा पूर्ति गर्न सकीने छ।

**धारा- ४७. प्रदेश समितिको काम कर्तब्य र अधिकार :**

प्रदेश समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

१. प्रदेशभित्र पार्टी कामको नेतृत्व गर्ने। प्रदेश अधिवेशन र प्रदेश भेलाको निर्णय कार्यान्वयन गर्ने, गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने।

२. महाधिवेशन र केन्द्रीय समितिका निर्णयको प्रतिकूल नहुने गरी आफ्नो कार्यक्षेत्र अन्तर्गतका राजनीतिक र संगठनात्मक विषयमा निर्णय गर्ने । प्रदेस समितिको निर्णय र माथिल्लो समितिका निर्देशन कार्यान्वयन गर्ने र गराउने ।

३. प्रदेशभित्रको राजनितिक तथा समसामयिक परिस्थितिका सम्बन्धमा पार्टीको दृष्टिकोण, नीति, कार्यक्रम विस्तार र सञ्चालन गर्न नीति तय गर्ने ।

४. प्रदेशभित्रका राजनीतिक तथा संगठनात्मक विषयमा आवश्यकता अनुसार निर्णय गर्ने ।

५. नेपालको संविधान र प्रचलित कानुन बमोजिम पार्टीको प्रदेश समितिले गर्ने भनी तोकिएका कार्य गर्ने ।

६. नेपालको संविधान वमोजिम संचालन हुने प्रादेशिक तथा स्थानीय तहको निर्वाचनमा पार्टीको घोषणापत्र, नीति, कार्यक्रम तयार गर्ने र निर्वाचनका लागि प्रदेस भित्रका सम्पूर्ण निकायलाई परिचालन गर्ने ।

७. केन्द्रीय समितिबाट निर्धारित नीतिअनुरुप प्रादेशिक तथा स्थानीय तहमा पार्टीका तर्फबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरूलाई नेपालको संविधान वमोजिम प्रदेशसभा संसदीय दल तथा पालिकासभा दलमार्फत नेतृत्व प्रदान गर्ने ।

८. आफ्नो कार्यक्षेत्र भित्रको भौतिक तथा मानवीय विकास र सामाजिक न्यायको लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने । आफ्नो प्रदेशको समग्र विकास र सामाजिक-आर्थिक रूपान्तरणको योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा संयोजन गर्ने । राष्ट्र र जनताको हित र क्षाका लागि जनपरिचालन गर्ने र आवश्यकताअनुसार अन्य कार्यक्रम संचालन गर्ने ।

९. विधान बमोजिम प्रदेशभित्रका आवश्यक संयन्त्र गठन गर्ने र तिनको काम, कर्तव्य र अधिकारको निर्धारण गर्ने । पार्टीका प्रदेशभित्रका समिति, विभाग, आयोग, कार्यदल र अन्य संयन्त्रबीच आवश्यक समन्वय र संयोजन गर्ने ।

१०. पार्टीका प्रदेशभित्रका समिति विभाग, कार्यदल तथा अन्य संयन्त्रका निर्णयहरुलाई आवश्यक संशोधन र सुझावसहित अनुमोदन गर्ने र आवश्यकता अनुसार प्रदेश समितिका सदस्यहरुको कार्य विभाजन गर्ने ।

११. प्रदेशको भौतिक तथा आर्थिक विकासमा सुधिड गर्न उत्पादनमा वृद्धि, स्वरोजगार, रोजगारिता जनजीविकोपार्जनमा सहजता, जनचेतना अभिवृद्धि र सामाजिक न्यायका लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने । राष्ट्रियता, समाजिक एकता, राष्ट्रिय अखण्डता, संवैधानिक सर्वोच्चता, न्यायिक सर्वोच्चता, जनजीविका र जन हितको रक्षाका लागि जनपरिचालन गर्ने र आवश्यकता अनुसार आन्दोलन लगायत अन्य कार्य सञ्चालन गर्ने । पार्टीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार अभियान घोषणा गर्ने र कार्यान्वयन गर्ने, गराउने ।

१२. विधान बमोजिम प्रदेश अधिवेशन र प्रदेश प्रतिनिधि भेलाको आयोजना गर्ने र बैठकमा उठायका निर्णयहरू कार्यान्वयन गर्ने/गराउने । विधानअनुरुप नियमित बैठकको आयोजना गर्ने अनुगमन गर्ने ।

१३. विधान बमोजिम प्रदेशभित्र पार्टीको आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति स्रोत पहिचान, संकलन र परिचानका लागि आवश्यक काम गर्ने ।

१४. पार्टीको प्रदेश कार्यालयलाई पार्टीको प्रशासनिक एवम दैनिक काम कारवाही सञ्चालनका लागि आवश्यक निर्देशन दिने ।

१५. विधान बमोजिम प्रदेश समितिले गर्ने भनी उल्लेख भएका कार्य गर्ने ।

१६. केन्द्रीय समितिबाट बेला बेलामा जारी हुने निर्णय तथा निर्देशनहरु पालना गर्ने, गराउने ।

१७. जनतालाई प्रशिक्षित गर्ने र संगठित गर्ने । पार्टीका समिति र जनवर्गीय तथा पेशागत सङ्गठनमा रहेका सदस्यहरूलाई आवश्यक निर्देशन दिने र तिनका कार्यहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने । विधानबमोजिम समितिहरुको निर्णय अनुमोदन गर्ने ।

१८. अनुशासन पालना गर्ने, विधानबमोजिम विघटन गर्ने र त्यस्तो निर्णय केन्द्रीय समितिबाट अनुमोदन भएपछि लागू गर्ने । आफ्नो समितिका पदाधिकारी तथा सदस्यलाई अनुशासनको कारबाही गर्ने । अनुशासनको कारबाहीमा परेका व्यक्ति तथा समितिको उजुरीमाथि निर्णय दिने ।

## धारा- ४८. प्रदेश अनुशासन समिति :

१. पदेश अधिवेशनबाट अध्यक्ष- १, उपाध्यक्ष- १ र सचिव- १ समेत ९ सदस्यीय प्रदेस अनुशासन समिति इच्छुक उम्मेदवारहरुमध्येबाट गोलाप्रथाबाट मनोनीत गरी गठन गरिनेछ ।

२. समितिका अध्यक्ष, उपाध्यक्ष र सचिवको मर्यादा प्रदेस समिति सदस्यसरह हुनेछ। अध्यक्षले प्रदेस समितिको बैठकमा भाग लिनेछन् तर निजलाई मताधिकार हुनेछैन ।

३. समिति प्रदेस अधिवेशन र प्रदेश प्रतिनिधि भेलाप्रति उत्तरदायी रहनेछ ।

४. समितिका पदाधिकारी र सदस्यहरू पार्टीका अन्य कुनै समिति, निकाय वा जनसङ्गठनमा सङ्गठित हुने छैनन् ।

**धारा- ४९. प्रदेस अनुसासन समितिको काम कर्तब्य र अधिकार :**

प्रदेस अनुसासन समितिका काम कर्तब्य र अधिकार देहायबमोजिम हुनेछ

१. पार्टीका प्रदेस भित्रका निकायका पदाधिकारी र सदस्यलगायत सबै तहका पार्टी समिति र सदस्यले पार्टी निर्णय, निर्देशन र अनुशासनको पालना गरे/नगरेको अनुगमन गर्ने र अनुशासनको पालना गर्न/गराउन सम्बन्धित समितिलाइ निर्देशन दिने ।

२. प्रदेस भित्रका कुनै पनि तहका सदस्यको पार्टी निर्णय विपरीतका क्रियाकलाप, आर्थिक अनियमितता र नैतिक चरित्रसँग सम्बन्धित विषयमा प्रश्न उठी उजुरी परेमा वा जानकारी भएमा छानबिन गर्ने र प्रदेश समिति वा केन्द्रीय समितिमा प्रस्तुत गर्ने ।

३. अनुशासनको कारबाहीका सम्बन्धमा चित्त नबुभ्की लिखित उजुरी वा पुनरावेदन दिने सदस्य वा समितिको उजुरी वा पुनरावेदनउपर आवश्यक छानवीन तथा निर्णय गर्ने र कार्यान्वनयका लागि प्रदेस वा केन्द्रिय समितिमा लेखीत पठाउने ।

४. पार्टीका तोकिएबमोजिमका प्रदेस भित्रका समिति सदस्य र जनप्रतिनिधिमूलक संस्था, पार्टीको तर्फबाट निर्वाचित जनप्रतितिधिहरु, एवं लाभको पदमा रहेर काम गर्ने पार्टी सदस्यको नियुक्ति हुँदा, बहाल रहँदा र अवकाश पाउँदाको अवस्थामा सम्पत्ति विवरण लिने, अभिलेख राख्ने र वार्षिक रुपमा अद्यावधिक गर्ने र आवश्यकताअनुसार छानविन गर्ने ।

५. आफ्ना कामको प्रतिवेदन प्रदेस समिति, प्रदेश अधिवेशन र प्रदेश प्रतिनिधि भेलामा प्रस्तुत गर्ने ।

६. प्रदेश भित्रका आयोग, समिति, विभागका अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्यहरूमाथि अनुशासनको कारबाही गर्ने र निजहरूको राजीनामा स्वीकृत गर्ने ।

७. प्रदेश अनुसासन समितिका अन्य सदस्यले समितिको अध्यक्षलाइ र अध्यक्षले प्रदेस समितिलाई राजीनामा दिने ।

८. समितिका पदाधिकारी तथा सदस्यको पद रिक्त भएमा प्रदेश अनुसासन समितिले प्रदेश भित्रका पार्टी सदस्यहरुमा खुल्ला आहवान गरी प्रदेश समितिले तोकेबमोजिमको योग्यता पुगेका इच्छुक उमेदवारहरुमध्यबाट पद पुर्तिका लागी गोलाप्रथाबाट मनोनयन गर्ने ।

९. प्रदेश समितिको दुईतिहाइ बहुमतले प्रदेश अनुसासन समितिका सदस्यहरुलाई महाअभियोग लगाई समितिबाट निष्कासन गर्न सक्ने र केन्द्रिय समितिले प्रत्यक्ष रुपमा प्रदेश अनुसासन समिति बिगठन र पदाधिकारी निष्कासन गर्न सक्नेछ ।

१०. प्रदेश अनुसासन समितिले आफ्नो कार्यान्वयन नियमावली आफै बनाउने ।

**धारा- ५०. प्रदेश जनमत संकलन आयोग :**

१. प्रदेश समितिले अध्यक्ष-१, उपाध्यक्ष-१ गरी ११ सदस्यीय जनमत संकलन आयोगको गठन हुनेछ ।

२. जनमत संकलन आयोगका अध्यक्ष, उपाध्यक्ष, सचिव र अन्य सदस्यहरूको मर्यादा प्रदेश समितिका सदस्यसरह हुनेछ ।

३. पार्टीले मुलुकको हित र आर्थिक उन्नतिका लागि उठायका मुद्दाहरुमा जनताको सल्लाह सुझाव, जनमत संकलन गर्ने र केन्द्रिय वा प्रदेश समितिको बैठकमा पेस गर्ने ।

४. पार्टीले उठायका मुद्दाहरुलाइ सामाजिक सञ्जाल वा अन्य माध्यमबाट जनता समक्ष पुऱ्याइ जनताका प्रतिकिया लिने र प्रतिवेदन केन्द्रिय वा प्रदेश समितिमा पेसगर्ने ।

५. केन्द्रीय वा प्रदेश समितिले तोकेका अन्य कार्य गर्ने ।

भाग पाँच

## पार्टीका जिल्ला स्तरिय संगठनात्मक संरचना

**धारा- ५१. पार्टीका जिल्ला स्तरिय तह :**

देशको राजनीतिक तथा प्रशासनिक विभाजन र नामाकरणअनुरूप पार्टीका जिल्ला भित्रका समिति हरुको नामाकरण गरिनेछ। पार्टीका जिल्ला सङ्गठनात्मक ढाँचा र नामाकरण देहायबमोजिम हुनेछ

१. जिल्ला प्रतिनिधि भेला।

२. जिल्ला अधिवेशन।

३. जिल्ला समिति।

४. जल्लिा अनुशासन समिति।

५. जिल्ला जनमत संकलन आयोग।

६. जिल्ला अनुसन्धान तथा गुप्तचर आयोग।

७. सल्लाह तथा परामर्स समिति।

**धारा- ५२. जिल्ला प्रतिनिधि भेला :**

१. जिल्ला प्रतिनिधि भेलाका प्रतिनिधिहरू अर्को जिल्ला महाधिवेशनका लागि प्रतिनिधि निर्वाचित नभएसम्म जिल्ला अधिवेशनका सदस्य हुनेछन् र यो जिल्ला अधिवेशनप्रति उत्तरदायी हुनेछ , जिल्ला अधिवेशन र जिल्ला भेला बीचको अवधि न्यूनतम ६ महिना र अधिकतम १८ महिना हुनेछ।

२. जिल्ला समितिले दुई अधिवेशनको बीचमा आवश्यकता अनुसार जिल्ला प्रतिनिधि भेला आयोजना गर्नेछ।

३. पार्टीको जिल्लाभित्रको सर्वोच्च कार्यकारी निकाय हुनेछ।

४. जिल्ला प्रतिनिधि भेला देहाय बमोजिम हुनेछ :

(क) गाँउपालिकाबाट ४ जना : पालिका समितिले आफूहरुमध्येबाट मनोनीत गरेको पालिका अध्यक्ष लगायत ४ जना , अध्यक्ष उपस्थित हुन नसक्ने अवस्थामा अध्यक्षले चयन/सिफारिस गरेको ब्यत्ती समावेस गर्न सकिने ।

(ख) नगरपालिकाबाट ६ जना : नगरपालिका समितिले आफूहरुमध्येबाट मनोनीत गरेको नगरपालिका अध्यक्ष लगायत ६ जना , अध्यक्ष उपस्थित हुन नसक्ने अवस्थामा अध्यक्षले चयन/सिफारिस गरेको ब्यत्ती समावेस गर्न सकिने ।

(ग) उपमहानगरपालिकाबाट ९ जना : उपमहानगरपालिका समितिले आफूहरुमध्येबाट मनोनीत गरेका उपमहानगरपालिका अध्यक्ष, सचिव लगायत ९ जना , अध्यक्ष उपस्थित हुन नसक्ने अवस्थामा अध्यक्षले चयन/सिफारिस गरेको ब्यत्ती समावेस गर्न सकिने ।

(घ) महानगरपालिकाबाट ११ जना : महानगरपालिका समितिले आफूहरुमध्येबाट मनोनीत गरेका महानगरपालिका अध्यक्ष, उपाध्यक्ष सचिव लगायत ११ जना , अध्यक्ष उपस्थित हुन नसक्ने अवस्थामा अध्यक्षले चयन/सिफारिस गरेको ब्यत्ती समावेस गर्न सकिन ।

(ङ) जिल्ला समितिबाट अध्यक्ष, उपाध्यक्ष र सचिव लगायत सबै सदस्य समावेस हुने छन् ।

(छ) पार्टीका तर्फबाट निर्वाचित जिल्ला भित्रका पालिका अध्यक्ष र उपाध्यक्ष वा प्रमुख र उपप्रमुख निर्वाचित जनप्रतिनिधिहरु ।

**धारा- ५३. जिल्ला प्रतिनिधि भेलाका काम कर्तव्य र अधिकार :**

१. जिल्ला समिति र जिल्ला भित्रका अन्य पार्टी निकायका तर्फबाट प्रस्तुत राजनीतिक र संगठनात्मक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

२. जिल्ला समिति र जिल्ला भित्रका अन्य पाटी निकायका समग्र कामको समीक्षा गर्ने र पार्टी पंतिलाइ सधै जनता र राष्ट्रिय हितको पक्षमा प्रतिबद्ध भइ अगाडी बढ्न आवश्यक निर्देशन दिने ।

३. जिल्ला अनुशासन समिति, जिल्ला समिति र जिल्ला भित्रका अन्य पार्टी निकायका प्रतिवेदनहरुमाथि छलफल गरी पारित गर्ने र आवश्यक निर्देशन दिने ।

४. निर्वाचित जिल्ला समितिका सदस्यहरुमध्येबाट पार्टीको विधान बमोजिम कुनै जिल्ला समिति वा जिल्ला भित्रका अन्य पार्टी निकायका पदाधिकारी र सदस्यहरुको रिक्त पदको निर्वाचन गरी पूर्णता दिने ।

५. जिल्ला प्रतिनिधि भेला सञ्चालन गर्न आवश्यक संरचना गठन गर्ने ।

**धारा- ५४. जिल्ला अधिवेसन :**

१. जिल्ला समितिले हरेक तिन वर्षमा जिल्ला अधिवेशन आयोजना गर्नेछ र जिल्ला अधिवेशन पार्टीको जिल्लाभित्रको सर्वोच्च निकाय हुनेछ ।

२. यदि प्रदेश सभाले आफ्नो ५ वर्षीय कार्यकाल पूरा नगरी प्रदेशमा मध्यावधि चुनाव भएमा जिल्ला अधिवेशन सो चुनावको १ वर्षभित्र गरिसक्नु पर्नेछ ।

४. जिल्ला अधिवेशनमा देहायबमोजिमका प्रतिनिधिहरू सहभागी हुनेछन् :

(क) जिल्लाबाट : जिल्ला समितिका अध्यक्ष लगायतका पदाधिकारी र अन्य सबै सदस्यहरू ।

(ख) सल्लाहकार समितिबाट १५ जना : सल्लाहकार समितिका अध्यक्ष लगायतका अन्य पदाधिकारी हरू सहभागी हुनेछन् । निर्वाचित प्रतिनिधिहरू बाहेक सल्लाहकार समितिका अन्य सदस्यहरू जिल्ला अधिवेशनमा सहभागी हुनेछन् तर उनीहरूलाई मताधिकार हुनेछैन ।

(ग) निर्वाचित प्रतिनिधिको पाँच प्रतिशतमा नबढ्ने गरी जिल्ला समितिबाट मनोनित प्रतिनिधिहरू ।

(घ) गाँउपालिका, नगरपालिकाबाट ९ जना : गाँउपालिका, नगरपालिका समितिले आफूहरुमध्येबाट मनोनीत गरेका अध्यक्ष लगायत अन्य ८ जना सदस्यहरु सहभागी हुने छन् ।

(ङ) उपमहानगरपालिका, महानगरपालिकाबाट १३ जना : उपमहानगरपालिका, महानगरपालिकाबाट समितिले आफूहरुमध्येबाट मनोनीत गरेका अध्यक्ष लगायत अन्य १२ जना सदस्यहरु सहभागी हुने छन् ।

४. जिल्ला अधिवेशनको प्रक्रिया :

(क) विधान बमोजिम जिल्ला अधिवेशनको अवधि सकिनु ६ महिनाअघि केन्द्रीय निर्वाचन आयोगले जिल्ला समितिलाई जिल्ला अधिवेशन आयोजना गर्ने मिति र स्थान सिफारिस गर्नेछ ।

(ख) केन्द्रीय निर्वाचन आयोगको सिफारिसमा जिल्ला समितिले जिल्ला अधिवेशन आयोजना गर्ने उपयुक्त मिति र स्थान तोक्नेछ ।

(ग) केन्द्रीय निर्वाचन आयोगले जिल्ला अधिवेशन सम्बन्धी सम्पूर्ण निर्वाचन प्रक्रिया पूरा गर्नेछ ।

(घ) जिल्ला अध्यक्षले प्रदेश अधिवेशनको अध्यक्षता गर्नेछन् ।

(ङ) जिल्ला समितिले जिल्ला अधिवेशन आयोजना गर्नेछ ।

**धारा- ५५. जिल्ला अधिवेसनको काम कर्तव्य र अधिकार :**

जिल्ला अधिवेशनको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

१. जिल्ला अधिवेशन सञ्चालन गर्न अध्यक्ष-१, उपाध्यक्ष- १ गरी १३ सदस्यीय अधिवेसन समिति र आवश्यक संरचना गठन गर्ने ।

२. जिल्ला समितिको तर्फबाट आवश्यक ठानी प्रस्तुत गरेका राजनीतिक, संगठनात्मक र आर्थिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

३. जिल्ला समितिले लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

४. जिल्ला समितिका अध्यक्ष, उपाध्यक्ष लगायतका पदाधिकारी तथा सदस्यहरूको निर्वाचन गर्ने ।

**धारा- ५६. जिल्ला समिति :**

१. जिल्ला समिति पार्टीको जिल्ला अधिवेशन र जिल्ला प्रतिनिधि भेलापछिको जिल्लाभित्र पार्टीको सर्वोच्च कार्यकारी संस्था हुनेछ । जिल्ला समिति जिल्ला अधिवेशन प्रदेश समिति र केन्दिय समितिप्रति उत्तरदायी रहनेछ ।

२. जिल्ला अधिवेशनले अध्यक्ष- १, उपाध्यक्ष- १, सचिव- १, उपसचिव- २ समेत उपधारा ३ बमोमिका सदस्यहरुको जिल्ला समितिको निर्वाचन गर्नेछ । जिल्ला समितिका उमेदवारका लागी सम्बनधित कार्यकालमा वडा र पालिका समितिमा आवद्ध नभयको हुनुपर्ने छ । जिल्ला समितिका अध्यक्षहरू प्रदेस समितिका पदेन सदस्य हुनेछन् ।

३. जिल्ला समितिको अधिकतम संख्या ८१ हुनेछ । यो संख्यामा जिल्ला अन्तर्गतका ,तिनिधिसभाको प्रत्येक निर्वाचन क्षेत्र बराबर १७ जनाका दरले कायम हुने छ । संख्या थप गर्नुपर्ने अवस्थामा ९१ जना भित्र रहने गरी संख्या थप गर्न सकिनेछ । जिल्ला समितिमा जिल्लाभित्रको विविधता प्रतिबिम्बित हुने गरी समावेशीकरण गरिनेछ ।

४. जिल्ला समितिको निर्वाचनमा कम्तीमा एकतिहाई महिलासहित नेपालामा हुने महिलाप्रतिको भेदभाव हटाउने गरी सामेल गरिनेछ ।

५. जिल्ला समितिको कुल सदस्य संख्याबाट कम्तीमा ५० प्रतिसत (३२ -४०) उमेरका युवा समावेस गरिनेछ ।

६. अधिवेशनबाट नयाँ जिल्ला समिति गठनभई शपथग्रहण गरेपछि पुरानो जिल्ला समिति स्वतः विघटन हुनेछ ।

७. विधान बमोजिम पार्टीको सदस्यता समाप्त हुन गएमा निजको जिल्ला समितिको सदस्यको पद स्वतः खारेज हुनेछ र उक्त पद जिल्ला प्रतिनिधि भेलाबाट पूर्ति गरिनेछ । मनोनीत जिल्ला समितिको सदस्यको पद आवश्यकता बमोजिम जिल्ला अध्यक्षले खारेज गर्न सक्नेछन् र उक्त रिक्त पद सम्बन्धित जिल्लाका पार्टी सदस्यमध्येबाट जिल्ला अध्यक्षको मनोनयनद्वारा पूर्ति गरिनेछ ।

**धारा- ५७. जिल्ला समितिको काम कर्तब्य र अधिकार :**

जिल्ला समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. जिल्लाभित्र पार्टीको कामको नेतृत्व गर्ने । जिल्ला अधिवेशन र जिल्ला भेलाको निर्णय कार्यान्वयन गर्ने, जिल्ला समितिको निर्णय र माथिल्लो समितिको निर्णय निर्देशन कार्यान्वयन गर्ने गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।

२. महाधिवेशन प्रदेश समिति र केन्द्रीय समितिका निर्णयको प्रतिकूल नहुने गरी आफ्नो कार्यक्षेत्र अन्तर्गतका राजनीतिक र संगठनात्मक विषयमा निर्णय गर्ने । जिल्ला समितिको निर्णय र माथिल्लो समितिका निर्देशन कार्यान्वयन गर्ने र गराउने ।

३. जिल्लाभित्रको राजनितिक तथा समसामयिक परिस्थितिका सम्बन्धमा पार्टीको दृष्टिकोण, नीति, कार्यक्रम विस्तार र सञ्चालन गर्न नीति तय गर्ने ।

४. जिल्लाभित्रका राजनीतिक तथा संगठनात्मक विषयमा आवश्यकता अनुसार निर्णय गर्ने ।

५. नेपालको संविधान र प्रचलित कानुन बमोजिम पार्टीको जिल्ला समितिले गर्ने भनी तोकिएका कार्य गर्ने ।

६. नेपालको संविधान वमोजिम संचालन हुने जिल्लाभित्रका निर्वाचनमा पार्टीको घोषणापत्र, नीति, कार्यक्रम तयार गर्ने र निर्वाचनका लागि जिल्ला भित्रका सम्पूर्ण निकायलाई परिचालन गर्ने ।

७. केन्द्रीय समितिबाट निर्धारित नीतिअनुरुप जिल्ला भित्र पार्टीका तर्फबाट प्रतिनिधित्व गर्ने ।

८. आफ्नो कार्यक्षेत्र भित्रको भौतिक तथा मानवीय विकास र सामाजिक न्यायको लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने । आफ्नो प्रदेशको समग्र विकास र सामाजिक-आर्थिक रूपान्तरणको योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा संयोजन गर्ने ।

९. विधानमा बमोजिम जिल्लाभित्रका आवश्यक संयन्त्र गठन गर्ने र तिनको काम, कर्तव्य र अधिकारको निर्धारण गर्ने । पार्टीका जिल्लाभित्रका समिति, विभाग, आयोग, कार्यदल र अन्य संयन्त्रबीच आवश्यक समन्वय र संयोजन गर्ने ।

१०. पार्टीको जिल्लाभित्रका समिति विभाग तथा अन्य संयन्त्रका निर्णयहरुलाई आवश्यक संशोधन र सुझावसहित अनुमोदन गर्ने र आवश्यकता अनुसार जिल्ला समितिका सदस्यहरुको कार्य विभाजन गर्ने ।

११. जिल्लाको भौतिक तथा आर्थिक विकासमा सुधिड गर्न उत्पादनमा वृद्धि, स्वरोजगार, रोजगारिता जनजीविकोपार्जनमा सहजता, जनचेतना अभिवृद्धि र सामाजिक न्यायका लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने । राष्ट्रियता, समाजिक एकता, राष्ट्रिय अखण्डता, संवैधानिक सर्वोच्चता, न्यायिक सर्बोच्चता, जनजीविका र जन हितको रक्षाका लागि जनपरिचालन गर्ने र आवश्यकता अनुसार अभियान, आन्दोलन लगायत अन्य कार्य सञ्चालन गर्ने । पार्टीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार अभियान घोषणा गर्ने र कार्यान्वयन गर्ने, गराउने ।

१२. विधान बमोजिम जिल्ला अधिवेशन र जिल्ला प्रतिनिधि भेलाको आयोजना गर्ने र बैठकमा उठायका निर्णयहरू कार्यान्वयन गर्ने/गराउने । विधानअनुरुप नियमित बैठकको आयोजना गर्ने अनुगमन गर्ने ।

१३. विधान बमोजिम जिल्लाभित्र पार्टीको आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति स्रोत पहिचान, संकलन र परिचानका लागि आवश्यक काम गर्ने ।

१४. पार्टीको जिल्ला कार्यालयलाई पार्टीको जिल्ला भित्रको प्रशासनिक एवम दैनिक काम कारवाही सञ्चालनका लागि आवश्यक निर्देशन दिने ।

१५. विधान बमोजिम जिल्ला समितिले गर्ने भनी उल्लेख भएका कार्य गर्ने ।

१६. केन्द्रीय समितिबाट, प्रदेश समितिबाट बेलाबेलामा जारी हुने निर्णय तथा निर्देशनहरु पालना गर्ने, गराउने ।

१७. जनतालाई प्रशिक्षित गर्ने र संगठित गर्ने ।

१८. अनुशासन पालना गर्ने, आफ्नो समितिका पदाधिकारी तथा सदस्यलाई अनुशासनको कारबाही गर्ने । अनुशासनको कारबाहीमा परेका व्यक्ति तथा समितिको उजुरीमाथि निर्णय दिने ।

**धारा- ५८. जिल्ला अनुशासन समिति :**

१. जिल्ला अधिवेशनबाट अध्यक्ष- १, उपाध्यक्ष- १ र सचिव- १ समेत २१ सदस्यीय प्रदेस अनुशासन समिति गठन गरिनेछ ।

२. समितिका अध्यक्ष, उपाध्यक्ष र सचिवको मर्यादा जिल्ला समिति सदस्यसरह हुनेछ । अध्यक्षले जिल्ला समितिको बैठकमा भाग लिनेछन् तर निजलाई मताधिकार हुनेछैन ।

३. जिल्ला समिति केन्द्रिय समिति, प्रदेश समिति, जिल्ला अधिवेशन र जिल्ला प्रतिनिधि भेलाप्रति उत्तरदायी रहनेछ ।

४. समितिका पदाधिकारी र सदस्यहरू पार्टीका अन्य कुनै समिति, निकाय वा जनसङ्गठनमा सङ्गठित हुने छैनन् ।

**धारा- ५९. जिल्ला अनुसासन समितिको काम कर्तब्य र अधिकार :**

जिल्ला अनुसासन समितिको काम कर्तब्य र अधिकार देहायबमोजिम हुनेछ

१. पार्टीका जिल्ला भित्रका निकायका पदाधिकारी र सदस्यलगायत सबै तहका पार्टी समिति र सदस्यले पार्टी निर्णय, निर्देशन र अनुशासनको पालना गरे/नगरेको अनुगमन गर्ने र अनुशासनको पालना गर्न/गराउन सम्बन्धित समितिलाइ निर्देशन दिने ।

२. जिल्ला भित्रका कुनै पनि तहका सदस्यको पार्टी निर्णय विपरीतका क्रियाकलाप, आर्थिक अनियमितता र नैतिक चरित्रसँग सम्बन्धित विषयमा प्रश्न उठी उजुरी परेमा वा जानकारी भएमा छानबिन गर्ने र जिल्ला समिति, प्रदेश समिति वा केन्द्रीय समितिमा प्रस्तुत गर्ने ।

३. अनुशासनको कारबाहीका सम्बन्धमा चित्त नबुझी लिखित उजुरी वा पुनरावेदन दिने सदस्य वा समितिको उजुरी वा पुनरावेदनउपर आवश्यक छानवीन तथा निर्णय गर्ने र कार्यान्वनयका लागि जिल्ला, प्रदेस वा केन्द्रिय समितिमा लेखीत पठाउने ।

४. पार्टीका तोकिएबमोजिमका जिल्ला भित्रका समिति सदस्य र जनप्रतिनिधिमूलक संस्था, पार्टीको तर्फबाट निर्वाचित जनप्रतितिधिहरु, एवं लाभको पदमा रहेर काम गर्ने पार्टी सदस्यको नियुक्ति हुँदा, बहाल रहँदा र अवकाश पाउँदाको अवस्थामा सम्पत्ति विवरण लिने, अभिलेख राख्ने र वार्षिक रुपमा अद्यावधिक गर्ने र आवश्यकताअनुसार छानविन गर्ने ।

५. आफ्ना कामको प्रतिवेदन जिल्ला समिति, जिल्ला अधिवेशन र प्रदेश प्रतिनिधि भेलामा प्रस्तुत गर्ने ।

६. जिल्ला भित्रका आयोग, समिति, विभागका अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्यहरूमाथि अनुशासनको कारबाही गर्ने र निजहरूको राजीनामा स्वीकृत गर्ने ।

७. जिल्ला अनुसासन समितिका अन्य सदस्यले समितिको अध्यक्षलाइ र अध्यक्षले जिल्ला समितिलाई राजीनामा दिने ।

८. समितिका पदाधिकारी तथा सदस्यको पद रिक्त भएमा जिल्ला अनुसासन समितिले जिल्ला भित्रका पार्टी सदस्यहरुमा खुल्ला आहवान गरी जिल्ला समितिले तोकेबमोजिमको योग्यता पुगेका इच्छुक उमेदवारहरुमध्यबाट पद पुर्तिका लागी गोलाप्रथाबाट मनोनयन गर्ने ।

९. जिल्ला समितिको दुईतिहाइ बहुमतले जिल्ला अनुसासन समितिका सदस्यहरुलाई महाअभियोग लगाई समितिबाट निष्कासन गर्न सक्ने र प्रदेश, केन्द्रिय समितिले प्रत्यक्ष रुपमा जिल्ला अनुसासन समिति बिगठन र पदाधिकारी निष्कासन गर्न सक्नेछ ।

१०. जिल्ला अनुसासन समितिले आफ्नो कार्यान्वयन नियमावली आफै बनाउने ।

**धारा- ६०. जिल्ला जनमत संकलन आयोग :**

१. जिल्ला समितिले अध्यक्ष-१, उपाध्यक्ष-१ गरी १३ सदस्यीय जनमत संकलन आयोगको गठन गर्ने छ ।

२. जनमत संकलन आयोगका अध्यक्ष उपाध्यक्ष, सचिव र अन्य सदस्यहरूको मर्यादा प्रदेश समितिका सदस्यसरह हुनेछ ।

३. पार्टीले मुलुकको हित र आर्थिक उन्नतिका लागि उठायका मुद्दाहरुमा जनताको सल्लाह सुझाव, जनमत संकलन गर्ने र केन्द्रिय, प्रदेश वा जिल्ला समितिको बैठकमा पेस गर्ने ।

४. पार्टीले उठायका मुद्दाहरुलाइ सामाजिक सञ्जाल वा अन्य माध्यमबाट जनता समक्ष पुऱ्याइ जनताका प्रतिक्रिया लिने र प्रतिवेदन केन्द्रिय, प्रदेश वा जिल्ला समितिमा पेसगर्ने ।

५. केन्द्रीय, प्रदेश वा जिल्ला समितिले तोकेका अन्य कार्य गर्ने ।

**धारा- ६१. जिल्ला अनुसन्धान तथा गुप्तचर आयोग :**

१. प्रदेश अनुसन्धान तथा गुप्तचर आयोको मातहत अध्यक्ष-१, उपाध्यक्ष- १ गरी १९ सदस्यीय जिल्ला अनुसन्धान तथा गुप्तचर आयोग गठन हुनेछ ।

२. जिल्ला अनुसन्धान तथा गुप्तचर आयोगका अध्यक्ष, उपाध्यक्ष, सचिव र अन्य सदस्यहरूको मर्यादा जिल्ला समितिका सदस्यसरह हुनेछ ।

३. जिल्ला अनुसन्धान तथा गुप्तचर आयोगका अध्यक्षले केन्द्रीय समिति, प्रदेस समिति र जिल्ला समितिको बैठकमा भाग लिनेछन् तर निजलाई मताधिकार हुनेछैन ।

४. पार्टी संचालनका निम्ति आवश्यकता अनुसार रणनिती तयार गर्ने र केन्द्रीय, प्रदेश अनुसन्धान तथा गुप्तचर आयोगको निर्देसनमा अवस्यकता अनुसार केन्द्रिय समिति,प्रदेश समिति र अन्य पार्टीका निकाय संग छलफल गर्ने ।

५. रणनिती, योजना र अनुसन्धान प्रति गोपनियता कायम राख्ने

६. जिल्ला अनुसन्धान तथा गुप्तचर आयोगले केन्द्रीय अनुसन्धान तथा गुप्तचर आयोगको निर्देशनमा आवश्यक संरचना गठन गर्ने ।

७. केन्द्रीय, प्रदेश अनुसन्धान तथा गुप्तचर आयोगले तोकेका अन्य कार्य गर्ने ।

८. जिल्ला अनुसन्धान तथा गुप्तचर आयोगले जिल्ला भित्रका समिति सदस्य र जनप्रतिनिधिमूलक संस्था, पार्टीको तर्फबाट निर्वाचित जनप्रतितिधिहरु, एवं लाभको पदमा रहेर काम गर्ने पार्टी सदस्यको वा अन्य ब्यक्तिको नियुक्ति हुँदा, बहाल रहँदा र अवकाश पाउँदाको अवस्थामा सम्पत्ति, आर्थिक अपचलन, भ्रष्ट्राचार या अन्य अपराधीक कृयाकलाप सम्बन्धी गुप्त रुपमा छानबिन गरी कार्वाहिको दायरामा ल्याउने ।

**धारा- ६२. जिल्ला सल्लाह तथा परामर्स समिति :**

१. जिल्ला समितिले आवश्यकता अनुसार सल्लाह-सुझाव लिन आफ्नो जिल्ला समितिको कूल सदस्यभन्दा बढी नहुने गरी सल्लाह तथा परामर्स समिति गठन गर्नेछ । सल्लाह तथा परामर्स समिति  जिल्ला समितिप्रति उत्तरदायी रहनेछ ।

२. जिल्ला सल्लाहकार तथा परामर्स समितिका अध्यक्ष-१, उपाध्यक्ष-१, सचिव-१ सहितको सदस्यहरूको मनोनयन जिल्ला समितिले गर्नेछ ।

३. सल्लाह तथा परामर्स समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव र अन्य सदस्यहरूको मर्यादा जिल्ला समितिका सदस्यसरह हुनेछ ।

४. सल्लाह तथा परामर्स समितिका अध्यक्षले जिल्ला समितिको बैठकमा भाग लिनेछन् तर निजलाई मताधिकार हुनेछैन ।

**धारा- ६३. जिल्ला सल्लाह तथा परामर्स समितिको काम कर्तब्य र अधिकार :**

(क) सल्लाह तथा परामर्स समितिको अध्यक्षले पार्टीको जिल्ला अध्यक्षसँग परामर्श गरी बैठक बोलाउने जिल्ला समिति लाइ निर्देशन दिने र बैठकको अध्यक्षता गर्ने ।

(ख) जिल्ला सल्लाह तथा परामर्स समितिको बैठक आवश्यकता अनुसार पार्टीको जिल्ला अध्यक्षले बोलाउने छन् र आवश्यकता अनुसार जिल्ला सदस्यहरुलाई बैठकमा उपस्थिति र छलफलका लागि बोलाउन सक्नेछन् ।

(ग) सल्लाह तथा परामर्स समितिले आवश्यकता अनुसार पार्टी पंतिलाइ सधै जनता र राष्ट्रिय हितको पक्षमा प्रतिबद्ध भइ अगाडी बढ्न जिल्ला समितिलाइ विभिन्न विषयमा सल्लाह र सुझाव दिने ।

(घ) सल्लाह तथा परामर्स समितिका सदस्यहरुमध्ये जिल्ला समितिले आवश्यकता अनुसार सल्लाहकार समिति बनाई विभिन्न विषयमा सल्लाह लिन दिन सक्नेछ ।

(ङ) जिल्ला, प्रदेश र केन्द्रिय समितिले तोकेका अन्य कार्य गर्ने ।

भाग छ

# पार्टीका पालिका स्तरिय संगठनात्मक संरचना

**धारा- ६४. पार्टीका पालिका स्तरिय तह :**

देशको राजनीतिक तथा प्रशासनिक विभाजन र नामाकरणअनुरूप पार्टीका पालिका तहका समिति हरुको नामाकरण गरिनेछ । पार्टीका पालिका स्तरिय सङ्गठनात्मक ढाँचा र नामाकरण देहायबमोजिम हुनेछ :

१. पालिका भेला ।

२. पालिका अधिवेशन ।

३. पालिका समिति ।

४. पालिका अनुशासन समिति ।

५. पालिका जनमत संकलन आयोग ।

८. पालिका सल्लाह तथा परामर्स समिति ।

**धारा- ६५. पालिका भेला :**

१. पालिका भेलाका प्रतिनिधिहरू अर्को पालिका अधिवेशनका लागि प्रतिनिधि निर्वाचित नभएसम्म पालिका अधिवेशनका सदस्य हुनेछन् र यो पालिका अधिवेशनप्रति उत्तरदायी हुनेछ , पालिका अधिवेशन र पालिका भेला बीचको अवधि न्यूनतम ६ महिना र अधिकतम १८ महिना हुनेछ ।

२. पालिका समितिले दुई अधिवेशनको बीचमा आवश्यकता अनुसार पालिका भेला आयोजना गर्नेछ ।

३. पार्टीको पालिकाभित्रको सर्वोच्च कार्यकारी निकाय हुनेछ ।

४. पालिका भेला देहाय बमोजिम हुनेछ :

(क) गाउँ, टोलबाट ५ जना : गाउँ, टोल समितिले आफूहरुमध्येबाट मनोनीत गरेको गाउँ टोल अध्यक्ष लगायत ५ जना ।

(ख) वडाबाट ७ जना : वडा समितिले आफूहरुमध्येबाट मनोनीत गरेको वडा अध्यक्ष लगायत ७ जना ।

(छ) पार्टीका तर्फबाट निर्वाचित पालिका भित्रका अध्यक्ष र उपाध्यक्ष वा प्रमुख र उपप्रप्रमुख निर्वाचित जनप्रतिनिधिहरु ।

**धारा- ६६. पालिका भेलाका काम कर्तव्य र अधिकार :**

१. पालिका समिति र पालिका भित्रका अन्य पार्टी निकायका तर्फबाट प्रस्तुत राजनीतिक र संगठनात्मक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

२. पालिका समिति र पालिका भित्रका अन्य पाटी निकायका समग्र कामको समीक्षा गर्ने र पार्टी पंतिलाइ सधै जनता र राष्ट्रिय हितको पक्षमा प्रतिबद्ध भइ अगाडी बढ्न आवश्यक निर्देशन दिने ।

३. पालिका अनुशासन समिति, पालिका समिति र पालिका भित्रका अन्य पार्टी निकायका प्रतिवेदनहरुमाथि छलफल गरी पारित गर्ने र आवश्यक निर्देशन दिने ।

४. पालिका समितिका सदस्यहरुमध्येबाट पार्टीको विधान बमोजिम कुनै पालिका समिति वा पालिका भित्रका अन्य पार्टी निकायका पदाधिकारी र सदस्यहरुको रिक्त पदको निर्वाचन गरी पूर्णता दिने ।

५. पालिका भेला सञ्चालन गर्न आवश्यक संरचना गठन गर्ने ।

**धारा- ६७. पालिका अधिवेसन**

१. पालिका समितिले हरेक तिन वर्षमा पालिका अधिवेशन आयोजना गर्नेछ र पालिका अधिवेशन पार्टीको पालिकाभित्रको सर्वोच्च निकाय हुनेछ ।

२. पालिका निर्वाचन सम्पन्न भएको १ वर्ष भित्र पार्टीले पालिका अधिवेशन गर्नेछ । यदि पालिका सभाले आफ्नो ५ वर्षीय कार्यकाल पूरा नगरी पालिकामा मध्यावधि चुनाव भएमा पालिका अधिवेशन सो चुनावको १ वर्षभित्र गरिसक्नु पर्नेछ ।

३. पालिका अधिवेशनमा देहायबमोजिमका प्रतिनिधिहरू सहभागी हुनेछन् :

(क) पालिकाबाट : पालिका समितिका अध्यक्ष लगायतका पदाधिकारी र अन्य सदस्यहरू ।

(ख) सल्लाहकार समितिबाट : सल्लाहकार समितिका अध्यक्ष लगायतका अन्य पदाधिकारी हरू सहभागी हुनेछन् ।

(ग) पालिका समितिले तोकेबमोजिम पार्टी सदस्यबाट निर्वाचित प्रतिनिधिहरु ।

(घ) पालिका समितिबाट मनोनित प्रतिनिधिहरू

४. पलिका अधिवेशनको प्रक्रिया :

(क) विधान बमोजिम पालिका अधिवेशनको अवधि सकिनु ६ महिनाअघि केन्द्रीय निर्वाचन आयोगले पालिका समितिलाई पालिका अधिवेशन आयोजना गर्ने मिति र स्थान सिफारिस गर्नेछ ।

(ख) केन्द्रीय निर्वाचन आयोगको सिफारिसमा पालिका समितिले पालिका अधिवेशन आयोजना गर्ने उपयुक्त मिति र स्थान तोक्नेछ ।

(ग) केन्द्रीय निर्वाचन आयोगले पालिका अधिवेशन सम्बन्धी सम्पूर्ण निर्वाचन प्रक्रिया पूरा गर्नेछ ।

(घ) पालिका अध्यक्षले पालिका अधिवेशनको अध्यक्षता गर्नेछन् ।

(ङ) पालिका समितिले पालिका अधिवेशन आयोजना गर्नेछ ।

**धारा- ६८. पालिका अधिवेसनको काम कर्तव्य र अधिकार :**

पालिका अधिवेशनको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

१. पालिका अधिवेशन सञ्चालन गर्न अध्यक्ष-१, उपाध्यक्ष- १ गरी १३ सदस्यीय अधिवेसन समिति र आवश्यक संरचना गठन गर्ने ।

२. पालिका समितिको तर्फबाट आवश्यक ठानी प्रस्तुत गरेका राजनीतिक, संगठनात्मक र आर्थिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

३. पालिका समितिले लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

४. पालिका समितिका अध्यक्ष, उपाध्यक्ष लगायतका पदाधिकारी तथा सदस्यहरूको निर्वाचन गर्ने ।

**धारा- ६९. पालिका समिति :**

१. पालिका समिति पार्टीको पालिका अधिवेशन र पालिका भेलापछिको पालकिाभित्र पार्टीको सर्वोच्च कार्यकारी संस्था हुनेछ । पालिका समिति पालिका अधिवेशन जिल्ला समिति, प्रिदेश समिति र केन्दिय समितिप्रति उत्तरदायी रहनेछ ।

२. पालिका अधिवेशनले अध्यक्ष- १, उपाध्यक्ष- १, सचिव- १, उपसचिव- १, र कोषाध्यक्ष १ समेत उपधारा ३ बमोमिका सदस्यहरुको पालिका समिति निर्वाचन गर्नेछ। पालिका समितिका उमेदवारका लागी सम्बनधित कार्यकालमा वडा र गाउँ टोल समितिमा आवद्ध नभयको हुनुपर्ने छ।

३. पालिका समितिको अधिकतम संख्या ७१ हुनेछ , नगरपालिका समितिको अधिकतम संख्या ८१ हुनेछ , उपमहानगरपालिका समितिको अधिकतम संख्या १०१ हुनेछ र महानगरपालिका समितिको अधिकतम संख्या १३५ हुनेछ। यो संख्यामा थप गर्नुपर्ने अवस्थामा साबिक संख्यामा ३५ जना थप गर्न सकिनेछ। पालिका समितिमा पालिकाभित्रको विविधता प्रतिबिम्बित हुने गरी समावेशीकरण गरिनेछ।

४. पालिका समितिको निर्वाचनमा कम्तीमा एकतिहाई महिलासहित नेपालामा हुने महिलाप्रतिको भेदभाव हटाउने गरी सामेल गरिनेछ।

५. पालिका समितिको कुल सदस्य संख्याबाट कम्तीमा ५१ प्रतिसत (३२ -४०) उमेरका युवा समावेस गरिनेछ।

६. अधिवेशनबाट नयाँ पालिका समिति गठनभई शपथग्रहण गरेपछि पुरानो पालिका समिति स्वतः विघटन हुनेछ।

७. निर्वाचित पालिका समितिको सदस्यको विधान बमोजिम पार्टीको सदस्यता समाप्त हुन गएमा निजको पालिका समितिको सदस्यको पद स्वतः खारेज हुनेछ र उक्त पद पालिका प्रतिनिधि भेलाबाट पूर्ति गरिनेछ। मनोनीत पालिका समितिको सदस्यको पद आवश्यकता बमोजिम पालिका अध्यक्षले खारेज गर्न सक्नेछन् र उक्त रिक्त पद सम्बन्धित पालिका भित्र पार्टी सदस्यमध्येबाट पालिका अध्यक्षको मनोनयनद्वारा पूर्ति गरिनेछ।

**धारा- ७०. पालिका समितिको काम कर्तब्य र अधिकार :**

पालिका समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

१. पालीकाभित्र पार्टीको कामको नेतृत्व गर्ने। पालिका अधिवेशन र पालिका भेलाको निर्णय कार्यान्वयन गर्ने, पालिका समितिको निर्णय र माथिल्लो समितिको निर्णय निर्देशन कार्यान्वयन गर्ने गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने।

२. अधिवेशन, जिल्ला समिमि, प्रदेश समिति र केन्द्रीय समितिका निर्णयको प्रतिकूल नहुने गरी आफ्नो कार्यक्षेत्र अन्तर्गतका राजनीतिक र संगठनात्मक विषयमा निर्णय गर्ने। पालिका समितिको निर्णय र माथिल्लो समितिका निर्देशन कार्यान्वयन गर्ने र गराउने।

३. पालिकाभित्रको राजनितिक तथा समसामयिक परिस्थितिका सम्बन्धमा पार्टीको दृष्टिकोण, नीति, कार्यक्रम विस्तार र सञ्चालन गर्न नीति तय गर्ने ।

४. पालिकाभित्रका राजनीतिक तथा संगठनात्मक विषयमा आवश्यकता अनुसार निर्णय गर्ने । विधानअनुरुप नियमित बैठकको आयोजना गर्ने र मातहतको समितिको अनुगमन गरी नियमित बैठक तथा अधिवेशन गर्न लगाउने ।

५. नेपालको संविधान र प्रचलित कानुन बमोजिम पार्टीको पालिका समितिले गर्ने भनी तोकिएका कार्य गर्ने ।

६. नेपालको संविधान वमोजिम संचालन हुने पालिकाभित्रका निर्वाचनमा पार्टीको घोषणापत्र, नीति, कार्यक्रम तयार गर्ने र निर्वाचनका लागि पालिका भित्रका सम्पूर्ण निकायलाई परिचालन गर्ने ।

७. केन्द्रीय, प्रदेश, जिल्ला समितिबाट निर्धारित नीतिअनुरुप पालिका भित्र पार्टीका तर्फबाट प्रतिनिधित्व गर्ने ।

८. आफ्नो कार्यक्षेत्र भित्रको भौतिक तथा मानवीय विकास र सामाजिक न्यायको लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने । आफ्नो पालिका समग्र विकास र सामाजिक आर्थिक रूपान्तरणको योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा संयोजन गर्ने ।

९. विधान बमोजिम पालिकाभित्रका आवश्यक संयन्त्र गठन गर्ने र तिनको काम, कर्तव्य र अधिकारको निर्धारण गर्ने । पार्टीको पालिकाभित्रका समिति, विभाग, आयोग र अन्य संयन्त्रबीच आवश्यक समन्वय र संयोजन गर्ने ।

१०. पार्टीको पालिका भित्रका समिति विभाग तथा अन्य संयन्त्रका निर्णयहरुलाई आवश्यक संशोधन र सुझावसहित अनुमोदन गर्ने र आवश्यकता अनुसार पालिका समितिका सदस्यहरुको कार्य विभाजन गर्ने ।

११. पालिकाको भौतिक तथा आर्थिक विकासमा सुधिड गर्न उत्पादनमा वृद्धि, स्वरोजगार, रोजगारिता जनजीविकोपार्जनमा सहजता, जनचेतना अभिवृद्धि र सामाजिक न्यायका लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने । राष्ट्रियता, समाजिक एकता, राष्ट्रिय अखण्डता, संवैधानिक सर्वोच्चता, न्यायिक सर्बोच्चता, जनजीविका र जन हितको रक्षाका लागि जनपरिचालन गर्ने र आवश्यकता अनुसार अभियान आन्दोलन लगायत अन्य कार्य सञ्चालन गर्ने । पार्टीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार अभियान घोषणा गर्ने र कार्यान्वयन गर्ने, गराउने ।

१२. आफू सम्बद्ध स्थानीय तहको निर्वाचन परिचालन गर्ने । संघीय तथा प्रदेश तहको निर्वाचनमा माथिल्लो समितिको निर्देशनअनुरुप परिचालित हुने । केन्द्रीय समितिबाट निर्धारित नीतिअनुरुप स्थानीय तहमा पार्टीका तर्फबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरूलाई नेतृत्व प्रदान गर्ने ।

१३. विधान बमोजिम पालिका अधिवेशन र पालिका प्रतिनिधि भेलाको आयोजना गर्ने र बैठकमा उठायका निर्णयहरू कार्यान्वयन गर्ने/गराउने । विधानअनुरुप नियमित बैठकको आयोजना गर्ने अनुगमन गर्ने ।

१४. विधान बमोजिम पालिकाभित्र पार्टीको आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति स्रोत पहिचान, संकलन र परिचानका लागि आवश्यक काम गर्ने ।

१५. पार्टीको पालिका कार्यालयलाई पार्टीको पालिका भित्रको प्रशासनिक एवम दैनिक काम कारवाही सञ्चालनका लागि आवश्यक निर्देशन दिने ।

१६. विधान बमोजिम पालिका समितिले गर्ने भनी उल्लेख भएका कार्य गर्ने ।

१७. केन्द्रीय समिति, प्रदेश समिति र जिल्ला समितिबाट बेलाबेलामा जारी हुने निर्णय तथा निर्देशनहरु पालना गर्ने, गराउने ।

१८. जनतालाई प्रशिक्षित गर्ने र संगठित गर्ने ।

१९. अनुशासन पालना गर्ने, आफ्नो समितिका पदाधिकारी तथा सदस्यलाई अनुशासनको कारबाही गर्ने । अनुशासनको कारबाहीमा परेका व्यक्ति तथा समितिको उजुरीमाथि निर्णय दिने ।

२०. पालिका समितिको कूल सदस्य संख्याको बिस प्रतिशत भन्दा नबढ्ने गरी सचिवालय गठन गर्ने । तोकिएबमोजिमका विभाग, संयन्त्र र कार्यदल गठन गर्ने, तिनको काम, कर्तव्य र अधिकार तोक्ने ।

**धारा- ७१. पालिका अनुशासन समिति :**

१. जिल्ला अधिवेशनबाट अध्यक्ष- १, उपाध्यक्ष- १ र सचिव- १ समेत २१ सदस्यीय पालिका अनुशासन समिति गठन गरिनेछ ।

२. समितिका अध्यक्ष, उपाध्यक्ष र सचिवको मर्यादा पालिका समिति सदस्यसरह हुनेछ । अध्यक्षले पालिका समितिको बैठकमा भाग लिनेछन् तर निजलाई मताधिकार हुनेछैन ।

३. समिति पालिका समिति, पालिका अधिवेशन र पालिका प्रतिनिधि भेलाप्रति उत्तरदायी रहनेछ ।

४. समितिका पदाधिकारी र सदस्यहरू पार्टीका अन्य कुनै समिति, निकाय वा जनसङ्गठनमा सङ्गठित हुने छैनन् ।

**धारा- ७२. पालिका अनुसासन समितिको काम कर्तब्य र अधिकार :**

पालिका अनुसासन समितिका काम कर्तब्य र अधिकार देहायबमोजिम हुनेछ

१. पार्टीका पालिका भित्रका निकायका पदाधिकारी र सदस्यलगायत सबै तहका पार्टी समिति र सदस्यले पार्टी निर्णय, निर्देशन र अनुशासनको पालना गरे/नगरेको अनुगमन गर्ने र अनुशासनको पालना गर्न/गराउन सम्बन्धित समितिलाइ निर्देशन दिने ।

२. पालिका भित्रका कुनै पनि तहका सदस्यको पार्टी निर्णय विपरीतका क्रियाकलाप, आर्थिक अनियमितता र नैतिक चरित्रसँग सम्बन्धित विषयमा प्रश्न उठी उजुरी परेमा वा जानकारी भएमा छानबिन गर्ने र पालिका समिति, जिल्ला समिति, प्रदेश समिति वा केन्द्रीय समितिमा प्रस्तुत गर्ने ।

३. अनुशासनको कारबाहीका सम्बन्धमा चित्त नबुझ्मी लिखित उजुरी वा पुनरावेदन दिने सदस्य वा समितिको उजुरी वा पुनरावेदनउपर आवश्यक छानवीन तथा निर्णय गर्ने र कार्यान्वनयका लागि पालिका, जिल्ला, प्रदेस वा केन्द्रिय समितिमा लेखीत पठाउने ।

४. पार्टीका तोकिएबमोजिमका पालिका भित्रका समिति सदस्य र जनप्रतिनिधिमूलक संस्था, पार्टीको तर्फबाट निर्वाचित जनप्रतितिधिहरु, एवं लाभको पदमा रहेर काम गर्ने पार्टी सदस्यको नियुक्ति हुँदा, बहाल रहँदा र अवकाश पाउँदाको अवस्थामा सम्पत्ति विवरण लिने, अभिलेख राख्ने र वार्षिक रुपमा अद्यावधिक गर्ने र आवश्यकताअनुसार छानविन गर्ने ।

५. आफ्ना कामको प्रतिवेदन पालिका समिति, पालिका अधिवेशन र जिल्ला भेलामा प्रस्तुत गर्ने ।

६. पालिका भित्रका आयोग, समिति, विभागका अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्यहरूमाथि अनुशासनको कारबाही गर्ने र निजहरूको राजीनामा स्वीकृत गर्ने ।

७. पालिका अनुसासन समितिका अन्य सदस्यले समितिको अध्यक्षलाइ र अध्यक्षले पालिका समितिलाई राजीनामा दिने ।

८. समितिका पदाधिकारी तथा सदस्यको पद रिक्त भएमा पालिका अनुसासन समितिले पालिका भित्रका पार्टी सदस्यहरुमा खुल्ला आहवान गरी पालिका समितिले तोकेबमोजिमको योग्यता पुगेका इच्छुक उमेदवारहरुमध्यबाट पद पुर्तिका लागी गोलाप्रथाबाट मनोनयन गर्ने ।

९. पालिका समितिको दुईतिहाइ बहुमतले पालिका अनुसासन समितिका सदस्यहरुलाई महाअभियोग लगाई समितिबाट निष्कासन गर्न सक्ने र जिल्ला, प्रदेश, केन्द्रिय समितिले प्रत्यक्ष रुपमा पालिका अनुसासन समिति बिगठन र पदाधिकारी निष्कासन गर्न सक्नेछ ।

१०. पालिका अनुसासन समितिले आफ्नो कार्यान्वयन नियमावली आफै बनाउने ।

**धारा- ७३. पालिका जनमत संकलन समिमि :**

१. पालिका जनमत संकलन समिति अध्यक्ष-१, उपाध्यक्ष-१ गरी ११ सदस्यीय जनमत संकलन समितिको गठन हुनेछ ।

२. जनमत संकलन आयोगका अध्यक्षको मर्यादा पालिका कार्यान्वयन समितिका सदस्यसरह र उपाध्यक्ष, सचिव र अन्य सदस्यहरूको मर्यादा पालिका समितिका सदस्यसरह हुनेछ ।

३. पार्टीले मुलुकको हित र आर्थिक उन्नतिका लागि उठायका मुद्दाहरुमा जनताको सल्लाह सुझाव, जनमत संकलन गर्ने र केन्द्रिय, प्रदेश, जिल्ला वा पालिका समितिको बैठकमा पेस गर्ने ।

४. पार्टीले उठायका मुद्दाहरुलाइ सामाजिक सञ्जाल वा अन्य माध्यमबाट जनता समक्ष पुऱ्याइ जनताका प्रतिक्रिया लिने र प्रतिवेदन केन्द्रिय, प्रदेश जिल्ला वा पालिका समितिमा पेसगर्ने ।

५. केन्द्रीय, प्रदेश, जिल्ला वा पालिका समितिले तोकेका अन्य कार्य गर्ने ।

**धारा- ७४. पालिका अनुसन्धान तथा गुप्तचर समिति :**

१. जिल्ला अनुसन्धान तथा गुप्तचर आयोको मातहत अध्यक्ष-१, उपाध्यक्ष- १ गरी ११ सदस्यीय पलिका अनुसन्धान तथा गुप्तचर आयोग गठन हुनेछ ।

२. पालिका अनुसन्धान तथा गुप्तचर समितिका अध्यक्ष उपाध्यक्ष, सचिव र अन्य सदस्यहरूको मर्यादा पालिका समितिका सदस्यसरह हुनेछ ।

३. पालिका अनुसन्धान तथा गुप्तचर समितिका अध्यक्षले केन्द्रीय समिति, कार्यान्वयन समिति जिल्ला समिति,पालिका समितिको बैठकमा भाग लिनेछन् तर निजलाई मताधिकार हुनेछैन ।

४. पार्टी संचालनका निम्ति आवश्यकता अनुसार रणनिती तयार गर्ने र केन्द्रीय, प्रदेश, जिल्ला, पालिका अनुसन्धान तथा गुप्तचर समितिको निर्देसनमा अवस्यकता अनुसार केन्द्रिय समिति, प्रदेश समिति, जिल्ला समिति, पालिका समिति र अन्य पार्टीका निकाय संग छलफल गर्ने ।

५. रणनिती, योजना र अनुसन्धान प्रति गोपनियता कायम राख्ने

६. पालिका अनुसन्धान तथा गुप्तचर समितिले केन्द्रीय, प्रदेस, जिल्ला अनुसन्धान तथा गुप्तचर आयोगको निर्देशनमा आवश्यक संरचना गठन गर्ने ।

७. केन्द्रीय, प्रदेश, जिल्ला अनुसन्धान तथा गुप्तचर आयोगले तोकेका अन्य कार्य गर्ने ।

८. पालिका अनुसन्धान तथा गुप्तचर समितिले पालिका भित्रका समिति सदस्य र जनप्रतिनिधिमूलक संस्था, पार्टीको तर्फबाट निर्वाचित जनप्रतितिधिहरु, एवं लाभको पदमा रहेर काम गर्ने पार्टी सदस्यको वा अन्य ब्यक्तिको नियुक्ति हुँदा, बहाल रहँदा र अवकाश पाउँदाको अवस्थामा सम्पत्ति, आर्थिक अपचलन, भ्रष्ट्राचार या अन्य अपराधीक कृयाकलाप सम्बन्धी गुप्त रुपमा छानबिन गरी कार्वाहिको दायरामा ल्याउने ।

**धारा- ७५. पालिका सल्लाह तथा परामर्स समिति :**

१. पालिका समितिले आवश्यकता अनुसार सल्लाह-सुझाव लिन आफ्नो पालिका समितिको कूल सदस्यभन्दा बढी नहुने गरी सल्लाह तथा परामर्स समिति गठन गर्नेछ । सल्लाह तथा परामर्स समिति पालिका समितिप्रति उत्तरदायी रहनेछ ।

२. पालिका सल्लाहकार तथा परामर्स समितिका अध्यक्ष-१, उपाध्यक्ष-१, सचिव-१ सहितको सदस्यहरूको मनोनयन पालिका समितिले गर्नेछ ।

३. सल्लाह तथा परामर्स समितिका अध्यक्ष र अन्य सदस्यहरूको मर्यादा पालिका समितिका सदस्यसरह हुनेछ ।

४. सल्लाह तथा परामर्स समितिका अध्यक्षले पालिका समितिको बैठकमा भाग लिनेछन् तर निजलाई मताधिकार हुनेछैन ।

**धारा- ७६. पालिका सल्लाह तथा परामर्स समितिको काम कर्तब्य र अधिकार :**

१. सल्लाह तथा परामर्स समितिको अध्यक्षले पार्टीको पालिका अध्यक्षसँग परामर्श गरी बैठक बोलाउने सचिवलाई निर्देशन दिने र बैठकको अध्यक्षता गर्ने ।

२. पालिका सल्लाह तथा परामर्स समितिको बैठक आवश्यकता अनुसार पार्टीको पालिका अध्यक्षले बोलाउने छन् र आवश्यकता अनुसार पालिका सदस्यहरुलाई बैठकमा उपस्थिति र छलफलका लागि बोलाउन सक्नेछन् ।

३. सल्लाह तथा परामर्स समितिले आवश्यकता अनुसार पार्टी पंतिलाइ सधै जनता र राष्ट्रिय हितको पक्षमा प्रतिबद्ध भइ अगाडी बढ्न पालिका समितिलाइ विभिन्न विषयमा सल्लाह र सुझाव दिने ।

४. सल्लाह तथा परामर्स समितिका सदस्यहरुमध्ये पालिका समितिले आवश्यकता अनुसार सल्लाहकार समिति बनाई विभिन्न विषयमा सल्लाह लिन दिन सक्नेछ ।

५. पालिका, जिल्ला, प्रदेश र केन्द्रिय समितिले तोकेका अन्य कार्य गर्ने ।

**धारा- ७७. वडा भेला :**

१. वडा भेलाका प्रतिनिधिहरू अर्को  अधिवेशनका लागि प्रतिनिधि निर्वाचित नभएसम्म पालिका अधिवेशनका सदस्य हुनेछन् र यो पालिका अधिवेशनप्रति उत्तरदायी हुनेछ , पालिका अधिवेशन र पालिका भेला बीचको अवधि न्यूनतम ६ महिना र अधिकतम १८ महिना हुनेछ ।

२. पालिका समितिले दुई अधिवेशनको बीचमा आवश्यकता अनुसार पालिका भेला आयोजना गर्नेछ ।

३. पार्टीको पालिकाभित्रको सर्वोच्च कार्यकारी निकाय हुनेछ ।

४. वडा भेला देहाय बमोजिम हुनेछ :

(क) गाउँ, टोल र वडाबाट : गाउँ, टोल वडाबाट समितिका अध्यक्ष लगायत सबै जना ।

(ख) पालिका बाट : अध्यक्ष लगायतको टोली र पार्टीको तर्फबाट निवाचित जनप्रतिनिधी हरु ।

**धारा- ७८. वडा भेलाका काम कर्तव्य र अधिकार :**

१. वडा समिति र वडा भित्रका अन्य पार्टी निकायका तर्फबाट प्रस्तुत राजनीतिक र संगठनात्मक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

२. वडा समिति र वडा भित्रका अन्य पाटी निकायका समग्र कामको समीक्षा गर्ने र वडा भित्र पार्टी पंतिलाइ सधै जनता र राष्ट्रिय हितको पक्षमा प्रतिबद्ध भइ अगाडी बढ्न आवश्यक निर्देशन दिने ।

३. वडा समिति र वडा भित्रका अन्य पार्टी निकायका प्रतिवेदनहरुमाथि छलफल गरी पारित गर्ने र आवश्यक निर्देशन दिने ।

४. निर्वाचित वडा समितिका सदस्यहरुमध्येबाट पार्टीको विधान बमोजिम कुनै वडा समिति वा वडा भित्रका अन्य पार्टी निकायका पदाधिकारी र सदस्यहरुको रिक्त पदको निर्वाचन गरी पूर्णता दिने ।

५. वडा भेला सञ्चालन गर्न आवश्यक संरचना गठन गर्ने ।

**धारा- ७९. वडा अधिवेसन :**

१. वडा समितिले हरेक तिन वर्षमा वडा अधिवेशन आयोजना गर्नेछ र वडा अधिवेशन पार्टीको वडाभित्रको सर्वोच्च निकाय हुनेछ ।

२. स्थानिय तहको निर्वाचन सम्पन्न भएको १ वर्ष भित्र पार्टीले वडा अधिवेशन गर्नेछ । यदि स्थानिय सरकारले आफ्नो ५ वर्षीय कार्यकाल पूरा नगरी मध्यावधि चुनाव भएमा वडा अधिवेशन सो चुनावको १ वर्षभित्र गरिसक्नु पर्नेछ ।

३. वडा अधिवेशनमा देहायबमोजिमका प्रतिनिधिहरू सहभागी हुनेछन् :

(क) गाउँ, टोल र वडाबाट : गाउँ, टोल वडाबाट समितिका अध्यक्ष लगायत सबै पदाधिकारी र अन्य सदस्य हरु ।

(ख) पालिका बाट : अध्यक्ष लगायतको टोली र पार्टीको तर्फबाट निवाचित जनप्रतिनिधी हरु ।

(ग) अन्य निर्वाचित प्रतिनिधिको पाँच प्रतिशतमा नबढ्ने गरी वडा समितिबाट मनोनित प्रतिनिधिहरू

४. वडा अधिवेशनको प्रकिया :

(क) विधान बमोजिम वडा अधिवेशनको अवधि सकिनु ६ महिनाअघि केन्द्रीय निर्वाचन आयोगले वडा समितिलाई वडा अधिवेशन आयोजना गर्ने मिति र स्थान सिफारिस गर्नेछ ।

(ख) केन्द्रीय निर्वाचन आयोगको सिफारिसमा वडा समितिले वडा अधिवेशन आयोजना गर्ने उपयुक्त मिति र स्थान तोक्नेछ ।

(ग) केन्द्रीय निर्वाचन आयोगले वडा अधिवेशन सम्बन्धी सम्पूर्ण निर्वाचन प्रक्रिया पूरा गर्नेछ ।

(घ) वडा अध्यक्षले वडा अधिवेशनको अध्यक्षता गर्नेछन् ।

(ङ) वडा समितिले वडा अधिवेशन आयोजना गर्नेछ ।

**धारा- ८०. वडा अधिवेसनको काम कर्तव्य र अधिकार :**

वडा अधिवेशनको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

१. वडा अधिवेशन सञ्चालन गर्न अध्यक्ष-१, उपाध्यक्ष- १ गरी ९ सदस्यीय अधिवेसन समिति र आवश्यक संरचना गठन गर्ने ।

२. वडा समितिको तर्फबाट आवश्यक ठानी प्रस्तुत गरेका राजनीतिक, संगठनात्मक र आर्थिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

३. वडा समितिले लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

४. वडा समितिका अध्यक्ष, उपाध्यक्ष लगायतका पदाधिकारी तथा सदस्यहरूको निर्वाचन गर्ने ।

**धारा- ८१. वडा समिति :**

१. वडा समिति पार्टीको वडा अधिवेशन र वडा भेलापछिको वडाभित्र पार्टीको सर्वोच्च कार्यकारी संस्था हुनेछ । वडा समिति वडा अधिवेशन पालिका, जिल्ला, प्रिदेश र केन्दिय समितिप्रति उत्तरदायी रहनेछ ।

२. वडा अधिवेशनले अध्यक्ष- १, उपाध्यक्ष- १, सचिव- १, उपसचिव- १, र कोषाध्यक्ष १ समेत उपधारा ३ बमोमिका सदस्यहरुको वडा समिति निर्वाचन गर्नेछ । वडा समितिका उमेदवारका लागी सम्बनधित कार्यकालमा गाउँ टोल समितिमा आवद्ध नभयको हुनुपर्ने छ ।

३. वडा समितिको अधिकतम संख्या ३५ हुनेछ , यो संख्यामा थप गर्नुपर्ने अवस्थामा साबिक संख्यामा १२ जना थप गर्न सकिनेछ । वडा समितिमा वडाभित्रको विविधता प्रतिबिम्बित हुने गरी समावेशीकरण गरिनेछ ।

४. वडा समितिको निर्वाचनमा कम्तीमा एकतिहाई महिलासहित नेपालामा हुने महिलाप्रतिको भेदभाव हटाउने गरी सामेल गरिनेछ ।

५. वडा समितिको कुल सदस्य संख्याबाट कम्तीमा ६५ प्रतिसत (३२ -४०) उमेरका युवा समावेस गरिनेछ ।

६. अधिवेशनबाट नयाँ वडा समिति गठनभई शपथग्रहण गरेपछि पुरानो वडा समिति स्वतः विघटन हुनेछ ।

७. वडा समितिको सदस्यको विधान बमोजिम पार्टीको सदस्यता समाप्त हुन गएमा निजको वडा समितिको सदस्यको पद स्वतः खारेज हुनेछ र उक्त पद वडा प्रतिनिधि भेलाबाट पूर्ति गरिनेछ । वडा समितिको सदस्यको पद आवश्यकता बमोजिम वडा अध्यक्षले खारेज गर्न सक्नेछन् र उक्त रिक्त पद सम्बन्धित वडा भित्र पार्टी सदस्यमध्येबाट वडा अध्यक्षको मनोनयनद्वारा पूर्ति गरिनेछ ।

**धारा- ८२. वडा समितिको काम कर्तब्य र अधिकार :**

वडा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. वडाभित्र पार्टीको कामको नेतृत्व गर्ने । वडा अधिवेशन र वडा भेलाको निर्णय कार्यान्वयन गर्ने, वडा समितिको निर्णय र माथिल्लो समितिको निर्णय निर्देशन कार्यान्वयन गर्ने गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।

२. अधिवेशन, पालिका समिति, जिल्ला समिमि, प्रदेश समिति र केन्द्रीय समितिका निर्णयको प्रतिकूल नहुने गरी आफ्नो कार्यक्षेत्र अन्तर्गतका राजनीतिक र संगठनात्मक विषयमा निर्णय गर्ने । वडा समितिको निर्णय र माथिल्लो समितिका निर्देशन कार्यान्वयन गर्ने र गराउने ।

३. वडाभित्रको राजनितिक तथा समसामयिक परिस्थितिका सम्बन्धमा पार्टीको दृष्टिकोण, नीति, कार्यक्रम विस्तार र सञ्चालन गर्न नीति तय गर्ने ।

४. वडाभित्रका राजनीतिक तथा संगठनात्मक विषयमा आवश्यकता अनुसार निर्णय गर्ने । विधानअनुरुप नियमित बैठकको आयोजना गर्ने र मातहतको समितिको अनुगमन गरी नियमित बैठक तथा अधिवेशन गर्न लगाउने ।

५. नेपालको संविधान र प्रचलित कानुन बमोजिम पार्टीको वडा समितिले गर्ने भनी तोकिएका कार्य गर्ने ।

६. नेपालको संविधान वमोजिम संचालन हुने वडाभित्रका निर्वाचनमा पार्टीको घोषणापत्र, नीति, कार्यक्रम तयार गर्ने र निर्वाचनका लागि वडा भित्रका सम्पूर्ण निकायलाई परिचालन गर्ने ।

७. केन्द्रीय, प्रदेश, जिल्ला र पालिका समितिबाट निर्धारित नीतिअनुरुप वडा भित्र पार्टीका तर्फबाट प्रतिनिधित्व गर्ने ।

८. आफ्नो कार्यक्षेत्र भित्रको भौतिक तथा मानवीय विकास र सामाजिक न्यायको लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने । आफ्नो वडा समग्र विकास र सामाजिक आर्थिक रूपान्तरणको योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा संयोजन गर्ने ।

९. विधान बमोजिम वडाभित्र आवश्यक संयन्त्र गठन गर्ने र तिनको काम, कर्तव्य र अधिकारको निर्धारण गर्ने । पार्टीको वडाभित्रका समिति, विभाग, आयोग, कार्यदल र अन्य संयन्त्रबीच आवश्यक समन्वय र संयोजन गर्ने ।

१०. पार्टीको वडा भित्रका समिति विभाग, कार्यदल तथा अन्य संयन्त्रका निर्णयहरुलाई आवश्यक संशोधन र सुझावसहित अनुमोदन गर्ने र आवश्यकता अनुसार वडा समितिका सदस्यहरुको कार्य विभाजन गर्ने ।

११. वडाको भौतिक तथा आर्थिक विकासमा सुधिड गर्न उत्पादनमा वृद्धि, स्वरोजगार, रोजगारिता जनजीविकोपार्जनमा सहजता, जनचेतना अभिवृद्धि र सामाजिक न्यायका लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने । राष्ट्रियता, समाजिक एकता, राष्ट्रिय अखण्डता, संवैधानिक सर्वोच्चता, न्यायिक सर्बोच्चता, जनजीविका र जन हितको रक्षाका लागि जनपरिचालन गर्ने र आवश्यकता अनुसार आन्दोलन लगायत अन्य कार्य सञ्चालन गर्ने । पार्टीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार वडा भित्र अभियान घोषणा गर्ने र कार्यान्वयन गर्ने, गराउने । आफ्नो कार्यक्षेत्र भित्रका जनतालाई पार्टीमा संगठित गर्ने ।

१२. आफू सम्बन्धित स्थानीय तहको निर्वाचन परिचालन गर्ने । संघीय तथा प्रदेश तहको निर्वाचनमा माथिल्लो समितिको निर्देशनअनुरुप परिचालित हुने । केन्द्रीय समितिबाट निर्धारित नीतिअनुरुप स्थानीय तहमा पार्टीका तर्फबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरूलाई नेतृत्व प्रदान गर्ने ।

१३. विधान बमोजिम वडा अधिवेशन र वडा प्रतिनिधि भेलाको आयोजना गर्ने र बैठकमा उठायका निर्णयहरू कार्यान्वयन गर्ने/गराउने । विधानअनुरुप नियमित बैठकको आयोजना गर्ने अनुगमन गर्ने ।

१४. विधान बमोजिम वडाभित्र पार्टीको आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति स्रोत पहिचान, संकलन र परिचानका लागि आवश्यक काम गर्ने ।

१५. पार्टीको वडा कार्यालयलाई पार्टीको वडा भित्रको प्रशासनिक एवम दैनिक काम कारवाही सञ्चालनका लागि आवश्यक निर्देशन दिने ।

१६. विधान बमोजिम वडा समितिले गर्ने भनी उल्लेख भएका कार्य गर्ने ।

१७. केन्द्रीय समिति, प्रदेश समिति, जिल्ला समिति, पालिका समितिबाट बेलाबेलामा जारी हुने निर्णय तथा निर्देशनहरु पालना गर्ने, गराउने ।

१८. जनतालाई प्रशिक्षित गर्ने र संगठित गर्ने ।

१९. अनुशासन पालना गर्ने, आफ्नो समितिका पदाधिकारी तथा सदस्यलाई अनुशासनको कारबाही गर्ने । अनुशासनको कारबाहीमा परेका व्यक्ति तथा समितिको उजुरीमाथि निर्णय दिने ।

२०. वडा समितिको कूल सदस्य संख्याको बिस प्रतिशत भन्दा नबढ्ने गरी सचिवालय गठन गर्ने । तोकिएबमोजिमका विभाग, संयन्त्र गठन गर्ने, तिनको काम, कर्तव्य र अधिकार तोक्ने ।

२१. आफ्नो कार्यक्षेत्र भित्रका जनतालाई पार्टीमा आबद्ध गर्ने र प्रशिक्षित गराउने ।

**धारा- ८३. टोल समिति :**

१. टोल समिति पार्टीको टोल अधिवेशन र टोल भेलापछिको टोलभित्र पार्टीको सर्वोच्च कार्यकारी संस्था हुनेछ । टोल समिति टोल अधिवेशन वडा, पालिका, जिल्ला, प्रिदेश र केन्दिय समितिप्रति उत्तरदायी रहनेछ ।

२. टोल अधिवेशनले अध्यक्ष- १, उपाध्यक्ष- १, सचिव- १, उपसचिव- १, र कोषाध्यक्ष १ समेत उपधारा ३ बमोमिका सदस्यहरुको टोल समिति निर्वाचन गर्नेछ ।

३. टोल समितिको अधिकतम संख्या २० हुनेछ , यो संख्यामा थप गर्नुपर्ने अवस्थामा साबिक संख्यामा १० जना थप गर्न सकिनेछ । टोल समितिमा वडाभित्रको विविधता प्रतिबिम्बित हुने गरी समावेशीकरण गरिनेछ ।

४. टोल समितिको निर्वाचनमा कम्तीमा एकतिहाई महिलासहित नेपालामा हुने महिलाप्रतिको भेदभाव हटाउने गरी सामेल गरिनेछ ।

५. टोल समितिको कुल सदस्य संख्याबाट कम्तीमा ६५ प्रतिसत (३२ -४०) उमेरका युवा समावेस गरिनेछ ।

६. अधिवेशनबाट नयाँ टोल समिति गठनभई शपथग्रहण गरेपछि पुरानो टोल समिति स्वतः विघटन हुनेछ ।

७. निर्वाचित टोल समितिका सदस्यको विधान बमोजिम पार्टीको सदस्यता समाप्त हुन गएमा निजको टोल समितिको सदस्यको पद स्वतः खारेज हुनेछ र उक्त पद टोल प्रतिनिधि भेलाबाट पूर्ति गरिनेछ । टोल समितिको सदस्यको पद आवश्यकता बमोजिम टोल अध्यक्षले खारेज गर्न सक्नेछन् र उक्त रिक्त पद सम्बन्धित टोल भित्र पार्टी सदस्यमध्येबाट टोल अध्यक्षको मनोनयनद्वारा पूर्ति गरिनेछ ।

**धारा- ८४. टोल समितिको काम कर्तब्य र अधिकार :**

टोल समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. टोलभित्र पार्टीको कामको नेतृत्व गर्ने । टोल अधिवेशन र टोल भेलाको निर्णय कार्यान्वयन गर्ने, टोल समितिको निर्णय र माथिल्लो समितिको निर्णय निर्देशन कार्यान्वयन गर्ने गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।

२. अधिवेशन, वडा समिति, पालिका समिति, जिल्ला समिमि, प्रदेश समिति र केन्द्रीय समितिका निर्णयको प्रतिकूल नहुने गरी आफ्नो कार्यक्षेत्र अन्तर्गतका राजनीतिक र संगठनात्मक विषयमा निर्णय गर्ने । टोल समितिको निर्णय र माथिल्लो समितिका निर्देशन कार्यान्वयन गर्ने र गराउने ।

३. टोलभित्रको राजनितिक तथा समसामयिक परिस्थितिका सम्बन्धमा पार्टीको दृष्टिकोण, नीति, कार्यक्रम विस्तार र सञ्चालन गर्न नीति तय गर्ने ।

४. टोलभित्रका राजनीतिक तथा संगठनात्मक विषयमा आवश्यकता अनुसार निर्णय गर्ने । विधानअनुरुप नियमित बैठकको आयोजना गर्ने र मातहतको समितिको अनुगमन गरी नियमित बैठक तथा अधिवेशन गर्न लगाउने ।

५. नेपालको संविधान र प्रचलित कानुन बमोजिम पार्टीको टोल समितिले गर्ने भनी तोकिएका कार्य गर्ने ।

६. नेपालको संविधान वमोजिम संचालन हुने निर्वाचनमा पार्टीको घोषणापत्र, नीति, कार्यक्रम तयार गर्न सहायता गर्ने र निर्वाचनका लागि टोल भित्रका सम्पूर्ण निकायलाई परिचालन गर्ने ।

७. केन्द्रीय, प्रदेश, जिल्ला पालिका र वडा समितिबाट निर्धारित नीतिअनुरुप टोल भित्र पार्टीका तर्फबाट प्रतिनिधित्व गर्ने ।

८. आफ्नो कार्यक्षेत्र भित्रको भौतिक तथा मानवीय विकास र सामाजिक न्यायको लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने । आफ्नो टोलमा समग्र विकास र सामाजिक आर्थिक रूपान्तरणको योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा संयोजन गर्ने ।

९. विधान बमोजिम टोलभित्र आवश्यक संयन्त्र गठन गर्ने र तिनको काम, कर्तव्य र अधिकारको निर्धारण गर्ने । पार्टीको टोलभित्रका समिति, विभाग, आयोग र अन्य संयन्त्रबीच आवश्यक समन्वय र संयोजन गर्ने ।

१०. पार्टीको टोल भित्रका समिति विभाग तथा अन्य संयन्त्रका निर्णयहरुलाई आवश्यक संशोधन र सुझावसहित अनुमोदन गर्ने र आवश्यकता अनुसार टोल समितिका सदस्यहरुको कार्य विभाजन गर्ने ।

११. टोलको भौतिक तथा आर्थिक विकासमा सुध्रिड गर्न उत्पादनमा वृद्धि, स्वरोजगार, रोजगारिता जनजीविकोपार्जनमा सहजता, जनचेतना अभिवृद्धि र सामाजिक न्यायका लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने । राष्ट्रियता, समाजिक एकता, राष्ट्रिय अखण्डता, संवैधानिक सर्वोच्चता, न्यायिक सर्बोच्चता, जनजीविका र जन हितको रक्षाका लागि जनपरिचालन गर्ने र आवश्यकता अनुसार आन्दोलन लगायत अन्य कार्य सञ्चालन गर्ने । पार्टीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार टोल भित्र अभियान घोषणा गर्ने र कार्यान्वयन गर्ने, गराउने । आफ्नो कार्यक्षेत्र भित्रका जनतालाई पार्टीमा संगठित गर्ने ।

१२. आफू सम्बन्धित स्थानीय तहको निर्वाचन परिचालन गर्ने । संघीय तथा प्रदेश तहको निर्वाचनमा माथिल्लो समितिको निर्देशनअनुरुप परिचालित हुने । केन्द्रीय समितिबाट निर्धारित नीतिअनुरुप स्थानीय तहमा पार्टीका तर्फबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरूलाई नेतृत्व प्रदान गर्ने ।

१३. विधान बमोजिम टोल अधिवेशन र टोल प्रतिनिधि भेलाको आयोजना गर्ने र बैठकमा उठायका निर्णयहरू कार्यान्वयन गर्ने/गराउने । विधानअनुरुप नियमित बैठकको आयोजना गर्ने अनुगमन गर्ने ।

१४. विधान बमोजिम टोलभित्र पार्टीको आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति स्रोत पहिचान, संकलन र परिचानका लागि आवश्यक काम गर्ने ।

१५. पार्टीको टोल कार्यालयलाई पार्टीको टोल भित्रको प्रशासनिक एवम दैनिक काम कारवाही सञ्चालनका लागि आवश्यक निर्देशन दिने ।

१६. विधान बमोजिम टोल समितिले गर्ने भनी उल्लेख भएका कार्य गर्ने ।

१७. केन्द्रीय समिति, प्रदेश समिति, जिल्ला समिति, पालिका समितिबाट, वडा समिति बाट बेलाबेलामा जारी हुने निर्णय तथा निर्देशनहरु पालना गर्ने, गराउने ।

१८. जनतालाई प्रशिक्षित गर्ने, संगठित गर्ने, पार्टीमा आबद्ध गर्ने / गराउने ।

१९. अनुशासन पालना गर्ने, आफ्नो समितिका पदाधिकारी तथा सदस्यलाई अनुशासनको कारबाही गर्ने । अनुशासनको कारबाहीमा परेका व्यक्ति तथा समितिको उजुरीमाथि निर्णय दिने ।

२०. आफ्नो कार्यक्षेत्र भित्रका जनतालाई पार्टीमा आबद्ध गर्ने र प्रशिक्षित गराउने ।

**धारा- ८५. टोल भेला :**

१. टोल भेलाका प्रतिनिधिहरू अर्को अधिवेशनका लागि प्रतिनिधि निर्वाचित नभएसम्म टोल अधिवेशनका सदस्य हुनेछन् र यो टोल अधिवेशनप्रति उत्तरदायी हुनेछ , टोल अधिवेशन र टोल भेला बीचको अवधि न्यूनतम ६ महिना र अधिकतम १५ महिना हुनेछ ।

२. टोल समितिले दुई अधिवेशनको बीचमा आवश्यकता अनुसार टोल भेला आयोजना गर्नेछ ।

३. पार्टीको टोलभित्रको सर्वोच्च कार्यकारी निकाय हुनेछ ।

४. टोल भेला देहाय बमोजिम हुनेछ :

(क) गाउँ, टोल र वडाबाट : गाउँ, टोल वडाबाट समितिका अध्यक्ष लगायत सबै जना ।

(ख) पालिका, वडा बाट : अध्यक्ष लगायतको टोली र पार्टीको तर्फबाट निवाचित जनप्रतिनिधी हरु ।

**धारा- ८६. टोल भेलाका काम कर्तव्य र अधिकार :**

१. टोल समिति र टोल भित्रका अन्य पार्टी निकायका तर्फबाट प्रस्तुत राजनीतिक र संगठनात्मक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

२. टोल समिति र टोल भित्रका अन्य पाटी निकायका समग्र कामको समीक्षा गर्ने र टोल भित्र पार्टी पंतिलाइ सधै जनता र राष्ट्रिय हितको पक्षमा प्रतिबद्ध भइ अगाडी बढ्न आवश्यक निर्देशन दिने ।

३. टोल समिति र टोल भित्रका अन्य पार्टी निकायका प्रतिवेदनहरुमाथि छलफल गरी पारित गर्ने र आवश्यक निर्देशन दिने ।

४. टोल समितिका सदस्यहरुमध्येबाट पार्टीको विधान बमोजिम कुनै टोल समिति वा टोलका अन्य पार्टी निकायका पदाधिकारी र सदस्यहरुको रिक्त पदको निर्वाचन गरी पूर्णता दिने ।

५. टोल भेला सञ्चालन गर्न आवश्यक संरचना गठन गर्ने ।

**धारा- ८७. टोल अधिवेसन :**

१. टोल समितिले हरेक दुइ वर्षमा टोल अधिवेशन आयोजना गर्नेछ र टोल अधिवेशन पार्टीको टोलभित्रको सर्वोच्च निकाय हुनेछ ।

२. स्थानिय तहको निर्वाचन सम्पन्न भएको १ वर्ष भित्र पार्टीले टोल अधिवेशन गर्नेछ। यदि स्थानिय सरकारले आफ्नो ५ वर्षीय कार्यकाल पूरा नगरी मध्यावधि चुनाव भएमा टोल अधिवेशन सो चुनावको १ वर्षभित्र गरिसक्नु पर्नेछ।

३. टोल अधिवेशनमा देहायबमोजिमका प्रतिनिधिहरू सहभागी हुनेछन् :

(क) गाउँ, टोल र वडाबाट : गाउँ, टोल वडाबाट समितिका अध्यक्ष लगायत सबै पदाधिकारी र अन्य सदस्य हरु।

(ख) पालिका बाट : अध्यक्ष लगायतको टोली र पार्टीको तर्फबाट निवाचित जनप्रतिनिधी हरु।

(ग) अन्य निर्वाचित प्रतिनिधिको पाँच प्रतिशतमा नबढ्ने गरी टोल समितिबाट मनोनित प्रतिनिधिहरू

४. टोल अधिवेशनको प्रक्रिया :

(क) विधान बमोजिम टोल अधिवेशनको अवधि सकिनु ६ महिनाअघि केन्द्रीय निर्वाचन आयोगले टोल समितिलाई टोल अधिवेशन आयोजना गर्ने मिति र स्थान सिफारिस गर्नेछ।

(ख) केन्द्रीय निर्वाचन आयोगको सिफारिसमा टोल समितिले टोल अधिवेशन आयोजना गर्ने उपयुक्त मिति र स्थान तोक्नेछ।

(ग) केन्द्रीय निर्वाचन आयोगले टोल अधिवेशन सम्बन्धी सम्पूर्ण निर्वाचन प्रक्रिया पूरा गर्नेछ।

(घ) टोल समितिको अध्यक्षले टोल अधिवेशनको अध्यक्षता गर्नेछन्।

(ङ) टोल समितिले टोल अधिवेशन आयोजना गर्नेछ।

**धारा- ८८. टोल अधिवेसनको काम कर्तव्य र अधिकार :**

टोल अधिवेशनको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

१. टोल अधिवेशन सञ्चालन गर्न अध्यक्ष-१, उपाध्यक्ष- १ गरी ७ सदस्यीय अधिवेसन समिति र आवश्यक संरचना गठन गर्ने।

२. टोल समितिको तर्फबाट आवश्यक ठानी प्रस्तुत गरेका राजनीतिक, संगठनात्मक र आर्थिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने।

३. टोल समितिले पालिका, जिल्ला समितिको मातहत लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

४. टोल समितिका अध्यक्ष, उपाध्यक्ष लगायतका पदाधिकारी तथा सदस्यहरूको निर्वाचन गर्ने ।

**धारा- ८९. सङ्गठन निर्माण समिति :**

१. नयाँ क्षत्रमा पार्टी काम विस्तार गर्न वा निर्वाचित समिति नभएको वा निर्वाचित समितिको अवधि समाप्त भएको अवस्थामा एक तह माथिल्लो समितिले कुनै पनि तहमा संगठन निर्माण समिति निर्माण गर्न सक्नेछ ।

२. संगठन निर्माण समितिको मुख्य काम आफ्नो अधिवेशन सम्पन्न गराउनु हुनेछ ।

३. अधिवेशन सम्पन्न नहुँदासम्म निर्वाचित समितिका अधिकारहरू संगठन निर्माण समितिले प्रयोग गर्नेछ ।

४. संगठन निर्माण समितिको अवधि ५ महिनाको हुनेछ । आवश्यकता परेमा एक तह माथिल्लो समितिले बढीमा ५ महिनाको अवधि थप्न सक्नेछ ।

**धारा- ९०. निर्वाचन क्षेत्र समन्वय समिति :**

१. जिल्ला समितिले सम्बन्धित निर्वाचन क्षेत्रबाट जिल्ला समितिमा प्रतिनिधित्व गर्ने सदस्यहरू, पालिका समितिका पदाधिकारीहरू र पालिका अन्तरगतका वडा समितिका अध्यक्षहरू रहेको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय समिति गठन गर्न सक्नेछ । वडा अध्यक्ष र सोभन्दा माथिल्लो जिम्मेवारीमा रहेका जनप्रतिनिधिहरू निर्वाचन क्षेत्र समन्वय समितिमा आमन्त्रित हुनेछन् ।

२. निर्वाचन क्षेत्र समन्वय समितिका संयोजक, सहसंयोजक र सचिव जिल्ला समितिले तोकेबमोजिम हुनेछन्।

३. निर्वाचन क्षेत्र समन्वय समितिका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :

(क) पार्टीको नीति तथा माथिल्लो समितिको निर्देशनअनुरूप प्रतिनिधिसभा/प्रदेशसभा निर्वाचन क्षेत्रको पार्टी कामको संयोजन गर्ने ।

(ख) प्रतिनिधिसभा/प्रदेशसभा सदस्य र पालिका निर्वाचनमा संयोजन गर्ने ।

(ग) प्रतिनिधिसभा/प्रदेशसभा निर्वाचन क्षेत्रको विकास निर्माण र जनसरोकारको कामको संयोजन गर्ने,

(घ) जिल्ला समितिले तोकेबमोजिमका अन्य कार्यहरू गर्ने ।

## धारा- ९१. प्रदेश र स्थानीय समितिका पदाधिकारीहरूको काम कर्तव्य र अधिकार :

प्रदेश र स्थानीय समितिका पदाधिकारी तथा सदस्यको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

### १. अध्यक्षको अधिकार र कर्तव्य :

(क) आफ्नो कार्यक्षेत्रको पार्टीको प्रमुख नेताको हैसियतमा नेतृत्व गर्ने । आफ्नो समितिको बैठक बोलाउन निर्देशन दिने ।

(ख) माथिल्लो समिति, आफ्नो तहको अधिवेशन, अधिवेशन प्रतिनिधि र आफ्नो समितिका निर्णयहरूको कार्यान्वयनमा नेतृत्व गर्ने ।

(ग) आफ्नो समिति, सचिवालय र अधिवेशन प्रतिनिधिको बैठकको अध्यक्षता गर्ने ।

(घ) आफ्नो समिति, अधिवेशन प्रतिनिधि र अधिवेशनमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने ।

(ङ) आय-व्ययको लेखा राख्न लगाउने ।

(च) सम्बन्धित समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

### २. उपाध्यक्षको अधिकार र कर्तव्य :

(क) अध्यक्षको काममा आवश्यक सहयोग गर्ने ।

(ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरू गर्ने ।

(ग) आफ्नो समिति र सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने ।

### ३. सचिवको अधिकार र कर्तव्य :

(क) माथिल्लो समिति, आफ्नो तहको अधिवेशन र अधिवेशन प्रतिनिधि परिषद्का निर्णय कार्यान्वयन गर्न कार्ययोजना तयार गर्ने र आफ्नो समितिसमक्ष प्रस्तुत गर्ने ।

(ख) आफ्नो समितिको कार्यालय सञ्चालन गर्ने ।

(ग) आफ्नो समितिको कार्यक्षेत्रभित्रको सङ्गठनात्मक कामको अनुगमन गर्ने, संगठनात्मक अभिलेख राख्ने ।

(घ) अध्यक्षको परामर्शमा समिति तथा अधिवेशन प्रतिनिधि परिषद् बैठकको कार्यसूची तयार गर्ने र बोलाउने ।

(ङ) आफ्नो तहको अधिवेशन, अधिवेशन प्रतिनिधि परिषद र समितिको बैठकमा सङ्गठनात्मक प्रतिवेदन पेश गर्ने ।

(च) आफ्नो समिति तथा प्रतिनिधि परिषद्का बैठक सञ्चालन गर्ने ।

(छ) आफ्नो समिति र सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने ।

## ४. उपसचिवको अधिकार र कर्तव्य :

(क) सचिवको काममा आवश्यक सहयोग गर्ने ।

(ख) सचिवले प्रत्यायोजित गरेका कार्यहरू गर्ने ।

(ग) आफ्नो समिति र सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने ।

## ५. सदस्यको अधिकार र कर्तव्य :

(क) आफ्नो समिति र सचिवालयले तोकेका कार्यहरू गर्ने ।

(ख) आफ्नो जिम्मेवारीको कार्यक्षेत्रमा आफ्नो समितिको प्रतिनिधिको हैसियतले कार्य गर्ने ।

(ग) आफ्नो कार्यक्षेत्रमा आफ्नो समिति तथा माथिल्लो समितिको निर्णय तथा निर्देशनअनुरुप पार्टीकाम विस्तार गर्ने र पार्टीलाई सुदृढ तथा एकताबद्ध बनाउने ।

भाग सात

## निर्वाचन, योग्यता, पदरिक्तता, पदपुर्ती र मनोनयन

**धारा- ९२. निर्वाचन बिधि :**

१. संगठन समितिबाहेक सबै तहका समिति महाधिवेशन वा अधिवेशनबाट निर्वाचित हुनेछन् ।

२. महाधिवेशन वा अधिवेशनबाट निर्वाचित हुने समिति वा निकायका पदाधिकारी वा सदस्यको निर्वाचन लोकतान्त्रिक विधिअनुरूप हुनेछ ।

३. केन्द्रीय समितिको पदाधिकारीमा उम्मेद्वार भएको व्यक्ति खुला तर्फको सदस्य पदको समेत उम्मेद्वार हुनेछ । मतदाताले पदाधिकारी र सदस्य पदमा उम्मेदवारी कायम रहेको व्यक्तिलाई दुवै पदमा मतदान गर्न सक्नेछन् । पदाधिकारीमा पराजित उम्मेदवारले खुला सदस्य पदमा प्राप्त गरेको मत गणना गरी परिणाम प्रकाशित गरिनेछ ।

४. निर्वाचनसम्बन्धी अन्य व्यवस्था केन्द्रीय निर्वाचन आयोगबाट पारित नियमावली बमोजिम हुनेछ ।

**धारा- ९३. निर्वाचन क्षत्र र समाबेशीकरण बिधि :**

१. महाधिवेशन र सबै तहका अधिवेशनका प्रतिनिधि तथा समितिका पदाधिकारी र सदस्यका लागि निर्वाचन गर्दा भूगोल, खुल्ला र समावेशी क्षेत्र तोकिनेछ ।

२. सबै तहका निर्वाचित समितिहरू समावेशी चरित्रका हुनेछन् र तिनमा न्यूनतम् एकतिहाइ महिला सदस्य रहनेछन् । न्यूनतम योग्यता र मापदण्ड नपुगेको अवस्थामा भने महिला सदस्य तथा समावेशी सदस्यहरूको स्थान खाली रहनेछ ।

३. सबै तहका समितिमा श्रमिक, दलित, अल्पसंख्यक, आदिवासी- जनजाति, सम्पुर्ण पिछडियका बर्ग र समितिमा आबद्ध सदस्यहरूको विशेषताअनुरूप सम्बन्धित अधिवेशनले निर्धारण गरेबमोजिम समावेशीकरण गरिनेछ ।

४. समावेशीताको आधार सामान्यतया सम्बन्धित समुदायको पार्टी सदस्य सङ्ख्यालाई बनाइनेछ ।

**धारा- ९४. पार्टी उम्मेदवारको योग्यता :**

कुनै पनि पार्टी समिति वा महादिवेसन, अधिवेसनको पदाधिकारी वा सदस्य पदको उम्मेदवार हुन देहायबमोजिमको न्यूनतम योग्यता पुरा भएको हुनुपर्नेछ :

१. राष्ट्रिय महाधिवेशनमा प्रतिनिधि चुनिनका लागि कम्तीमा १० वर्ष पार्टी सदस्य भएर काम गरेको हुनुपर्नेछ। तर महिला दलित, श्रमिक, अल्पसंख्यक, आदिवासी-जनजाति र अपाङ्गता भएका व्यक्तिले भने छ वर्ष पार्टी सदस्य भई काम गरेको भए पुग्नेछ।

२. केन्द्रीय समितिका पदाधिकारी, स्थायी समिति र अन्य सदस्यका लागि उम्मेद्वार हुन केन्द्रीय समितिको सदस्य भई एक कार्यकाल काम गरेको हुनुपर्नेछ।

३. केन्द्रीय समितिका सदस्यको उम्मेद्वार हुनका लागि कम्तीमा १० वर्ष पार्टी सदस्य भएर केन्द्रीय समिति वा केन्द्रीय निकायको सदस्य वा प्रदेश समितिको सदस्य वा केन्द्रीय विभागको सदस्य वा जिल्ला समिमिको पदाधिकारी वा जनसंगठनको केन्द्रीय पदाधिकारी भई एक कार्यकाल काम गरेको हुनुपर्नेछ। तर महिला, दलित, श्रमिक, अल्पसंख्यक, आदिवासी-जनजाति र अपाङ्गता भएका व्यक्तिको हकमा भने एक कार्यकाल जिल्ला समिति वा सोभन्दा माथिल्लो समितिको सदस्य भई काम गरेको र छ वर्ष पार्टी सदस्य भई काम गरेको भए पुग्नेछ।

४ केन्द्रीय अनुशासन समितिको सदस्य हुन केन्द्रीय समिति सदस्यको योग्यता पुगेको र पार्टीमा संलग्न भय देखी अनुशासनको कारबाहीमा नपरेको हुनुपर्नेछ।

५ केन्द्रीय लेखा परिक्षण बिभागको सदस्य हुन केन्द्रीय समिति सदस्यको योग्यता पुगेको र आर्थिक प्रशासन तथा लेखापरीक्षणका विषयमा व्यवहारिक ज्ञान भएको हुनुपर्नेछ।

६ केन्द्रीय निर्वाचन आयोगको सदस्य हुन केन्द्रीय समिति सदस्यको योग्यता पुगेको र निर्वाचनसम्बन्धी कानुनी र व्यवहारिक ज्ञान भएको हुनुपर्नेछ।

७ केन्द्रीय सल्लाह तथा परामर्स समिति सदस्य हुन केन्द्रीय समिति सदस्यको योग्यता पुगेको वा पार्टी सदस्य भई कम्तीमा १२ बर्ष काम गरेको वा दर्शनशास्त्र, राजनीतिशास्त्र, अर्थशास्त्र, समाजशास्त्र, परराष्ट्र मामिला, कानुन र विज्ञान प्रविधिजस्ता विषयको विज्ञ र ब्यवहारिक ज्ञान हुनुपर्नेछ। १० बर्स पार्टीमा संलग्न भइ अनिवार्य रुपमा काम गरेको हुनुपर्ने छ ।

८. कुनैपनी विभागको सदस्य हुन एकतह तल्लो कार्यकारी समितिको सदस्य वा सम्बन्धित विषयको विज्ञ हुनुपर्नेछ।

९. प्रदेश समितिको सदस्य हुन कम्तीमा ६ वर्ष पार्टी सदस्य भई काम गरेको र जिल्ला वा सोभन्दा माथिल्लो समिति वा विभागको सदस्य भई एक कार्यकाल काम गरेको हुनुपर्नेछ। तर महिला, दलित, श्रमिक, अल्पसंख्यक, आदिवासी जनजाति र अपाङ्गता भएका व्यक्तिको हकमा भने पार्टी सदस्य भई पाँच बर्ष काम गरेको र एक कार्यकाल जिल्ला समिति वा जनसंगठन वा विभागमा रही काम गरेको भए पुग्नेछ।

१०. जिल्ला र सो मातहतका समिति, निकाय वा विभागको पदाधिकारी तथा सदस्य पदका लागि उम्मेद्वार हुन सम्बन्धित अधिवेशनले तोकेबमोजिमको योग्यता हुनुपर्नेछ।

११. अन्य पार्टीबाट वा सामाजिक क्षेत्रमा विशिष्ट योगदान गरी पार्टीमा प्रवेश गरेका व्यक्तिको हकमा महाधिवेशन वा कुनै पनि तहको अधिवेशनमा प्रतिनिधि हुन वा कुनै पनि समितिको सदस्य पदका लागि उमेद्वार हुन पार्टी सदस्यताको अवधिसम्बन्धी व्यवस्था लागु हुने छैन।

१२. पदाधिकारी वा सदस्य पदमा निर्वाचित व्यक्तिको योग्यता पुरा भएको छैन भनी उजुरी परेमा सम्बन्धित समितिले छानवीन गर्नेछ र तोकिएको न्युनतम् योग्यता पुरा नभएको पुष्टि भएमा निज पदमुक्त हुनेछ।

**धारा- ९५. मनोनयनसम्बन्धी ब्यवस्था :**

१. केन्द्रीय समिति तथा मातहतका समितिले आफ्नो तहको महाधिवेशन वा अधिवेशनबाट निर्वाचित कूल सदस्य सङ्ख्याको १० प्रतिशतभन्दा बढी नहुने गरी सदस्य मनोनित गर्न सक्नेछन्।

२. केन्द्रीय अनुशासन समिति, केन्द्रीय लेखा परीक्षण बिभाग र केन्द्रीय निर्वाचन आयोगले आ-आफ्नो आयोगमा निर्वाचित संख्याको २० प्रतिशतभन्दा बढी नहुने गरी सदस्य मनोनयन गर्न सक्नेछन्।

३. केन्द्रीय समितिले आवश्यक ठानेमा अन्य पार्टी वा राजनीतिक समूहबाट पार्टीमा समाहित हुन आउने व्यक्तिलाई केन्द्रीय समितिमा मनोनयन गर्न सक्नेछ।

४. केन्द्रीय समिति बाहेक मातहतका समितिले माथिल्लो समितिको अनुमतिमा १० प्रतिशतमा नबढ्ने गरी अन्य पार्टी वा राजनीतिक समूहबाट पार्टीमा समाहित हुन आउने व्यक्तिलाई आफ्नो तहको समितिमा मनोनयन गर्न सक्नेछ। सो भन्दा बढी मनोनयन गर्नु परेमा केन्द्रीय समितिको पूर्व अनुमति लिनु पर्नेछ।

५. केन्द्रीय समितिले आवश्यक ठानेमा समान राजनीतिक विचारधारा भएका अन्य दलसँग एकीकरण सम्झौता गरी एकता प्रक्रियालाई अघि बढाउन सक्नेछ र सो सम्झौतामा लेखिएको कुरा यसै विधानको अभिन्न अंग मानिनेछ ।

**धारा- ९६. शपतग्रहण :**

१. पार्टीका कुनै पनि समिति वा निकायमा निर्वाचित वा मनोनित पदाधिकारी वा सदस्यले पदबहाली गर्नुअघि अनुसूची- ५ बमोजिम शपथग्रहण गर्नुपर्नेछ ।

२. निर्वाचन वा मनोनयन सम्पन्न भएपछि देहायको व्यक्तिलाई देहायका पदाधिकारीले शपथग्रहण गराउनेछ :

(क) केन्द्रीय समिति, केन्द्रीय अनुशासन समिति र केन्द्रीय लेखा परिक्षण बिभागका अध्यक्षलाई केन्द्रीय निर्वाचन आयोगको अध्यक्षले र उपाध्यक्ष, सचिव तथा सदस्यलाई सम्बन्धित बिभागका अध्यक्षले ।

ख) निर्वाचन आयोगको अध्यक्ष, केन्द्रीय अनुसन्धान तथा गुप्तचर आयोग र केन्द्रीय सल्लाह तथा परामर्स समिति अध्यक्षलाई केन्द्रीय समितिको अध्यक्षले ।

(ग) बरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, सचिव र सदस्यहरूलाई केन्द्रीय समितिको अध्यक्षले ।

(घ) प्रदेश तथा स्थानीय समितिको अध्यक्षलाई सम्बन्धित तहको निर्वाचनमा खटिएका निर्वाचन आयोगको अध्यक्ष वा आयोगका सदस्य वा प्रमुख निर्वाचन अधिकृतको रुपमा जिम्मेवारी बहन गर्ने व्यक्तिले ।

(ङ) प्रदेश तथा मातहत समितिकाका उपाध्यक्ष, सचिव, उपसचिव र सदस्यलाई सम्बन्धित समितिका अध्यक्षले ।

(च) उल्लेख गरिएबाहेक नियुक्ति वा मनोनित हुने व्यक्तिलाई नियुक्ति वा मनोनयन गर्ने समितिले वा निकायको अध्यक्ष वा प्रमुखले ।

(छ) माथि उल्लेख भएबमोजिम शपथग्रहण गराउनुपर्ने व्यक्ति कुनै कारणले अनुपस्थित भएमा निजको जिम्मेवारी बहन गर्ने व्यक्तिले ।

**धारा- ९७. पदरिक्तता :**

देहायबमोजिमको अवस्थामा कुनै पनि पदाधिकारी वा सदस्यको पद रिक्त भएको मानिनेछ :

१. अध्यक्षले बरिष्ठ उपाध्यक्ष/उपाध्यक्ष समक्ष, समिति वा निकायका अन्य पदाधिकारी तथा सदस्यले सम्बन्धित समिति वा निकायको अध्यक्षसमक्ष र सल्लाह तथा परामर्स समितिका, केन्द्रीय अनुसन्धान तथा गुप्तचर आयोग पदाधिकारी तथा सदस्यले सम्बन्धित समितिको अध्यक्ष समक्ष र मनोनयनबाट नियुक्त हुने पदाधिकारी तथा सदस्यले मनोनयन गर्ने समितिको अध्यक्षसमक्ष तथा प्रतिनिधि भेला सदस्यले सम्बन्धित तहको अध्यक्षसमक्ष राजीनामा दिएमा ।

२. तोकिएको अवधिमा पार्टी सदस्यता नवीकरण नभएमा वा सदस्यता नरहेमा ।

३. मृत्यु भएमा ।

४. कुनै पनि समिति पदाधिकारी वा सदस्यमा कार्यरत व्यक्ति अर्को समितिको पदाधिकारी वा सदस्य पदमा उम्मेद्वार भएमा । पदेन सदस्यको लागि यो व्यवस्था लागु हुनेछैन ।

५. अनुशासनको कारबाहीमा परी पदमुक्त भएमा वा उमेद्वारीको लागि आवश्यक योग्यता पुरा नभएको आधारमा पदमुक्त भएमा ।

६. महाधिवेशन वा अधिवेशनबाट निश्चित पद पछि पूर्ति हुने व्यवस्था भएमा ।

**धारा- ९८. पदपूर्ति :**

१. कुनै पनि पद रिक्त भएमा यस धाराको उपधारा २ र ३ को व्यवस्थामा प्रतिकूल असर नपर्ने गरी सम्बन्धित समिति वा निकायले त्यस्तो पदमा उमेद्वार हुनयोग्य व्यक्तिमध्येबाट उपयुक्त व्यक्तिलाई मनोनयन गर्न सक्नेछ । मातहत समितिले पदपूर्ति गर्दा एकतह माथिल्लो समितिबाट अनुमोदन गराउनुपर्नेछ । मनोनयनबाट नियुक्त भएका पदाधिकारी तथा सदस्यहरुको पदरिक्त भएमा मनोननय गर्ने समितिले पदपूर्ति गर्नेछ ।

२. अध्यक्षको पद रिक्त भएमा सम्बन्धित समितिको बैठकबाट कार्यवाहक अध्यक्ष चयन नहुँदासम्म वरिष्ठ उपाध्यक्ष/उपाध्यक्षले कार्यबाहक भई काम गर्नेछ । महासचिवको पद रिक्त भएमा सम्बन्धित समितिको बैठकबाट कार्यवाहक महासचिव चयन नहुँदासम्म पहिलो वरियताको उपमहासचिवले कार्यबाहक भई काम गर्नेछ । प्रदेश र स्थानीय समितिको सचिवको पद रिक्त भएमा सम्बन्धित समितिको बैठकबाट कार्यवाहक सचिव चयन नहुँदासम्म पहिलो वरियताको उपसचिवले कार्यवाहक भई काम गर्नेछ ।

३. आफू अनुपस्थित हुँदा आफूले गर्नुपर्ने दैनिक कामकाज संचालन गर्नका लागि अध्यक्षले उपाध्यक्षहरू मध्येबाट उपयुक्त ठानेको व्यक्तिलाई कार्यवाहक अध्यक्ष तोक्न सक्नेछ ।

४. विधान वमोजिम कुनै पनि तहको महाधिवेशन वा अधिवेशनमा पदेन प्रतिनिधि हुन पाउने गरी निर्वाचित वा मनोनित सदस्य सम्बन्धित तहको प्रतिनिधि परिषदको पदेन सदस्य हुनेछ ।

**धारा- ९९. बैठक बोलाउने बस्ने :**

पार्टीका विभिन्न तहका समिति, निकाय, परिषद् र विभागका बैठक देहायबमोजिम हुनेछन् :

१. सामान्यतया केन्द्रीय समितिको बैठक चार महिना, प्रदेश र जिल्ला समितिको बैठक दुई महिना र सो मातहतका समितिको बैठक एक महिनामा नबढाई आयोजना गर्नुपर्नेछ ।

२. सामान्यतया कार्यान्वयन समितिको बैठक तीन महिना, केन्द्रीय सचिवालयको बैठक एक महिना, कार्यालयको बैठक १५ दिन र सबै तहका विभागको बैठक दुई महिनामा नबढाई आयोजना गर्नुपर्नेछ ।

३. सबै तहका सल्लाह तथा परामर्स समितिको बैठक आवश्यकता अनुसार आयोजना गर्नुपर्नेछ ।

४. समितिका बहुमत सदस्यहरूले बैठकको माग गरेको खण्डमा केन्द्रीय समिति र मातहत समितिको बैठक एक महिनाभित्र बोलाउनुपर्नेछ ।

५. केन्द्रीय अनुशासन समिति, केन्द्रीय लेखा परीक्षण बिभाग, केन्द्रीय निर्वाचन आयोग बैठक आ-आफ्नो कायान्वयन नियमावलीमा तोकिएबमोजिम हुनेछ ।

**धारा- १००. पार्टीको बहुमतको निर्णय :**

१. राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन, अधिवेशन, प्रतिनिधि भेला र बैठकमा सबै विषयमाथि छलफल गर्दा लोकतान्त्रिक, समाजतान्त्रिक प्रक्रिया अपनाइनेछ र सम्भव भएसम्म सर्वसम्मतिले निर्णय गरिनेछ ।

२. कुनै विषयमा सर्वसम्मति कायम हुन नसकी निर्णय प्रक्रियामा मत विभाजन भएमा बहुमतको निर्णय पार्टी निर्णय हुनेछ र आवस्यक परेको खण्डमा जनमतको आधारमा निर्णय गरीने छ ।

३. निर्णयमा असहमत हुने सदस्यले आफ्नो असहमती लिखितरूपमा कमिटीमा प्रस्तुत गर्नुपर्नेछ । समितिको निर्णय पुस्तिकामा लिखितरूपमा दर्ज भएको असहमतीलाई मात्र फरक मतको मान्यता हुनेछ ।

**धारा- १०१. समानता र योग्ता :**

पार्टीको कुनै पनि निकायमा र पार्टीको तर्फबाट राज्यका कुनै पनि निकायमा नियुक्तिका लागि सिफारिस गर्दा वा मनोनीत गर्दा समानता र योग्यतालाई प्रमुख आधार मानिनेछ ।

भाग आठ

# संसदिय दल / पालिकासभा दल

**धारा- १०२. संसदिय दल :**

१. पार्टीको चुनाव चिन्ह लिई विजयी भएका तथा पछि दलको सदस्यता ग्रहण गरेका सङ्घीय संसद (प्रतिनिधिसभा र राष्ट्रियसभा)का सदस्यहरू समावेश भएको सङ्घीय संसदीय दल हुनेछ।

२. सङ्घीय संसदीय दलले आफ्नो विधान र नियमावली निर्माण गरी केन्द्रीय समितिबाट अनुमोदन गराउनेछ र सोअनुरूप कार्य गर्नेछ।

३. केन्द्रीय समितिले पार्टीको कार्यक्रम र नीतिअनुरूप सङ्घीय संसदीय दललाई नेतृत्व प्रदान गर्नेछ।

४. प्रतिनिधिसभा तथा राष्ट्रियसभाका सदस्यहरू केन्द्रीय समिति, आफू कार्यरत रहेको समिति र आफू निर्वाचित रहेको क्षेत्रप्रति उत्तरदायी हुनेछन्। पार्टीको नीति र निर्णय पालना गर्नु उनीहरूको कर्तव्य हुनेछ।

५. संसदीय दलको नेताको निर्वाचन, संसदीय बोर्डको गठन र अन्य पदाधिकारीको चयन संसदीय दलको विधानबमोजिम हुनेछ।

**धारा- १०३. प्रदेस संसदिय दल :**

१. पार्टीको चुनाव चिन्ह लिई विजयी भएका तथा पछि दलको सदस्यता ग्रहण गरेका प्रदेशसभाका सदस्यहरू समावेश भएको प्रदेशसभा संसदीय दल हुनेछ।

२. प्रदेशसभा संसदीय दलले आफ्नो विधान र नियमावली निर्माण गरी प्रदेश समितिबाट अनुमोदन गराउनेछ र सोअनुरूप कार्य गर्नेछ।

३. प्रदेश समितिले पार्टीको कार्यक्रम, नीति र केन्द्रीय समितिको निर्देशनअनुरूप प्रदेशसभा संसदीय दललाई नेतृत्व प्रदान गर्नेछ।

४. प्रदेशसभा संसदीय दलका सदस्य केन्द्रीय समिति, प्रदेश समिति, आफू कार्यरत रहेको समिति र आफू निर्वाचित रहेको क्षेत्रप्रति उत्तरदायी हुनेछ। पार्टीको नीति र निर्णयहरू पालना गर्नु उनीहरूको कर्तव्य हुनेछन्।

५. प्रदेशसभा संसदीय दलको नेताको निर्वाचन, संसदीय बोर्डको गठन र अन्य पदाधिकारीको चयन संसदीय दलको विधानबमोजिम हुनेछ ।

**धारा- १०४. पालिकासभा दल :**

१. स्थानीय तहमा निर्वाचित, मनोनित र पछि दलको सदस्यता ग्रहण गरेका जनप्रतिनिधिहरू सम्मिलित पालिकासभा दल हुनेछ ।

२. सम्बन्धित पालिकाको अध्यक्ष पालिकासभा दलको नेता हुनेछन् । निज नभएमा उपाध्यक्ष र निज पनि नभएमा सम्बन्धित पार्टी समितिले तोकेको बरिष्ठतम् जनप्रतिनिधि पालिकासभा दलको नेता हुनेछन् ।

३. जिल्ला र सम्बन्धित पालिका समितिले पालिकासभा दलमार्फत् सम्बन्धित स्थानीय तहमा कार्यरत जनप्रतिधिहरूलाई नेतृत्व प्रदान गर्नेछन् ।

४. पालिकासभा दलले सम्बन्धित पालिकाको पार्टी समितिसँग समन्वय गरी कार्य गर्नेछ ।

५. स्थानीय तहमा कार्यरत पार्टीका जनप्रतिनिधिहरू पार्टी र आफू निर्वाचित भएको क्षेत्रका जनताप्रति उत्तरदायी हुनेछन्। पार्टीको नीति र निर्णयहरू पालना गर्नु उनीहरूको कर्तव्य हुनेछ ।

**धारा- १०५. जनप्रतिनिधि फिर्ता बोलाउने अधिकार :**

आफु सम्बन्धित प्रदेस र स्थानिय क्षेत्रका साधारण सदस्यहरुलाई आफ्ना जनप्रतिनिधिले चित्त बुझ्दो काम नगरे फिर्ता बोलाउने अधिकार हुनेछ । सम्बन्धित क्षेत्रको साधारण सदस्यहरुको बहुमतको संख्याले निर्णय गरे पार्टीको केन्द्रीय समितिले सम्बन्धित जनप्रतिनिधिको पदको खारेजी प्रक्रिया सुरु गर्ने छ ।

## भाग नौ

# लोकतान्त्रिक, समाजतान्त्रिक बिधि र अनुसासनको पालना

### धारा- १०६. पार्टीको सम्पुर्ण अधिकार पार्टी सदस्यमा रहने :

प्रत्येक पार्टी सदस्य समितिको मातहत हुनेछ, अल्पमत बहुमतको मातहत हुनेछ, तल्लो समिति माथिल्लो समितिको मातहत हुनेछ, सबै सदस्य तथा समितिहरू केन्द्रीय समिति मातहत हुनेछन् र केन्द्रीय समिति राष्ट्रिय महाधिवेशनको मातहत हुनेछ। पार्टीको सार्वभौम अधिकार पार्टी सदस्यमा निहीत रहनेछ।

### धारा- १०७. लोकतान्त्रिक, समाजतान्त्रिक पद्दति अवलम्बन गरिने :

कुनै पनि मातहत समितिले माथिल्लो समितिको वा सदस्यले समितिको निर्णय र विचारप्रति आफ्नो समितिमा सब्य र सबल माध्यम बाट असहमति प्रकट गर्न पाउनेछन्। तर हरेक सदस्य वा समितिले सम्बन्धित समितिको बहुमत र माथिल्लो समितिको निर्णय पालना गर्नुपर्नेछ। बहुमतले अल्पमतलाई कदर गर्नुपर्नेछ।

### धारा- १०८. फरक मतको भेदभव नगरिने सम्मान कदर गरिने :

प्रत्येक पार्टी सदस्यले विधानको अधीनमा रही राष्ट्रिय महाधिवेशन वा अधिवेशन वा आफ्नो समितिको बैठकमा सब्य सबल ढंग बाट आफ्नो मत राख्न पाउनेछन् र फरक मतका कारण कसैप्रति भेदभाव गरिने छैन र फरक मतको कदर गरिने छ। तर फरक मत राख्नेले आफ्नो पदीय वा सङ्गठनात्मक दायित्व भने निर्वाह गरिरहनु पर्नेछ।

### धारा- १०९. फरक मतमा छलफल हुनसक्ने :

१. धारा- १०० (३) बमोजिमको फरक मतका सम्बन्धमा छलफलको माग भएमा तोकिएको प्रक्रियाअनुरूप छलफल गर्न सकिनेछ।

२. राष्ट्रिय महाधिवेशन र विधान महाधिवेशनका निर्णयसँग असहमतिका विषयहरूलाई अर्को राष्ट्रिय महाधिवेशन वा विधान महाधिवेशमा वा केन्द्रीय समितिले बहस खुला गरेको अवस्थामा तोकिएको प्रक्रियाद्वारा मात्र उठाउन पाइनेछ।

**धारा- ११०. सम्पत्ति विवरण :**

केन्द्रीय समिति, केन्द्रीय निकाय र पार्टीको तर्फबाट प्रतिनिधित्व गर्ने प्रधानमन्त्री, संघीय मन्त्री, सांसद, मुख्य मन्त्री, मन्त्री, प्रदेशसभा सदस्य, जिल्ला समन्वय समितिका प्रमुख, उप-प्रमुख, महानगर, उप-महानगर र नगरपालिकाका प्रमुख, उप-प्रमुख, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र पार्टीको तर्फ बाट सार्वजनिक पदमा नियुक्त भएका व्यक्तिले देहायबमोजिमको कर्तव्य पालना गर्नुपर्नेछ :

१. आफू निर्वाचित/मनोनित/नियुक्त भएको मितिले ६० दिनभित्र, पदमा रहँदा हरेक आर्थिक बर्षको ६० दिनभित्र र पदमुक्त भएको मितिले ६० दिनभित्र केन्द्रीय अनुशासन समितिले तोकिएको ढाँचामा सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

२. केन्द्रीय अनुशासन समितिले त्यस्तो सम्पत्ति विवरण अद्यावधिक गर्नेछ, आवश्यकता अनुसार छानवीन गर्नेछ र अस्वभाविक सम्पत्ति आर्जन गरेको प्रमाणित भएमा अनुशासनको कारबाही गर्न सम्बन्धित समितिलाइ निर्देशन दिन सक्नेछ ।

**धारा- १११. अनुशासन उल्लंघन :**

देहाय बमोजिमको कुनै अवस्थामा कुनै पार्टी सदस्य वा कुनै समितिका पदाधिकारी वा सदस्य वा समिति, आयोग वा अन्य पार्टी संयन्त्रमाथि अनुशासनको कारबाही हुनसक्नेछ :

१. पार्टीको वैधानिक व्यवस्था र निति कार्यक्रमको विपक्षमा सार्वजनिक क्रियाकलाप गरेमा ।

२. पार्टीभित्र प्रतिसोध पुर्ण गतिबिधि गरेमा वा पार्टीभित्र गुटबन्दी वा षड्यन्त्र वा विपक्षीलाई सहयोग पुऱ्याउने कार्य वा पार्टीविरुद्ध शत्रुवत् व्यवहार गरेमा ।

३. पार्टीले गरेको निर्णय उल्लङ्घन गरेमा वा पार्टीको प्रतिष्ठा र मर्यादामा आँच आउने काम गरेमा ।

४. पार्टीप्रति निष्ठा र विश्वास नरहेको भनी सार्वजनिक अभिव्यक्ति दिएमा वा सो बमोजिम क्रियाकलाप गरेमा वा पार्टीको गोपनीयता भङ्ग गरेमा ।

५. पार्टीद्वारा सञ्चालित अभियान, कार्यक्रम, आन्दोलनको विरुद्धमा गतिविधि गरेमा वा विरोधीसँग साँठगाँठ गरेमा ।

६. कुनै जनप्रतिनिधिमूलक संस्थाको निर्वाचनमा पार्टीको निर्णयविपरीत उम्मेद्वार बनेमा, पार्टीको उम्मेद्वारविरुद्ध प्रचार गरेमा वा पार्टीको उम्मेद्वारका विरुद्धमा उठ्ने अन्य कुनै उम्मेद्वारको प्रस्तावक वा समर्थक बनेमा वा त्यस्तो उम्मेद्वारको पक्षमा कुनै काम गरेमा ।

७. कुनै पनि तहको सरकार वा जनप्रतिनिधि संस्था वा पार्टीले पठाएको सार्वजनिक जिम्मेवारीमा रहँदा पार्टी निर्णय वा निर्देशनविपरीत कार्य गरेमा ।

८. नैतिक पतन देखिने फौजदारी कसुर गरेमा वा भ्रष्ट क्रियाकलाप गरेमा वा अबाञ्छित तत्वसँग साँठगाँठ गरी राष्ट्रको हीतविपरीत काम गरेमा ।

९. धारा- १०८ (१) बमोजिम सम्पत्ति विवरण नदिएमा वा झुट्ठा विवरण पेस गरेको वा स्रोत खुलाउन नचाहेमा ।

१०. पदीय आचरण वा पार्टी हीतविपरीत आर्थिक अनुशासनहीनता या पार्टी सम्पत्तिको हिनामिनामा सङ्लग्न भएमा ।

११. छुवाछूत वा जातीय भेदभाव वा लैङ्गिक हिंसाजन्य क्रियाकलाप गरेमा ।

१२. पार्टीको विधान वा नियमावलीमा पार्टी सदस्य वा पार्टी समितिलेहरूले पालन गर्नुपर्ने भनी उल्लेखित कर्तव्यको उल्लङ्घन गरेमा ।

१३. सार्वजनिक नैतिकता तथा सदाचारको उल्लंघन गरेमा वा पार्टीको गौरव माथि प्रतिकूल असर पर्ने कार्य गरेमा ।

**धारा- ११२. अनुशासनको कार्वाही :**

१. यस विधान, नियमावली वा आचारसंहिता वा निर्देशनमा उल्लेख भएको कुनै कुरा उल्लंघन गर्ने कुनै पदाधिकारी वा सदस्यलाई प्रकृति र परिणाम हेरी सम्बन्धित समितिले आलोचना गर्ने वा लिखितरूपमा आत्मालोचना गराउने वा चेतावनी दिने वा पदमा रहेर निश्चित समय काम गर्न रोक लगाउने वा पद वा सदस्यताबाट निलम्बन गर्ने वा पदबाट निष्कासनको कारबाही गर्ने वा अन्य उपयुक्त कारबाही गर्न सक्नेछ । यस्तो कारबाही मनोनयनबाट नियुक्त भएका पदाधिकारी तथा सदस्यहरुको हकमा मनोननय गर्ने समितिले गर्न सक्नेछ । जिल्ला मातहतका समितिले पार्टी सदस्यताबाट निस्कासनको सिफारिस गर्न सक्नेछन् तर पार्टी सदस्यताबाट निस्कासनको कारबाही गर्ने अधिकार पालिका समिति र सो भन्दा माथिल्लो समितिलाई हुनेछ ।

२. कुनै पनि व्यक्तिलाई कारबाही गर्नुअघि स्पष्टीकरणको मौका दिनुपर्नेछ र कारवाहीको प्रकृया ४८ घण्टा भित्र सम्पन्न हुनेछ ।

३. पार्टी सदस्यताबाट निस्कासनको कारबाही गर्दा माथिल्लो समितिको अनुमोदन अनिवार्य हुनेछ । तर केन्द्रीय समितिले कारबाही गर्दा अनुमोदन आवश्यक पर्नेछैन ।

४. कुनै पनि समितिले आफूलाई तोकिएको अधिकार र कर्तव्यको पालना नगरेमा माथिल्लो समितिले विघटन गर्न सक्नेछ र त्यस्तो निर्णय एकतह माथिल्लो समितिबाट अनुमोदन भएपछि लागू हुनेछ। मनोनयनबाट नियुक्त भएका समितिले तोकिएको अधिकार र कर्तव्यको पालना नगरेमा मनोननय गर्ने समितिले विघटन गर्न सक्नेछ।

५. बिना सूचना र बिना उचित कारण लगातार तीन पटकसम्म समितिको बैठकमा अनुपस्थित रहेमा समिति सदस्यता स्वतः समाप्त हुनेछ।

६. अनुशासनको कारवाहीस्वरूप निलम्बनमा परी फुकुवा भएको ३ महिना व्यतित गरिनसकेको पार्टी सदस्यले पार्टीको कुनै पनि तह र जनप्रतिनिधिमूलक निकायको निर्वाचनमा उम्मेद्वार हुनपाउने छैन।

७. पार्टी सदस्यताबाट निलम्बन गर्ने अधिकतम् अवधि १ बर्षसम्म हुनेछ र प्रकृति हेरी कार्वाहिको दायरा बढाउन सकिने।

८. पार्टीको चुनाव चिन्हबाट निर्वाचित वा पछि दलको सदस्यता ग्रहण गरेको कुनैपनि संसदको सदस्य वा प्रदेशसभा सदस्य वा पालिकासभा दलको सदस्यलाई कानून बमोजिम जनप्रतिनिधि लाइ पदबाट हटाउने अधिकार केन्द्रीय समितिलाई र अन्य कारबाही गर्ने अधिकार निज संगठित भएको समिति वा केन्द्रीय समितिमा निहीत हुनेछ। केन्द्रीय समितिबाहेक अन्य समितिले गरेको त्यस्तो निर्णय एकतह माथिको समितिबाट अनुमोदन भएपछि लागू हुनेछ।

९. यदी कुनै कारणवस सम्बन्धित ब्यक्ति वा समिति ४८ घण्टा भित्र स्पष्टीकरण दिन नसक्ने अवस्थामा कार्वाहीको प्रकृया सुरु हुने छ। स्पष्टीकरणको मौका दिइने छ र स्पष्टीकरणको आधारमा पद बहाल गर्ने या पुर्ण कार्वाही गर्ने सम्बन्धित समितिले निर्णय गर्ने छ।

**धारा- ११३. पुन आवेदन (पुनरावेदन) :**

कुनै पनि सदस्य वा समितिले आफूमाथि भएको कारबाही चित्त नबुझेमा एक तह माथिल्लो समितिमा वा अनुशासन समितिमा पुन आवेदन गर्न सक्नेछ। केन्द्रीय समितिको कारबाही चित्त नबुझेमा वा केन्द्रीय समितिले, प्रदेश समितिले गरेको कारबाही अनुमोदन गरेकोमा चित्त नबुझेमा त्यस्तो व्यक्तिले केन्द्रीय अनुशासन समितिमा आवेदन गर्न सक्नेछ। सदस्यताबाट वा पदबाट निश्कासन गर्ने निर्णय भएकोमा जुन समितिले निर्णय अनुमोदन गर्ने हो सो भन्दा एक तह माथिल्लो समितिमा वा अनुशासन समितिमा पुन आवेदन गर्न सकिनेछ। आवेदन सुन्ने समिति वा आयोगले सजाय सदर, बदर वा परिवर्तन गर्न सक्नेछ।

भाग दस

# पार्टीको सम्पत्ती/कोष

**धारा- ११४. पार्टी कोष :**

पार्टीको कोष देहाय बमोजिम हुनेछ :

१. पार्टी सदस्यता बाट संकलित शुल्क ।

२. सदस्य र गैर सदस्य स्वदेस वा बिदेसमा बस्ने नेपाली नागरिकबाट स्वेच्छिक प्राप्त नगद, वा जिन्सीको दान ।

३. पार्टीका तर्फ बाट संचालन हुने स्वरोजगार कार्यक्रम चलाउनका निम्ति संकलन सहयोग / चन्दा ।

४. प्रकाशन बिक्री वितरणबाट प्राप्त हुने आय ।

५. पार्टी सम्पत्तिको परिचालनबाट प्राप्त आय ।

६. विशेष कार्यक्रम वा अभियानबाट सङ्कलित आय ।

७. पार्टीको आन्तरिक र प्रारम्भिक निर्वाचनका क्रममा उम्मेदवारले स्वेच्छिक बुझाउने उम्मेदवारी शुल्क ।

८. नेपालको कानुनले राजनीतिक दललाई अर्थ सङकलन र व्यवस्थापनमा निर्दिष्ट गरेको कानुनको अधीनमा संकलन कार्य गरिनेछ ।

**धारा- ११५. पार्टीको कोष संञ्चालन :**

पार्टी कोषको सञ्चालन तथा व्यवस्थापन देहायबमोजिम हुनेछ :

१. केन्द्रीय समिति, प्रदेश समिति र स्थानीय समितिले धारा- ११२ बमोजिम आ-आफ्नो समितिको निर्णयका आधारमा स्रोत परिचालन, कोष निर्माण र खर्च तथा लेखा व्यवस्थापन गर्नेछन् ।

२. कोषको व्यवस्थापन र संचालन पार्टीको आर्थिक नियमावलि अनुसार हुनेछ ।

३. सबै तहका पार्टी समितिले आर्थिक विनियम अनुसार आफ्नो समितिको आय-व्ययको हिसाब राख्नेछन् र बार्षिक रूपमा लेखापरीक्षण गराइ आफ्नो तहको अधिवेशन तथा अधिवेशन प्रतिनिधि भेलामा पेश गर्नेछन् ।

४. पार्टीको प्रत्येक तहमा हुने नगद, आय-व्ययको व्यवस्थापन र पारदर्शिताका निम्ति बैंक खाता सञ्चालन गरिनेछ ।

५. बैंक खाता सम्बन्धित तहको समितिको निर्णयबाट मुख्य पदाधिकारीको दस्तखतबाट सञ्चालन हुनेछ ।

६. पार्टीको नाममा भएका चल अचल र जिन्सी लगायत सम्पूर्ण सम्पत्तिमा केन्द्रीय समितिको स्वामित्व हुनेछ ।

**धारा- ११६. पार्टीको अचल/जिन्सी सम्पती :**

पार्टीको नाममा भएका अचल र जिन्सीलगायत सम्पूर्ण सम्पत्तिमा केन्द्रीय समितिको स्वामित्व रहनेछ । त्यसको लगत तोकिएबमोजिम राखिनेछ । केन्द्रीय समितिको लिखित अनुमतिबिना लिइएको ऋण तथा दायित्वप्रति पार्टी जवाफदेही हुनेछैन । सम्पत्तिको परिचालन आर्थिक विनियमबमोजिम हुनेछ ।

**धारा- ११७. पारिश्रमिक र खर्च :**

पार्टी नेता तथा सदस्यलाई काममा खटाउँदा हुने पारिश्रमिक तथा खर्च व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**धारा- ११८. लेखापरीक्षण :**

१. सबै तहका समितिको आय-व्ययको हिसाब केन्द्रीय लेखा परीक्षण बिभागले तोकेबमोजिम राखिनेछ ।

२. केन्द्रीय समिति, प्रदेश समिति, जिल्ला समिति, महानगरपालिका समिति, उपमहानगरपालिका समिति, नगरपालिका समिति र पार्टीका घोषित अन्य समितिको लेखापरीक्षण केन्द्रीय तहको केन्द्रीय लेखा परीक्षण बिभागले गर्नेछ ।

३. आम्दानी तथा खर्च व्यवस्थापन र लेखापरीक्षणसम्बन्धी अन्य कार्य तोकिएबमोजिम हुनेछ ।

४. केन्द्रीय समितिले आफ्नो वा मातहत समितिमा आबद्ध सदस्यले अनुशासन उल्लंघन गरेमा त्यस्तो व्यक्तिको हस्ताक्षरबाट संचालित खाता वा मातहत समितिको नगद वा जिन्सी सम्पत्ती रोक्का राख्न र त्यसका लागि सम्बन्धित निकायमा पत्राचार गर्न सक्नेछ ।

५. पालिका वा सोभन्दा माथिल्लो तहका समितिले हरेक आर्थिक वर्षभित्र लेखापरीक्षण गराउनुपर्नेछ र अधिवेशनमा लेखापरीक्षण प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ ।

## भाग एघार

# अन्य विविध

**धारा- ११९. विधान संशोधन :**

१. केन्द्रीय समितिले विधान संशोधनसम्बन्धी लिखित प्रस्ताव विधान महाधिवेशनसमक्ष प्रस्तुत गर्नेछ ।

२. केन्द्रीय समितिले विधान महाधिवेशन शुरु हुनुभन्दा एक महिना अगावै मातहत समिति र सदस्यहरूसमक्ष विधान संशोधनसम्बन्धी प्रस्ताव छलफलका लागि पठाउनुपर्नेछ ।

३. विधानमा संशोधन पेश गर्न चाहने प्रदेश वा स्थानीय समिति वा सदस्यले लिखित सुझाव तोकिएबमोजिम केन्द्रीय समितिसमक्ष प्रस्तुत गर्नुपर्नेछ । यस्तो सुझावका सम्बन्धमा केन्द्रीय समितिले आवश्यक निर्णय गर्नेछ ।

**धारा- १२०. बिभागहरु :**

१. केन्द्रीय, प्रदेश र स्थानीय तहमा तोकिएबमोजिम विभागहरू रहनेछन् ।

२. विभाग गठन गर्ने सम्बन्धित समितिले विभागको प्रमुख, उपप्रमुख, सचिव र सदस्यहरू नियुक्त गर्नेछ ।

३. विभागअन्तर्गत विभिन्न डेस्क वा शाखाहरू गठन गर्न सकिनेछ ।

४. विभागका काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछन् ।

**धारा- १२१. जनसङ्गंगठन :**

पार्टीका घोषित जनसङ्गठनहरू पार्टीको वैचारिक तथा नीतिगत मार्गदर्शनमा परिचालित हुनेछन् । उनीहरूलाई पार्टी नीतिअनुरुप परिचालन गर्न समन्वय संयन्त्र निर्माण गरिनेछ । यसको अधिकार र कर्तव्य तोकिएबमोजिम हुनेछ ।

**धारा- १२२. संयन्त्र हरु :**

पार्टीका घोषित जनसंगठन बाहेकका सामाजिक तथा सामुदायिक संगठनहरूलाई जनता र राष्ट्रको सेवामा परिचालित गर्न सम्बन्धित पार्टी समितिले सम्बन्धित संगठनमा रहेका पार्टी सदस्य वा समर्थकहरूका बीचमा संयन्त्र गठन गर्नेछ ।

**धारा- १२३. स्वयंमसेवी :**

मानवीय समस्या तथा प्राकृतिक कारणले विपतमा परेका जनतालाई उद्दार, राहत र सेवा पुऱ्याउन केन्द्रीय समिलिले सङ्गठन निर्माण गर्नेछ । यसको नाम, संरचना, सञ्चालन विधि, अधिकार र कर्तव्य तोकिएबमोजिम हुनेछ ।

**धारा- १२४. पदेन सदस्यको काम कतर्ब्य र अधिकार :**

१. सबै तहका समिति तथा निकायहरूले आफ्नो समिति वा निकायका पदाधिकारी र सदस्यहरूको बरियताक्रम तोक्न सक्नेछन् ।

२. प्रदेश र स्थानीय तहका सल्लाह तथा परामर्स समिति अध्यक्षहरू सम्बन्धित तहको समितिको बैठकमा सहभागी हुनेछन् तर निजहरूलाई मताधिकार हुनेछैन ।

३. पदेन सदस्य भनी यस विधानमा उल्लेखित सबै सदस्यहरूलाई आफ्नो समितिबाहेक पदेन हैसियतमा सहभागी भएको माथिल्लो समितिको बैठकमा मताधिकार हुनेछैन ।

**धारा- १२५. पार्टीका ज्येष्ट नागरिक :**

१. केन्द्रीय समिति, प्रदेश समिति, जिल्ला समिति र पालिका समितिले आफ्नो तहमा पार्टीमा लामो समय योगदान गरेका र ७० बर्ष उमेर पूरा भएका सदस्यहरू रहेको पार्टी जेष्ठ नागरिक मञ्च गठन गर्नेछन् ।

२. मञ्चमा सम्बन्धित समितिले तोकेबमोजिम अध्यक्ष- १, उपाध्यक्ष- १, सचिव- १ र सदस्यहरू रहनेछन् ।

३. सम्बन्धित समितिले मञ्चका पदाधिकारी र सदस्यलाई विशेष समारोह आयोजना गरी तोकिएबमोजिमको परिचय-पत्र प्रदान गर्नेछन् ।

४. मञ्चको बैठक आवश्यकता अनुसार बस्नेछ। मञ्चका अध्यक्षले सम्बन्धित समितिको अध्यक्षसँग परामर्श गरी मञ्चको बैठक बोलाउनेछन्।

५. मञ्चका पदाधिकारी र सदस्य आफूमा रहेको ज्ञान र अनुभव नयाँ पुस्तामा हस्तान्तरण गर्न र पार्टीको पक्षमा जनमत निर्माण गर्नमा सक्रिय रहनेछन्। मञ्च सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

६. पार्टीमा दीर्घकालीन तथा आजीवन निष्ठापूर्वक सेवा गरेका ज्येष्ठ सदस्यहरूको सम्मान, सामाजिक सुरक्षा तथा आर्थिक सहयोगका लागि "ज्येष्ठ नागरिक कल्याण कोष" स्थापना गरिनेछ। उक्त कोषमार्फत पार्टीको आर्थिक क्षमता, कोषको अवस्था तथा निर्धारित मापदण्डका आधारमा योग्य ज्येष्ठ सदस्यहरूलाई मासिक ज्येष्ठ नागरिक सेवा भत्ता उपलब्ध गराइनेछ। साथै, उनीहरूको स्वास्थ्य, सम्मान, अनुभव र योगदानको संरक्षण तथा उपयोगका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

## धारा- १२६. औपचारिक कार्यक्रम :

पार्टीका औपचारिक कार्यक्रममा पार्टीको झण्डा र राष्ट्रिय झण्डाको प्रयोग गरिनेछ। यससम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

## धारा- १२७. बाधा अड्चन फुकाउने :

यस विधानको संचालन र कार्यान्वयनमा कुनै बाधा-अड्चन पर्न आएमा केन्द्रीय समितिले उक्त बाधा- अड्चन फुकाउनेछ। यसरी बाधा- अड्चन फुकाएको विषयलाई अनुमोदनका लागि त्यसपछि बस्ने विधान महाधिवेशन वा राष्ट्रिय महाधिवेशनसमक्ष प्रस्तुत गरिनेछ।

## धारा- १२८. विवाद समाधान :

१) केन्द्रीय समितिले पार्टी अध्यषको प्रस्तावमा १ जना अध्यष र १ जना सचिव सहितको कुल १५ जनाको विवाद समाधान समिति गठन गर्नेछ।

## धारा- १२९. विवाद समाधानको काम कर्तव्य र अधिकार:

१) विवाद समाधान समितिले सदस्यता सम्बन्धी समस्या, विवादको सुनुवाइ, प्रदेश समिति वा केन्द्रीय समितिको सिफारिस उपर आवश्यक छलफल तथा निर्णय गर्नुका साथै सदस्यता समेत खारेज गर्न सक्नेछ।

२) निवेदन उपर छानबिनको क्रममा समितिले विवादको पुनः सुनुवाइ गर्न सक्नेछ।

**धारा- १३०. पार्टी सदस्यले एजेण्डा उठाउन सक्ने :**

कुनै तहका समितिमा सदस्य नरहेका पार्टी सदस्यहरुले आफू सम्बन्धित वडा समिति मार्फत् पार्टीको नीति, विचार र निर्णयसँग सम्बन्धित रहेर एजेण्डा उठाउन सक्नेछ र त्यसरी उठाइएको एजेण्डा वडा समितिमा छलफल हुनुपर्नेछ । सबै तहका समितिलाई आफ्नोएक तह माथिको समितिमा एजेण्डा उठाउने अधिकार हुनेछ । वडा समितिले पालिका समिति, पालिका समितिले प्रदेश समिति र प्रदेश समितिले केन्द्रीय समितिमा पार्टीको नीति, विचार र निर्णयसँग सम्बन्धित रहेर एजेण्डा उठाउन सक्नेछ ।

**धारा- १३१. पार्टीमा युवा सहभागिता :**

पार्टीमा युवा सहभागितालाई प्रवर्द्धन गर्न पार्टीको केन्द्रीय समिति, केन्द्रीय लेखा परीक्षण बिभाग, केन्द्रीय अनुशासन समिति, पालिका समिति र वडा समितिमा कम्तिमा (३२-४०) उमोरका युवाहरुको संख्या ५८ प्रतिसत हुनुपर्नेछ ।

**धारा- १३२. जलवायु परिवर्तन :**

बिस्व जलवायु परिवतन लाइ मध्यनजर गर्दै देसलाइ कार्व मुक्त बनाउन पार्टीको सबै तहका समितिका सदस्यहरुले बोट रोपेको हुनुपर्नेछ । पार्टीका तर्फ बाट हुने बृक्षारोपण कार्यक्रमा सहभागी हुने ।

**धारा- १३३. सूचना, संचार तथा प्रचार प्रसार :**

१. प्रचार-प्रसारको काम गर्ने, सूचना संकलन गर्ने ।

२. पार्टी पुस्तकालयको सञ्चालन गर्ने, पार्टीका तर्फबाट सार्वजनिक गराउनुपर्ने विषयको सूचना प्रवाहित गर्ने तथा पार्टीमाथि लगाइएका आरोपहरूको सम्बन्धमा प्रष्ट पार्ने र खण्डन आदि गर्ने ।

३. पार्टीले भाग लिएको निर्वाचनमा निर्वाचन रणनीति तय गर्ने, निर्वाचन सामाग्रीको तयारी गरी वितरण गर्ने गराउने ।

४. प्रचार सामाग्रीलाई प्रत्येक जिल्ला, क्षेत्रीय समिति एवं गाँउ इकाइ नगर वडा टोल समितिसम्म व्यवस्थित तरिकाले पुऱ्याउने ।

५. पार्टीबाट संचालित कार्यक्रम र अभियानको निरन्तर प्रचार प्रसार गर्ने ।

**धारा- १३४. विज्ञान तथा प्रविधि :**

१. देशको समग्र विकासका निमित्त विज्ञान तथा आधुनिक प्रविधिहरुको अधिकतम उपयोग गर्ने तर्फ कार्ययोजना तयार गरी पार्टीमा राय सुझाव पेश गर्ने ।

२. समाजका सबै समुदाय र क्षेत्रमा विज्ञान र प्रविधिको पहुँच पुऱ्याउने नीति तर्जुमा गर्न पार्टीलाई सुझाव दिने ।

३. आधुनिक विज्ञान र सूचना प्रविधिको पहुँच र उपयोग समाजका हरेक क्षेत्र र वर्गमा व्यापक बनाउन आवश्यक पहल गर्ने ।

४. विज्ञान तथा सूचना प्रविधिको क्षेत्रमा भएका विकास र आविष्कारका बारेमा जानकारी राख्ने र पार्टीको कार्य संचालनमा सूचना प्रविधिको अधिकतम उपयोग गर्न आवश्यक रणनीति बनाई कार्यान्वयन गर्न पार्टीमा सुझाव दिने ।

**धारा- १३५. संस्थापन टिमको मान्यता:**

१. पार्टी स्थापनाको प्रारम्भिक चरणमा पार्टी निर्माण, संगठन विस्तार, नीति-सिद्धान्त निर्माण र निर्वाचन आयोगमा दर्ता प्रक्रियामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने व्यक्तिहरूलाई संस्थापन टिमका रूपमा मान्यता दिइनेछ।

२. संस्थापन टिमको नामावली पार्टीको आधिकारिक अभिलेखमा सुरक्षित गरिनेछ।

**धारा- १३६. संस्थापन परिषद् गठन:**

१. पार्टीको दीर्घकालीन नीति, सिद्धान्त, संगठनात्मक निरन्तरता तथा मूल उद्देश्यको संरक्षणका लागि संस्थापन परिषद् गठन गरिनेछ।

२. संस्थापन परिषद्मा संस्थापक अध्यक्षसहित विधानले तोकेका संस्थापक सदस्यहरू रहनेछन्।

**धारा- १३७. संस्थापन परिषद्को विशेष अधिकार:**

१. पार्टीको मूल सिद्धान्त, विचारधारा र राजनीतिक मार्गदर्शनको संरक्षण गर्ने।

२. विधानको मूल भावना विपरीत हुने निर्णयबारे केन्द्रीय समितिलाई सुझाव तथा पुनर्विचारका लागि निर्देशनात्मक सिफारिस गर्ने।

३. पार्टी विभाजन, पार्टीको नाम/झण्डा/चुनाव चिन्ह परिवर्तन वा पार्टीको मूल वैचारिक आधारमा ठूलो परिवर्तन गर्नुपरेमा विशेष राय दिने।

४. पार्टीमा उत्पन्न गम्भीर आन्तरिक विवाद समाधानका लागि मध्यस्थता गर्ने।

५. पार्टीको दीर्घकालीन रणनीति तथा राष्ट्रिय महत्वका विषयमा विशेष मार्गदर्शन दिने।

**धारा- १३८. संस्थापक अध्यक्षको विशेष भूमिका:**

१. संस्थापक अध्यक्ष पार्टीको संस्थापक तथा वैचारिक संरक्षकका रूपमा सम्मानित हुनेछन्।

२. संस्थापक अध्यक्षले पार्टीको मूल विचार, सिद्धान्त र संगठनात्मक एकताको संरक्षणका लागि विशेष मार्गदर्शन गर्नेछन्।

३. संस्थापक अध्यक्षको अनुपस्थितिमा विधानबमोजिम तोकिएको वरिष्ठ संस्थापक सदस्यले उक्त जिम्मेवारी निर्वाह गर्नेछ।

**धारा- १३९. संस्थापन टिमको सहभागिता:**

१. केन्द्रीय महाधिवेशन, राष्ट्रिय सम्मेलन तथा पार्टीका महत्वपूर्ण नीति निर्माण प्रक्रियामा संस्थापन टिमको संस्थागत सहभागिता सुनिश्चित गरिनेछ।

२. संस्थापन टिमका अनुभवी सदस्यहरूलाई पार्टीका महत्वपूर्ण राजनीतिक, वैचारिक तथा संगठनात्मक जिम्मेवारीमा प्राथमिकता दिन सकिनेछ।

**धारा- १४०. पार्टीको मूल संरचना परिवर्तन:**

१. पार्टीको नाम, झण्डा, चुनाव चिन्ह, मूल सिद्धान्त तथा आधारभूत राजनीतिक उद्देश्य परिवर्तन गर्न विशेष महाधिवेशनको दुईतिहाइ बहुमत आवश्यक हुनेछ।

२. यस्तो विषयमा संस्थापन परिषद्को लिखित रायसमेत अभिलेखमा राखिनेछ।

**धारा- १४१. संस्थापन परिषद्को संरक्षण:**

१. संस्थापन टिमका सदस्यलाई उनीहरूले पार्टी स्थापनामा गरेको योगदानका आधारमा विशेष सम्मान र संस्थागत संरक्षण प्रदान गरिनेछ।

२. संस्थापन टिमको योगदानलाई पार्टीको आधिकारिक इतिहास तथा दस्तावेजमा समावेश गरिनेछ।

**धारा- १४२. शक्ति सन्तुलन:**

१. संस्थापन परिषद्लाई विशेष भूमिका प्रदान गरिए पनि पार्टीको नियमित प्रशासन, आर्थिक कारोबार, निर्वाचन र संगठन सञ्चालन लोकतान्त्रिक विधि, विधान र निर्वाचित निकायबाट हुनेछ।

२. कुनै पनि विशेष अधिकार पार्टीको मूल उद्देश्य, लोकतान्त्रिक मूल्य र नेपालको प्रचलित कानूनविपरीत प्रयोग गर्न पाइने छैन।

**धारा- १४३. विशेष महाधिवेशनमा संस्थापनको भूमिका:**

पार्टीको अस्तित्व, मूल विचारधारा, संगठनात्मक एकता वा राष्ट्रिय राजनीतिक दिशामा गम्भीर संकट उत्पन्न भएमा संस्थापन टिमले विशेष महाधिवेशन बोलाउन केन्द्रीय समितिसमक्ष लिखित प्रस्ताव राख्न सक्नेछ।

**धारा- १४४. संस्थापन टिमको दीर्घकालीन संरक्षकत्व:**

संस्थापन टिम पार्टीको इतिहास, विचार र संस्थागत निरन्तरताको संरक्षक निकायका रूपमा रहनेछ।

**धारा- १४५. संस्थापन टिमको गठन, हेरफेर तथा पुनर्गठन:**

१.पार्टीको संस्थापन टिम पार्टी स्थापनाको क्रममा मूल नेतृत्व तथा संस्थापक सदस्यहरूबाट गठन भएको विशेष संस्थागत निकाय हुनेछ।

२. संस्थापन टिममा कुनै सदस्य थप गर्नुपर्ने, हटाउनुपर्ने, जिम्मेवारी परिवर्तन गर्नुपर्ने वा टिमको पुनर्गठन गर्नुपर्ने अवस्था आएमा त्यस्तो निर्णय संस्थापन टिमको बैठकबाट मात्र गर्न सकिनेछ।

३. संस्थापन टिमको संरचना, सदस्य संख्या तथा जिम्मेवारीमा हेरफेर गर्ने अधिकार केन्द्रीय समिति, प्रदेश समिति, जिल्ला समिति, महाधिवेशन वा पार्टीका अन्य नियमित निकायले प्रत्यक्ष रूपमा प्रयोग गर्न पाउने छैनन्।

४. संस्थापन टिममा नयाँ सदस्य मनोनयन, सदस्यको जिम्मेवारी हेरफेर वा सदस्यता समाप्त गर्ने निर्णय संस्थापन टिमको बैठकमा उपस्थित सदस्यहरूको कम्तीमा दुईतिहाइ बहुमतबाट हुनेछ।

५. संस्थापन टिमका कुनै सदस्यले स्वेच्छाले जिम्मेवारीबाट अलग हुन चाहेमा लिखित राजीनामा संस्थापन टिमसमक्ष पेश गर्नुपर्नेछ र सोही टिमले स्वीकृत गरेपछि मात्र पद रिक्त भएको मानिनेछ।

६. संस्थापन टिमको कुनै सदस्यको निधन, स्थायी रूपमा जिम्मेवारी निर्वाह गर्न नसक्ने अवस्था वा विधानबमोजिम अन्य कारणले पद रिक्त भएमा रिक्त पदमा नयाँ सदस्य मनोनयन गर्ने अधिकार संस्थापन टिमलाई मात्र हुनेछ।

७. संस्थापन टिमले पार्टीको मूल सिद्धान्त, विचार, उद्देश्य, संगठनात्मक एकता र संस्थागत निरन्तरताको संरक्षणका लागि आवश्यक देखेमा आफ्नो संरचना पुनर्गठन गर्न सक्नेछ।

८. संस्थापन टिमको पुनर्गठन गर्दा पार्टीको मूल संस्थापक भावना, योगदान, अनुभव, क्षमता, निष्ठा तथा पार्टीप्रतिको दीर्घकालीन प्रतिबद्धतालाई आधार मानिनेछ।

९. संस्थापन टिमको संरचना वा सदस्यतासम्बन्धी निर्णयलाई पार्टीका अन्य कुनै निकायले एकतर्फी रूपमा खारेज, संशोधन वा उल्टाउन सक्ने छैन।

१०. संस्थापन टिमसम्बन्धी विवाद उत्पन्न भएमा त्यसको प्रारम्भिक तथा अन्तिम संस्थागत समाधान गर्ने अधिकार स्वयं संस्थापन टिमलाई हुनेछ, तर त्यस्तो निर्णय नेपालको प्रचलित कानून र पार्टी विधानको मूल भावनाविपरीत हुन सक्ने छैन।

११. संस्थापन टिमले गरेका संरचनात्मक निर्णयहरू पार्टीको आधिकारिक अभिलेखमा राखिनेछन् र सम्बन्धित निकायलाई जानकारी गराइनेछ।

## अनुसूची- १

## पार्टीको झण्डा

विधानको धारा- ४ सँग सम्बन्धित पार्टीको झण्डा

पार्टी झण्डाको लम्बाई-चौडाई ३:२ अनुपातको हुनेछ । झण्डामा नेपालको झण्डामा रहेको रातो, सेतो र निलो रङ समावेस हुनेछ । मध्य भागमा गोलो घेरा भित्र दुइ हात जोडेको नमस्ते आकृती हुने छ ।



## अनुसूची- २

## पार्टीको प्रतिक/छाप

विधानको धारा- ५ सँग सम्बन्धित

दुईवटा गोलाकारको बीचमा माथिल्लो भागमा राष्ट्रिय सामाजिक पार्टी तथा तल उल्टोतर्फ स्थापित मिति लेखिएको र दुई वटा गोलाकारको बीचमा दुइ हात जोडेको नमस्ते आकृति उल्लेख रहनेछ ।

## अनुसूची- ३

# पार्टीको चुनाव चिन्ह

विधानको धारा- ६ सँग सम्बन्धित

दुइ हात जोडेको नमस्ते आकृति पार्टीको चुनाव चिन्ह रहनेछ।



**अनुसूची- ४**

## सदस्यले लिने शपथग्रहणको व्यहोरा

विधानको धारा- ८ को उपधारा ५ सँग सम्बन्धित

म ............................................... राष्ट्रिय सामाजिक पार्टीको सदस्य भएको यस अवसरमा प्रतिज्ञा गर्दछु कि म राष्ट्रिय सामाजिक पार्टीको विधान २०८३ को अधिनमा रहि नेपाली जनता, राष्ट्र, पार्टी र राष्ट्रको हितमा निरन्तर क्रियाशील र समर्पित रहनेछु। पार्टीको सिद्धान्त, कार्यक्रम र नीतिलाई दृढताकासाथ अनुशरण गर्दै पार्टी विधानलाई इमान्दारीताका साथ पालन गर्नेछु। पार्टीको गोपनीयता तथा एकता जोगाउँदै स्वच्छ एवं नैतिक आचरणयुक्त जीवन बिताउनेछु। म राष्ट्र, जनता र पार्टी प्रति बफादार रहि ईश्वरको नाममा शपथ ग्रहण गर्दछु।

राष्ट्रिय सामाजिक पार्टी- जिन्दावाद ! जिन्दावाद !!

हस्ताक्षर : ........................................................................................................

नाम : ........................................................................................................

ठेगाना : ........................................................................................................

फोन नम्बर : ........................................................................................................

पार्टी सदस्यता नम्बर : ..............................................................................................

मिति : ........................................................................................................

**अनुसूची- ५**

## पदाशिन हुदा लिने शपथग्रहणको व्यहोरा

विधानको धारा- ८३ को उपधारा १ सँग सम्बन्धित

म ............................................................ राष्ट्रिय सामाजिक पार्टीको ............................................... समिति/निकाय/विभाग/कार्यदलको............................पदको जिम्मेवारी लिइरहेको अवसरमा प्रतिज्ञा गर्दछु कि म राष्ट्रिय सामाजिक पार्टीको विधान २०८३ को अधिनमा रहि म आफ्नो पदको जिम्मेवारी बहन गदा राष्ट्रलाई सर्वोपरि मान्दै नेपाली जनता, राष्ट्र, पार्टी र राष्ट्रको हितमा निरन्तर क्रियाशील र समर्पित रहनेछु । पार्टीको सिद्धान्त, कार्यक्रम र नीतिलाई दृढताकासाथ अनुशरण गर्दै पार्टी विधानलाई इमान्दारीताका साथ पालन गर्नेछु । पार्टीको गोपनीयता तथा एकता जोगाउँदै स्वच्छ एवं नैतिक आचरणयुक्त जीवन बिताउनेछु । म राष्ट्र, जनता र पार्टी प्रति बफादार रहि ईश्वरको नाममा शपथ ग्रहण गर्दछु ।

राष्ट्रिय सामाजिक पार्टी- जिन्दावाद ! जिन्दावाद ‼

हस्ताक्षर : ..................................................................................................

नाम : ..................................................................................................

ठेगाना : ..................................................................................................

पद : ..................................................................................................

फोन नम्बर : ..................................................................................................

पार्टी सदस्यता नम्बर : ..........................................................................................

मिति : ..................................................................................................